लेखापरीक्षण प्रतिवेदन

इनरुवा नगरपालिका, सुनसरी

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

इनरुवा नगरपालिका, सुनसरी

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/94

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
इनरुवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
इनरुवा, सुनसरी ।

कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भक्तानीको एकीकत वार्षिक प्रतिवेदन, बजेट तलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग

सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सत्र) प्रयोगमा रहेको छ । नगरपालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.२४ करोड ९ लाख ४७ हजार, एकीकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ८० लाख ४० हजार, राष्ट्रपति महिला सशक्तीकरण परियोजनाको रु.८ लाख ८६ हजार र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.७ लाख ३० हजार समेत गरी रु.२५ करोड ६ लाख ३ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु.२ अर्ब १ करोड ६५ लाख २३ हजार लेखापरीक्षण गरिएकोमा रू. ५ करोड ८३ लाख २२ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.१६ लाख ५१ हजारको प्रतिक्रियाबाट फस्योंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू.४१ लाख ३९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५४ लाख १६ हजार, नियमित गर्नुपर्ने रु.४ करोड ४८ लाख ५८ हजार र पेस्की बाँकी रु.२२ लाख ५९ हजार रहेको छ। गत वर्षसम्म रु.३२ करोड ६७ लाख ५५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ३८ करोड ३४ लाख २७ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने इनरुवा नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी इनरुवा नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(बालकृष्ण थापा)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६०	२३७	५,८३,२२,४५२	०	५	१६,५०,६१९	०	६०	२३२	५,६६,७१,८३२	४१,३८,८२१	४,४८,५७,६७४	५४,१५,८८५	०	०	५,०२,७३,५६०	२२,५९,४५४

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सुनसरी	३२६७५५०००	०	०	३२६७५५०००	०	५,६६,७१,८३२	३८३४२६८३३

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	५६.2	शिक्षा तर्फः	४,१७,९५९
२	२०८०/८१	६०	राष्ट्रपती महिला सशक्तीकरण परियोजनाः	६,५०,०००
३	२०८०/८१	५२	सुशासन तथा संस्थागत विकासः	५८,५००
४	२०८०/८१	४३	सफ्टवेयर संचालनः	४,८८,१६०
५	२०८०/८१	५०	खर्च भन्दा बढी भुक्तानीः	३६,०००
जम्मा				१६,५०,६१९

(८०११४४०१३०० - इनरुवा नगरपालिका, सुनसरी)

परिचय

१ **परिचयः**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १० वडा रहेको छ भने क्षेत्रफल १८४.८९ वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदनअनुसार ७५ हजार ९ सय २० जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८। ९ देखि २०८१ ।१०।२६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- जम्मा रु. २,०१,६५,२२,५६५/९३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.७६,८४,६२२।१३ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आर्थिक बिबरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी धरौटी अन्य कोष समेत		११६९५६९१४.८१	१	चालु खर्च तथा पूँजीगत खर्च		६८९८१८३००.९४
२	राजस्व (आन्तरिक आय)		२४७९४३८३९.५६		चालु खर्च	४९८४३१५१०.४८	
	क) आन्तरिक राजस्व	१३५१८४९७६.२६			पूँजीगत खर्च	१९१३८६७९०.४६	
	ख) राजस्व बाँडफाँड	११२७५८८६३.३		२	खर्च तर्फ		२७६१७६०६८.९३
३	वित्तीय हस्तान्तरण संघ		४८४१४८८००		सामाजिक सुरक्षा खर्च	२४०९४६७४१.२	
	क) वित्तीय समानीकरण अनुदान	१५६४२६०००			गरिवसँग विश्वेश्वर खर्च	७३००००	
	ख) सशर्त अनुदान	३०२७२२८००			स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	८०४००००	
	ग) समपूरक अनुदान	१०००००००			राष्ट्रपति महिला शसक्तीकरण	८८६१००	
	घ) विशेष अनुदान	१५००००००			विविध खर्च खाता	११७४३३५२.२७	
४	प्रदेश सरकारबाट प्राप्त		३२९४००००		आकस्मिक कोष खर्च खाता	८०९५०००	
	क) वित्तीय समानीकरण अनुदान	१०९१५०००			धरौटी फिर्ता खर्च	५७३४८७५.४६	
	ख) सशर्त अनुदान	९०२५०००		३	कोषको भौज्दात तर्फ		२०१४९०७४१
	ग) समपुरक अनुदान	१३००००००			आकस्मिक कोष मौज्दात	५५९००००	
	घ) विशेष अनुदान	०			प्रकोप व्यवस्थापन कोष भौज्दात	२०७३११२.९७	
५	IPFMS को खर्च		२५०६०२८४१.२४		विभाज्य कोष भौज्दात	१४२००	

	सामाजिक सुरक्षा भत्ता	२४०९४६७४१.२४			विविध खर्च खाता भौज्दात	२३२६७७५.४२	
	गरिवसँग विश्वेश्वर	७३००००			कर्मचारी कल्याण कोष	२६००९०६.४३	
	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	८०४००००			धरौटी मौज्दात	३२५३०४८१.२१	
	राष्ट्रपति महिला शसक्तीकरण परियोजना	८८६१००			संचित कोष मौज्दात	१५६३५५२६४.८५	
६	कोष तर्फको आय धरौटी समेत		३४८९२७१५.१४				
	विविध खर्च खाता ग.२.७	१७१४३३५४.४९					
	धरौटी आय	९६६९३६२.२५					
	कर्मचारी कल्याण कोष	१२४१९९८.४					
	विपद तथा प्रकोप व्यवस्थापन कोष	१००००००					
	आकस्मिक कोष	५८३८०००					
		जम्मा	११६७४८५११०.७५		जम्मा	११६७४८५११०.८७	

३ **वित्तीय प्रतिवेदनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्न अनुसार देखिएको छः

प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	२०,७२,९४,०४८.६८	२०,७२,९४,०४८.६८	१६,९७,०६,१२१.८७	१६,९७,०६,१२१.८७
१३०००	अनुदान	५१,७०,८८,८००.००	५१,७०,८८,८००.००	५०,९०,२५,०३५.४३	५०,९०,२५,०३५.४३
१४०००	अन्य राजस्व	४,०४,८८,०८३.८८	४,०४,८८,०८३.८८	४,९८,०४,८९७.६७	४,९८,०४,८९७.६७
१५०००	विविध प्राप्ति	१,६१,७०७.००	१,६१,७०७.००	०	०
क	**कुल जम्मा प्राप्ति**	७६,५०,३२,६३९.५६	७६,५०,३२,६३९.५६	७२,८५,३६,०५४.९७	७२,८५,३६,०५४.९७
३	चालु	४९,८४,३१,५१०.४८	४९,८४,३१,५१०.४८	५३,२५,६७,६३५.९६	५३,२५,६७,६३५.९६
२१०००	पारिश्रमिक / सुविधा	३२,६९,८३,४७१.८२	३२,६९,८३,४७१.८२	३१,४१,३१,८९३.३१	३१,४१,३१,८९३.३१
२२०००	मालसामान तथा सेवाको उपयोग	१४,१०,७५,७०९.६०	१४,१०,७५,७०९.६०	१६,५४,१५,७२२.३२	१६,५४,१५,७२२.३२
२५०००	सहायता (Subsidy)	७८,९०,९७२.७५	७८,९०,९७२.७५	६६,३०,५८८.०८	६६,३०,५८८.०८
२६०००	अनुदान	६७,८५,०००.००	६७,८५,०००.००	४३,७३,०००.००	४३,७३,०००.००
२७०००	सामाजिक सुरक्षा	१८,९०,७६१.००	१८,९०,७६१.००	५५,३२,६३२.२५	५५,३२,६३२.२५
२८०००	अन्य खर्च	१,३८,०५,५९५.३१	१,३८,०५,५९५.३१	३,६४,८३,८००.००	३,६४,८३,८००.००
४	पूंजीगत	१९,१३,८६,७९१.४६	१९,१३,८६,७९१.४६	१६,३८,५८,४११.५९	१६,३८,५८,४११.५९
३१११०	भवन तथा संरचना	७७,५३,६३२.२०	७७,५३,६३२.२०	१,८२,२०,८१३.५७	१,८२,२०,८१३.५७
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	१,२०,२३,५१७.१५	१,२०,२३,५१७.१५	९२,९७,३१३.७१	९२,९७,३१३.७१
३११३०	अन्य पूँजीगत खर्च	७,९६,९७६.००	७,९६,९७६.००	५१,७०,०००.००	५१,७०,०००.००
३११४०	सुरक्षा उपकरण	४९,५००.००	४९,५००.००	५,६४,०००.००	५,६४,०००.००
३११५०	सार्वजनिक निर्माण	१६,८८,२३,७००.३९	१६,८८,२३,७००.३९	१२,३०,९४,८५५.३१	१२,३०,९४,८५५.३१
३११६०	निर्मित सरचनाको सुधार खर्च	८,९०,३११.०५	८,९०,३११.०५	१,०८,६४१.१८	१,०८,६४१.१८
३११७०	पूँजीगत सुधार खर्च	१०,४९,१५४.६७	१०,४९,१५४.६७	७४,०२,७८७.८२	७४,०२,७८७.८२
ख)	**कुल जम्मा भुक्तानी**	६८,९८,१८,३०१.९४	६८,९८,१८,३०१.९४	६९,६४,२६,०४७.५५	६९,६४,२६,०४७.५५
ग)	**बचत /कमी (ग = क-ख)**	७,५२,१४,३३७.६२	७,५२,१४,३३७.६२	३,२१,१०,००७.४२	३,२१,१०,००७.४२
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**	८६,९८,९३९.९१	८६,९८,९३९.९१	१५,३०,९०४.६०	१५,३०,९०४.६०
घ.१)	**कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी**	(१,६४,४१९.१३)	(१,६४,४१९.१३)		

ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**	८,३९,१३,२७७.५३	८,३९,१३,२७७.५३	३,३६,४०,९१२.०२	३,३६,४०,९१२.०२	
च)	**गतआ.व.को नगद तथा बैंक मौज्दात**	११,७३,३६,३६३.५५	११,७३,३६,३६३.५५	८,३६,९५,४५१.५३	८,३६,९५,४५१.५३	
छ)	**विनिमय नाफा/घाटा तथा अन्य समायोजन**					
ज)	**आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	२०,१२,४९,६४१.०८	२०,१२,४९,६४१.०८	११,७३,३६,३६३.५५	११,७३,३६,३६३.५५	

४ **स्रेस्ता भन्दा बैक घटीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा पालिकाले पेश गरेको म.ले.प.फा.नं. २७० स्रेस्ता अनुसार वर्षान्तको बाँकी रू.११,६९,५६,९१४/८१ रहेकोमा बैंक तथा नगद बाँकि रू.११,६६,५२,९१३/०७ देखिएको छ । स्रेस्ताभन्दा बैक घटी भएको रू.३,०४,००१/८ सम्बन्धमा हिसाब मिलान गर्नुपर्दछ ।

प्रमाण पेश नगरेको	३,०४,००१.८

५ **वित्तीय विवरणको यथार्थता:**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.२४,०९,४६,७४१/२४, गरिबसँग विशेश्वर कार्यक्रमको रू.७,३०,०००/-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रू. ८०,४०,०००/-, राष्ट्रपति महिला शसक्तिकरण रू. ८,८६,१००/- गरी रू.२५,०६,०२,८४१/२४ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

६ **फरक जिम्मेवारी:**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू. ११,६७,०२,९१३/०७ मौज्दात देखिएकोमा यस वर्षको एकिकृत आर्थिक विवरणमा समेत रू.११,६९,५६,९१४/८१ गत वर्षको अल्या आम्दानी जनाई आर्थिक विवरण तयार गरेको देखियो । तर कार्यालयको सुत्रले म. ले.प.फा.नं. २७० मा गत वर्षको जिम्मेवारी रकम रू. ११,७३,३६,३६३/५५ मात्र देखाएको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदन र एकिकृत आर्थिक विवरणमा उल्लेख भएको भन्दा म.ले.प. २७० मा रू. ६,३३,४५०/४८ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी घटी रकम सुत्र प्रणालीमा आम्दानी जनाई हिसाब अद्यावधिक गर्नुपर्दछ ।

७ **फरक हिसाब:**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रू.३,७९,४४८/७४, यस वर्षको प्राप्ति रू.२७,६७,९६,६१६/४७, यस वर्षको भुक्तानी रू.२७,६१,७६,०६८/९३ र बैङ्क मौज्दात रू. २,४१,०९८/८० फरक परेको छ ।

सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन	११७३३६३६३.५५	७७३७३१५७९.४७	६८९८१८३००.९४	२०, १२ , ४९ , ६४२.०८
एकीकृत आर्थिक विवरण अनुसार	११६९५६९१४.८१	१०५०५२८१९५.९४	९६५९९४३६९.८७	२०१४९०७४०.८८
फरक	३७९४४८.७४	२७६७९६६१६.४७	२७६१७६०६८.९३	२४१०९८.८

८ **खर्च विश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू.१३,५४,२६,०७५/०६, राजस्व बाँडफाँडबाट रू. ११,२७,५८,८६३/३ र अनुदानबाट रू. ५१,७०,८८,८००/- समेत रू.७६,५२,७३,७३८/३६ आम्दानी भएकोमा चालुतर्फ रू.४९,८४,३१,५१०/४८ र पूँजीगततर्फ रू.१९,१३,८६,७९०/४६ समेत रू.६८,९८,१८,३००/९४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १७.६९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रू. ९३,९४,५००/- खर्च भएको छ जुन आन्तरिक आयको ६.९४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२.२५ प्रतिशत चालु र २७.७५ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

९ **बैंक हिसाव बिबरणः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात फरक रहेको देखियो । स्रेस्ता भन्दा बैंकमा रू. ७६,६८१/६७घटी देखिएकोले उक्त रकम सम्बन्धमा यकिन गरि आम्दानी जनाएको प्रमाण पेश गर्नुपर्ने रू.

खाता	स्रेस्ताअनुसार मौज्दात रू.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रू.	फरक रू.
स्थानीय तह सञ्चित कोष खाता	१५६२७८५८३.१८	१५५८४४४७६.९७	४३४१०६.२१
जम्मा	२०१३९९८५९.२१	२०१४७६५४०.८८	४३४१०६.२१

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।

प्रमाण पेश नगरेको	४,३४,१०६

१० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

११ **आवधिक योजना:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । पालिकाले एक परामर्शदाता मार्फत नगरपालिकाको आवधिक योजना (२०८०/८१-२०८४/८५) तयार गराएकोमा उक्त योजना नगर कार्यपालिकाबाट स्वीकृत गरी लागू गर्नुपर्दछ । साथै तयार भएको उक्त योजनामा सैद्धान्तिक रुपमा

समग्र विषय वस्तु उल्लेख गरेको र आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेटमा समेत आवधिक योजनाको कुनै विषयवस्तु उल्लेख गरेको देखिएन । परामर्शदाता मार्फत तयार भएको आवधिक योजनाको विषवस्तु कार्यपालिकामा र सरोकारवालासँग छलफल तथा स्वीकृत गरी लागू गर्नुपर्दछ ।

१२ **वार्षिक खरिद योजना/गुरुयोजना:**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.१९,१३,८६,७९०/४६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१३ **बजेट तथा कार्यक्रम तर्जुमा:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१४ **बजेट पेश, पारित र अख्तियारी:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।०३।१० मा रू. ८२ करोड ३४ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१५ **प्रगति विवरण:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र दफा ७६(५) मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम चौमासिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पेश गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

१६ **योजना प्राथमिकीकरण:**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना

छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल १७३ योजनामा बजेट विनियोजन गरेको छः-

क्र.सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रू.२० लाख माथिका योजना सङ्ख्या	रू.५ लाखदेखि २० सम्मका योजना सङ्ख्या	रू.५ लाख भन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरीय	२९	१४	९	६
२	वडास्तरीय	१०६	६	३९	६१
	जम्मा	१३५	२०	४८	६७

उपर्युक्त विवरणअनुसार पालिकाले १७३ वटा योजनामा बजेट विनियोजन गरेको भएपनि १३५ साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१७ **आन्तरिक नियन्त्रण प्रणाली:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।१।३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वियन गर्न परिपत्र गरेको छ । हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागू गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्दधन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वयन गर्नु पर्दछ ।

यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन्।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।साथै अनुसूचि ८ अनुसारको अधिकारको व्यवस्थापन गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिहरु तयार गरी कार्यान्वियन गरेको पाईएको तर मध्यमकालिन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजस्वप रामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरे अनुसार पालिकाले उक्त समिति गठन गरेको पाइएको।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाइएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्च संरचना तयार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।

• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार अनलाईन प्रणाली मार्फत गर्ने गरेको पाइयो।

• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत गरेको तर लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कतिपय भुक्तानीमा भुक्तानी गर्नुको प्रयोजन नखुलाएको र खर्च लेखिएको गोश्वारा भौचरमा जिम्मेवार व्यक्तिको दस्तखत नभएको ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्नेमा सो नगरेको ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइयो ।

• वातावरणको संरक्षणको लागि एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

• भ्रमण अभिलेख नराखेको तथा भ्रमण प्रतिवेदन तयार नगरेको ।

• कार्यक्रम कार्ययोजना तथा लागत अनुमान तयार/स्वीकृत नगरी पेश्की दिने गरेको ।

• गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १ ख बमोजिमको मासिक अनुगमन भत्ता लिदा पदाधिकारीले अनुगमन तयार गरी पेश गर्ने नगरेको ।

१८ त्रैमासिक पूँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू.१६,३८,५८,४११/- निकासा भएकोमा प्रथम त्रैमासिकमा रू. १,८६,९७,२७३/६१ (९.७७ प्रतिशत), दोस्रो त्रैमासिकमा रू. ३,३६,३९,३६०/६१ (१७.५८ प्रतिशत), तेस्रो त्रैमासिकमा रू. ४,४०,८७,२९५/४१ (२३ प्रतिशत) र चौथो त्रैमासिकमा रू.९,४९,६२,८६०/८३(४९.६३ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू. ५,७१,५४,२८३/७५ (२९.८६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ:-

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पूँजीगत खर्चतर्फ	१९, १३ , ८६ , ७९०.४६	१८६९७२७३.६१	३३६३९३६०.६१	४४०८७२९५.४१	९४९६२८६०.८३	५७१५४२८३.७५
प्रतिशत	१००	९.७७	१७.५८	२३	४९.६३	२९.८६

१९ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ :-

मुख्य क्षेत्र	वार्षिक बजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	९३१७४५००.	७७७३१५३३.४५	८३.४३
सामाजिक विकास	२८१३००१५७.५	२४५२२९१९०.३५	८७.१८
पूर्वाधार विकास	२०२३६७५३१.११	१३७२०२७३६.८१	६७.८
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१६६६११०४	१२८७१६४६.६२	७७.२६
कार्यालय सञ्चालन तथा प्रशासनिक	२४२३८३९९९.०६	२१६७८३१९३.७१	८९.४४
जम्मा	८३५८८७२९१.६७	६८९८१८३००.९४	

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय सञ्चालन तथा प्रशासनिक सबैभन्दा बढी ८९.४४ प्रतिशत र पूर्वाधार विकास सबै भन्दा घटी ६७.८ प्रतिशत खर्च रहेको छ । सवै भन्दा बढी खर्च सामाजिक विकास रु. २४, ५२ , २९ , १९० / ३५ तथा सवैभन्दा कम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा रु. १, २८ , ७१ , ६४६ / ६२ रहेको छ ।

२० जिन्सी निरीक्षणः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२१ सवारी साधन खरिदः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ ।पालिकाले यस बर्ष देहाय बमोजिम सवारी साधन खरिद गरेको पाइयो ।

सि न	सवारी साधनको नाम	खरिद संख्या	खरिद मूल्य	प्रयोग गर्ने पदाधिकारी
१	स्कुटर	१	२५०३५३	वडा नं १ को वडा अध्यक्ष प्रमोद कुमार पोखरेल
२	सिटि सफारी	१	४१६६४०	सरसफाई वडा नं.६ वडा कार्यालय
		जम्मा	६६६९९३	

२२ **जिन्सी व्यवस्थापनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(५) मा कार्यालयले आवश्यकता भन्दा बढी जिन्सी सामग्री खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले आवश्यकता भन्दा वढी जिन्सी सामग्री खरिद गरी एउटै कर्मचारीलाई एक भन्दा वढी जिन्सी सामग्री हस्तान्तरण गरेको देखियो। कर्मचारीको कार्य प्रकृति अनुसार जिन्सी सामग्रीको आवश्यकता पहिचान गरेर सामग्री हस्तान्तरण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । एक भन्दा वढी सामग्री लिएका कर्मचारीबाट उक्त सामग्री फिर्ता लिनुपर्दछ । केहि उदाहरणः

कर्मचारीको नाम	जिन्सी सामग्री	परिणाम
अधिकृत छैटौं श्री निखिल पोखरेल	ल्यापटप	२
रोजगार संयोजक श्री आशिस भट्टराई	ल्यापटप	२
कार्यक्रम संयोजक सामी श्री धिरज भट्टराई	ल्यापटप	२

२३ **एकमुष्ट बजेटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को २ मा बजेट पेश तथा पारित गर्ने बिषयमा आगामी आर्थिक बर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित बिबरण माथि छलफल गरि पारित हुने बजेटमा एकमुष्ट रकम राख्न मिल्ने देखिदैन । यसै गरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम १६ को उप नियम १८ मा कार्यालयले बजेट तर्जुमा गर्दा आगामी आर्थिक बर्षमा कार्यान्वयन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत बजेटमा समावेश गर्नु पर्ने व्यवस्थाबाट पनि एकमुष्ट बजेट राख्न मिल्ने देखिदैन । पालिकाले यो वर्ष निम्नानुसार रू. १,००,००,०००/- एकमुष्ट बजेट व्यवस्था गरी नगर प्रमुखको तोक आदेश तथा विभिन्न मितिको कार्यपालिकाको बैठक द्वारा निर्णयगरी खर्च गरेको देखियो । बजेट एकमुष्ट राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

२४ **पालिकाको मोटर निजी नम्बरमाः**

पालिकाकाले उपलब्ध गराएको सवारी साधनको बिबरण अनुशार देहायका मोटर साइकलहरु पालिकाको स्वामित्वमा रहेको पाइएन । उल्लेखित सामानहरु पालिकाको नाममा नामसारी गरि जिन्सी सामानको प्रयोग गर्नु पर्दछ ।

सि नं	मोटर साइकल नं	बुझिलिने पदाधिकारी	कम्पनी / मोडल	स्वामित्व
१	को ३२ प ३७५१	इलेक्ट्रिसियन कृष्ण देव मेहता	बजाज पल्सर २२० सि.सि.	रानु अटो सेन्टर इनरुवा
२	बा २७ प ६५१३	ड्राइभर दिपेश मेहता	बजाज डिस्कोभर	संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय सिंहदरबार
३	को ३८ प ९२९३	वडा अध्यक्ष वड नं १० खलिल अख्तर	पल्सर १५० टि.डि.	रानु अटो सेन्टर इनरुवा
४	को २७ प १८	ड्राइभर हेम बहादुर थापा मगर	हिरो डिलक्स	गृह लक्ष्मि अटो सेन्टर
५	को ३३ प २८१	वडा अध्यक्ष वड नं ८ अशोक शाह	पल्सर २०० एन.एस	रानु अटो सेन्टर इनरुवा
६	बा २ ब ५१३	ड्राइभर सुरेश मेहता	बजाज पल्सर १५० सि.सि.	संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय सिंहदरबार
७	बा २ ब ५१५	ड्राइभर दिलीप खत्वे	होन्डा स्पेन्डर १०० सि.सि.	संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय सिंहदरबार

२५ **धरौटीको हिसाव मिलनः**

पालिकाले आर्थिक कारोबारको हिसाव मिलान गरि वित्तिय प्रतिवेदन तयार हुनु पर्दछ । पालिकाले तयार गरेको एकिकृत आर्थिक बिबरणमा यस बर्षको धरौटी आम्दानी रू. ९६,६९,३६२/६२ र सुत्र अनुसारको धरौटी खातामा यस बर्षको आम्दानीमा रू. ९०,९४,७८९/४० देखिन्छ । स्रेस्ता भन्दा बढी रू. ५,७४,५७३/२२ आम्दानी बढी देखाएको रकम एकिन गरि हिसाव मिलान हुनुपर्दछ ।

२६ **सेवाप्रवाहको स्थिति**

: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	१३३
पञ्जिकरणतर्फ	
जन्मदर्ता	१८४८
मृत्युदर्ता	५१०
बसाईसराई आएको	५६०
बसाईसराई गएको	६३४
विवाह दर्ता	७०५
सम्बन्धविच्छेद दर्ता	२९
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	४.६ कि.मि.
कालोपत्रे सडक मर्मत	७०० मिटर
ग्राभेल सडक निर्माण	७.५ कि.मि.
ढल तथा नाला निर्माण	५.४ कि.मि.
इन्टरलक टायल निर्माण	१.१ कि.मि.

२७ **इन्धन खर्चः**

प्रदेश नं. १ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष इन्धन (कार्यालय तथा पदाधिकारी, सरसफाइ र इन्धन अन्य प्रयोजन) मा रू.१,०८,३६,६९२/- खर्च गरेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकामा २ बारुण यन्त्र, २ व्याकहो लोडर, ४ साना सवारी, ३ ट्र्याक्टर र ३५ मोटर साइकल रहेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राखि इन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२८ **आर्थिक सहायता:**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रू. ३४,३४,०००/- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रू. १३,५१,८४,९७६/२६ को २.५४ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२९ **कानून र सञ्चालन स्थिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, १ वटा नियमावली, २७ कार्यविधि आचार संहिता ३ रणनीति ३ गरि जम्मा ४४ कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

३० **अनुदानको अनुगमन:**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

३१ **सहकारी नियमन:**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र वटा ६३ सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३२ **तलवी प्रतिवेदन:**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३६ कर्मचारीको रू. २,६०,३३,७९१/१० र पालिकाका ४५ कर्मचारीको रू. ३,०१,१०,९०३/९४ समेत रू. ५,६१,४४,६९५/०४ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३३ **कर्मचारी व्यवस्था:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रू. १,१३,३२,३९९/ भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियम सम्मत नदेखिएको रू.

पद	नियुक्ति संख्या	तलव भत्ता रू.
इन्जिनियर	१	५६७९५७
सब इन्जिनियर	३	१३५४४७०
अ.सब इन्जिनियर	१	४२७७२६
सहायक चौथो	२१	८९८२२४६
जम्मा		११३३२३९९

अनियमित भएको	१,१३,३२,३९९

३४ **अवकास कोष:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी अवकास कोषमा रू. ५०,००,०००/-, पदाधिकारीको योगदानमा आधारित बीमा कोषमा रू.

५०,०००/- र कर्मचारीको योगदानमा आधारित बीमा कोषमा रू.५०,०००/- विनियोजन गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गरेको रकम कार्यविधि बनाएर मात्र खर्च गर्नुपर्दछ ।

३५ **सार्वजनिक परीक्षण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

३६ **मर्मत संभार कोष:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था छ । विभिन्न योजना सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ ।

३७ **आन्तरिक लेखापरीक्षण:**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था उल्लेख छ । पालिकाको आर्थिक वर्ष २०८०।८१ को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छ । बर्षान्तमा एकपटक आन्तरिक लेखापरीक्षण गरि अन्तिम लेखापरीक्षणको केहि समय अगाडीमात्र प्रतिवेदन दिएको पाईयो । यसरी ऐनको पालना गरि आन्तरिक लेखापरीक्षण त्यसको कार्यान्वियन गर्नु पर्दछ ।

३८ **वितरणमुखि खर्चः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने लगायतको विषयलाई प्राथमिकता दिई योजना तथा कार्यक्रम बनाउनु पर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनौटगरी परीक्षण गर्दा निम्नानुसार धर्म संस्कृति तथा चाडपर्वलाई आर्थिक सहयोग वितरणको कार्यक्रम स्वीकृत गरी विभिन्न क्लब, व्यक्ति, समुह तथा समितिलाई रकम सहयोग वितरण गरेको देखियो । यस प्रकारको सहयोग वितरण गर्ने सम्बन्धमा कुनै कार्यविधि तथा मापदण्ड बनाई स्वीकृत गरेको समेत देखिएन । यस प्रकारको विविध व्यक्ति तथा समूहलाई नगद आर्थिक सहयोग वितरण नगरी स्थानीय चाडपर्व, कला, संस्कृतिको पहिचान गरी योजनागत रुपमा सोको संरक्षण तथा सम्बर्द्धन गर्नेगरी खर्चमा मितव्ययिता कायमगर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

भौ नं/ मिति	बजेट शीर्षक	भुक्तानी पाउने	रकम	कैफियत
५१५।८।२१	धर्म संस्कृति जगेर्ना कार्यक्रम	दुर्गा पुजा समिति इनरुवा ६ मधेशा	४०,०००	
५८२।।९।२	अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम	सगरमाथा अपाङ्ग संघ	६१,२६५	
५८५।९।२	काली मन्दिर पुजा खर्च	गुपेन्द्र कुमार चौधरी	२,५०,०००	
६३२।९।२०	धार्मिका तथा सांस्कृतिक संस्था सहायता	भगवती मन्दिर (दुर्गा पुजा बापत)	६०,०००	
७०६।९।२३	धार्मिका तथा सांस्कृतिक संस्था सहायता	झीगु नेवा समाज	५०,०००	
७०४, ७११/२०८०९।२३समेत	धार्मिक तथा सांस्कृतिक संस्था सहायता	थारु कल्याणकारी संस्था (जितिया पर्व)	४००,०००	प्रति वडा रु ४०,००० का दरले
७११।९।२३	धार्मिका तथा सांस्कृतिक संस्था सहायता	पुष्पादेवी मैनाली फुयाल वडा नं २ (जितिया पर्व)	४०,०००	
७८८।१०।२३	धार्मिका तथा सांस्कृतिक संस्था सहायता	श्री दुर्गा मन्दिर संचालक समिति	१,५०,०००	

३९ **पेश्की बाँकी:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्यादभित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार पेश्की दिएको रकम रू. २२५९४५४।- आर्थिक वर्षको अन्त्य सम्मपनि फर्स्यौट नभई बाँकी रहेको देखियो। म्याद नाघेको पेश्की रकम नियमानुसार फर्स्यौट गर्नुपर्दछ ।

सि.न	पेश्की लिनेको नाम	प्रयोजन/विवरण	पेश्की लिएको मिति	पेश्की रकम
१	सहायक चौथौ श्री प्रसाद मेहता	इन्धन (कार्यालय प्रयोजन)	०२/२३/२०८०	१०००००
२	सहायक चौथौ श्री प्रसाद मेहता	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	०२/२३/२०८१	२००००
३	सहायक चौथौ श्री प्रसाद मेहता	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	०२/२३/२०८१	३००००
४	सहायक चौथौ श्री प्रसाद मेहता	मसलन्द तथा कार्यालय सामग्री	०२/२३/२०८१	४००००
५	सहायक चौथौ श्री प्रसाद मेहता	विविध खर्च	०२/२३/२०८१	९१५५५
६	अधिकृत छैठौं प्रदिप मण्डल	अन्य कार्यालय संचालन खर्च	२०८१/०२/३२	४००००
७	अधिकृत छैठौं प्रदिप मण्डल	इन्धन (कार्यालय प्रयोजन)	२०८१/०२/३२	१००००
८	अधिकृत छैठौं प्रदिप मण्डल	इन्धन (पदाधिकारी)	२०८१/०२/३२	७००००
९	अधिकृत छैठौं प्रदिप मण्डल	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	२०८१/०२/३२	२००००
१०	अधिकृत छैठौं प्रदिप मण्डल	पानी तथा बिजुली	२०८१/०२/३२	२००००
११	अधिकृत छैठौं प्रदिप मण्डल	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	२०८१/०२/३२	२००००
१२	अधिकृत छैठौं प्रदिप मण्डल	मसलन्द तथा कार्यालय सामग्री	२०८१/०२/३२	४००००
१३	अधिकृत छैठौं प्रदिप मण्डल	विविध खर्च	२०८१/०२/३२	१६००००
१४	अधिकृत छैठौं प्रदिप मण्डल	संचार महसुल	२०८१/०२/३२	२००००
१५	अधिकृत छैठौं सुर्य कुमार नेपाल	अन्य कार्यालय संचालन खर्च	०३/२२/२०८१	२००००
१६	अधिकृत छैठौं सुर्य कुमार नेपाल	इन्धन - अन्य प्रयोजन	०३/२२/२०८१	४५००
१७	अधिकृत छैठौं सुर्य कुमार नेपाल	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	०३/२२/२०८१	१००००
१८	अधिकृत छैठौं सुर्य कुमार नेपाल	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	०३/२२/२०८१	१००००
१९	अधिकृत छैठौं सुर्य कुमार नेपाल	मसलन्द तथा कार्यालय सामग्री	०३/२२/२०८१	२००००
२०	अधिकृत छैठौं सुर्य कुमार नेपाल	विविध खर्च	०३/२२/२०८१	२०५००
२१	अधिकृत छैठौं सुर्य कुमार नेपाल	संचार तथा विद्युत महसुल	०३/२२/२०८१	५०००
२२	अधिकृत छैठौं सुर्य कुमार नेपाल	अन्य कार्यालय संचालन खर्च	०३/२२/२०८१	२००००
२३	अधिकृत छैठौं सुर्य कुमार नेपाल	इन्धन - अन्य प्रयोजन	०३/२२/२०८१	४५००
२४	अधिकृत छैठौं सुर्य कुमार नेपाल	इन्धन (पदाधिकारी	०३/२२/२०८१	१००००
२५	अधिकृत छैठौं सुर्य कुमार नेपाल	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	०३/२२/२०८१	१००००
२६	अधिकृत छैठौं सुर्य कुमार नेपाल	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	०३/२२/२०८१	१००००
२७	अधिकृत छैठौं सुर्य कुमार नेपाल	मसलन्द तथा कार्यालय सामग्री	०३/२२/२०८१	२००००
२८	अधिकृत छैठौं सुर्य कुमार नेपाल	विविध खर्च	०३/२२/२०८१	२०५००

२९	अधिकृत छैठौं सुर्य कुमार नेपाल	विविध खर्च	०३/२२/२०८१	५०००
३०	अधिकृत छैठौं सुर्य कुमार नेपाल	संचार तथा विद्युत महसुल	०३/२२/२०८१	५०००
३१	अधिकृत छैठौं प्रदिप मण्डल	अन्य कार्यालय संचालन खर्च	०३/२२/२०८१	५०००
३२	अधिकृत छैठौं प्रदिप मण्डल	इन्धन (कार्यालय प्रयोजन)	०३/२२/२०८१	७५००
३३	अधिकृत छैठौं प्रदिप मण्डल	इन्धन (पदाधिकारी)	०३/२२/२०८१	४००००
३४	अधिकृत छैठौं प्रदिप मण्डल	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	०३/२२/२०८१	२५००
३५	अधिकृत छैठौं प्रदिप मण्डल	पानी तथा बिजुली	०३/२२/२०८१	२५००
३६	अधिकृत छैठौं प्रदिप मण्डल	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	०३/२२/२०८१	७५०
३७	अधिकृत छैठौं प्रदिप मण्डल	मसलन्द तथा कार्यालय सामग्री	०३/२२/२०८१	५०००
३८	अधिकृत छैठौं प्रदिप मण्डल	विविध खर्च	०३/२२/२०८१	१०७२६
३९	अधिकृत छैठौं प्रदिप मण्डल	संचार महसुल	०३/२२/२०८१	२५००
४०	अधिकृत छैठौं प्रदिप मण्डल	अन्य कार्यालय संचालन खर्च	०३/२२/२०८१	५०००
४१	अधिकृत छैठौं प्रदिप मण्डल	इन्धन (कार्यालय प्रयोजन)	०३/२२/२०८१	७५००
४२	अधिकृत छैठौं प्रदिप मण्डल	इन्धन (पदाधिकारी)	०३/२२/२०८१	४००००
४३	अधिकृत छैठौं प्रदिप मण्डल	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	०३/२२/२०८१	२५००
४४	अधिकृत छैठौं प्रदिप मण्डल	पानी तथा बिजुली	०३/२२/२०८१	२५००
४५	अधिकृत छैठौं प्रदिप मण्डल	मसलन्द तथा कार्यालय सामग्री	०३/२२/२०८१	५०००
४६	अधिकृत छैठौं प्रदिप मण्डल	विविध खर्च	०३/२२/२०८१	१०७२६
४७	अधिकृत छैठौं प्रदिप मण्डल	संचार महसुल	०३/२२/२०८१	२५००
४८	सहायक चौथौ श्री प्रसाद मेहता	अन्य कार्यालय संचालन खर्च	०३/२२/२०८१	२६००
४९	सहायक चौथौ श्री प्रसाद मेहता	इन्धन (कार्यालय प्रयोजन)	०३/२२/२०८१	४००००
५०	सहायक चौथौ श्री प्रसाद मेहता	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	०३/२२/२०८१	५०००
५१	सहायक चौथौ श्री प्रसाद मेहता	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च मसलन्द तथा कार्यालय सामग्री	०३/२२/२०८१	८३००
५२	सहायक चौथौ श्री प्रसाद मेहता	मसलन्द तथा कार्यालय सामग्री	०३/२२/२०८१	१००००
५३	सहायक चौथौ श्री प्रसाद मेहता	विविध खर्च	०३/२२/२०८१	२४००
५४	सहायक चौथौ श्री प्रसाद मेहता	अन्य कार्यालय संचालन खर्च	०३/२२/२०८१	२८५५
५५	सहायक चौथौ श्री प्रसाद मेहता	इन्धन (कार्यालय प्रयोजन)	०३/२२/२०८१	४००००
५६	सहायक चौथौ श्री प्रसाद मेहता	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	०३/२२/२०८१	५०००
५७	सहायक चौथौ श्री प्रसाद मेहता	मेशिनरी तथा औजार मर्मत सम्भार तथा	०३/२२/२०८१	८३००

		सञ्चालन खर्च		
५८	सहायक चौथौ श्री प्रसाद मेहता	मसलन्द तथा कार्यालय सामग्री	०३/२२/२०८१	१००००
५९	सहायक चौथौ श्री प्रसाद मेहता	विविध खर्च	०३/२२/२०८१	२३४२
			जम्मा	११६५५५४
	ठेक्केदार पेश्की			
६०	जाल्पापुर मुस्लिम निर्माण सेवा	सडक निर्माण	२६/२०८०/०७/२१	२०००००
६१	सन्सारी आर्किटेक एण्ड विल्डर्स प्रा.लि.	इनरुवा नगरपालिकाको परिसर भित्रको भवनमा तल्ला थप	१०/२१/२०८०	१८५०००
६२	समिक्षा निर्माण सेवा	वडा नं ४ अजिम हाजिमको घर देखि अगाडी जाने बाटोमा ड्रेन निर्माण कार्य	०१/०७/२०८१	१४००००
६३	डिग्री निर्माण सेवा	इनरुवा-५ आदर्श टोल भरत दाहालको घरदेखि दक्षिण जाने सडक निर्माण	०१/२०/२०८१	१४३०००
६४	डिग्री निर्माण सेवा	इनरुवा नगरपालिका १ नं. वडा कार्यालय देखि पुर्व बाट कार्यालय देखी पुर्व बाट गौतम झाको घर जाने बाटोमा ग्राभेल तथा दुवै तर्फ पक्कि नाला निर्माण कार्य	०२/०९/२०८१	९९०००
६५	न्यु मंसुरी निर्माण सेवा	कुशवाहा समाज भवल निर्माण कार्य , इनरुवा २	०२/०९/२०८१	१०४०००
६६	साथी कन्सट्रक्शन एण्ड सप्लायर्स प्रा.लि.	सरस्वती मा.वि.को भौतिक पुर्वाधार तथा अधुरो भवन निर्माण गर्ने कार्य , इनरुवा	०२/१७/२०८१	१४६९००
६७	न्यु मंसुरी निर्माण सेवा	कुशवाहा समाज भवल निर्माण कार्य , इनरुवा २	०३/१३/२०८१	७६०००
			जम्मा	१०९३९००
			कुल जम्मा	२२५९४५४

पेश्की	२२,५९,४५४

४० **कार्यपालिका बैठक भत्ताः**

गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ बमोजिम नगर कार्यपालिकाका पदाधिकारीहरुले यही ऐनको अनुसुची १ मा उल्लेख भएबमोजिम प्रति बैठक रु १००० का दरले बैठकमा उपस्थित भएको दिनको बैठक भत्ता पाउने व्यस्था छ।सोही प्रावधान बमोजिम यस इनरुवा नगरपालिकाले पनि नगर कार्यपालिकाको बैठक बसेको दिनको रु १००० का दरले मासिक बढीमा तीन वटा बैठकको दरले बार्षिक ३६ वटा बैठकको भत्ता भुक्तानी गरेको देखिन्छ । पालिकाबाट पेश भएको कार्यपालिकाको माइन्युट बुक परीक्षण गर्दा तपशीलमा उल्लेखित पदाधिकारीहरु कार्यपालिकाको बैठकमा उपस्थित नभएको दिनको पनि भुक्तानी गरेको देखियो । अतः तपशीलमा उल्लेखित पदाधिकारीहरुको बैठकमा उपस्थित नभएको दिनको भुक्तानी भएको बैठक भत्ता पारिश्रमिक कर कट्टा पश्चात बाँकी हुने रकम रु.६२०५०।- असुल गरी पालिकाको संचित कोषमा दाखिला हुनुपर्दछ ।

क्र.सं.	पदाधिकारीको नाम	पद	भत्ता दर	उपस्थितभएको बैठक संख्या	भत्ता भुक्तानी भएको संख्या	बढी भुक्तानी असुल गर्नुपर्ने	असुल गर्नुपर्ने रकम
१	विनिता कुमारी मेहता	उपप्रमुख	१०००	३०	३६	६०००	५१००
२	प्रमोद कुमार पोखरेल	वडाध्यक्ष	१०००	३५	३६	१०००	८५०
३	विश्वनाथ ठाकुर	वडाध्यक्ष	१०००	२९	३६	७०००	५९५०
४	रमेश कुमार श्रेष्ठ	वडाध्यक्ष	१०००	३०	३६	६०००	५१००
५	बौवा लाल मेहता	वडाध्यक्ष	१०००	३३	३६	३०००	२५५०
६	अनिल कुमार पोखरेल	वडाध्यक्ष	१०००	२६	३६	१००००	८५००
७	सुमन थापा	वडाध्यक्ष	१०००	२०	३६	१६०००	१३६००
८	हिम्मत सिं खवास	वडाध्यक्ष	१०००	३०	३६	६०००	५१००
९	असोक कुमार साह	वडाध्यक्ष	१०००	३३	३६	३०००	२५५०
१०	बसिर सुद्दिन मंसुरी	वडाध्यक्ष	१०००	३१	३६	५०००	४२५०
११	रन्जु पौडेल	का.पा.सदस्य	१०००	३३	३६	३०००	२५५०
१२	सविता सुवेदी	का.पा.सदस्य	१०००	३४	३६	२०००	१७००
१३	रम्भुदेवी सरदार	का.पा.सदस्य	१०००	३४	३६	२०००	१७००
१४	झनझनी चौधरी भोर	का.पा.सदस्य	१०००	३३	३६	३०००	२५५०
जम्मा				४३१	५०४	७३,०००	६२०५०
						असुल गर्नुपर्ने	६२,०५०

४१ **विद्युत महशुल भुक्तानीः** (१२५/२०८०-११-६):

प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्ययितासम्बन्धी निर्देशिका, २०७९ को दफा २१ को उपदफा २ मा पानी, बिजुली र टेलिफोनको महसुल मिटर रिडिङ्गपछि तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमानुसारको छुट सुविधा लिने । त्यस्तै, उपदफा ३ मा पानी, विजुली र टेलिफोन मितव्ययी ढंगले प्रयोग नगरी विनियोजित बजेटभन्दा बढी खर्च भई बक्यौता रहेमा वा समयमा महसुल नतिरी जरिवाना तिर्नु परेमा कार्यालय प्रमुख र लेखा प्रमुख नै जिम्मेवार हुने व्यवस्था छ । पालिकाले विजुलीको महसुल भुक्तानी गर्दा रिवेट (छुट) लिनुपर्नेमा जरिवानाको रकम समेत भुक्तानी गरेको पाइयो । यस प्रवृत्तिबाट पालिकालाई थप व्ययभार पर्ने हुँदा आगामी दिनमा महसुल भुक्तानी गर्दा रिवेट (छुट) लिने गरी गर्नुपर्दछ । एक उदाहरणः

क्र. सं.	नियमित विल रकम	२५% विलम्ब शुल्क	कूल विल रकम
१	८४०००	२१०००	१०५०००

४२ **सिलाइकटाइ प्रशिक्षकः**

पालिकाले सिलाइकटाई प्रशिक्षकको रुपमा चार जना कर्मचारीलाई करारमा राखी मासिक रु १५००० का दरले चाडपर्व खर्च समेत बार्षिक रु ७८०,००० खर्च लेखेको छ । यसरी मासिक रुपमा तलब भत्ता खानेगरी कर्मचारी नियुक्ती गर्दा १२ महिना भर यस पालिकामा सिलाईकटाइ तालिम हुनुपर्ने देखिन्छ । तर त्यसरी तालिम संचालन गरेको र उक्त तालिम कार्यक्रमबाट लाभान्वित भएका प्रशिक्षार्थीको विवरण, प्रगति प्रतिवेदन एवं अनुगमन प्रतिवेदन समेत पेश हुन सकेन । अतः पालिकाको स्वीकृत दरबन्दी भित्र नभएका पदमा कर्मचारी नियुक्त गरी तलब भत्तामा खर्च लेखेको नियमसम्मत नदेखिएकोले उल्लेखित खर्च रकम नियमित हुनुपर्दछ ।

अनियमित भएको	७,८०,०००

४३ **सफ्टवेयर संचालनः** (९२/२०८०-६-२६):

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **४८८,१६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४४ **प्रशिक्षक भत्ताः**

अर्थ मन्त्रालयद्वारा जारी कार्यसञ्चालन निर्देशिका, २०७७ बुँदा नं. ७.१.१५(४) अनुसार तालिम प्रतिष्ठान बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारको तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिक नगरपालिका स्तरीय भएमा कार्यपत्र वापत रू.१०००।- र कक्षा सञ्चालन वापत रू.६००।- गरी जम्मा रू.१,६००।- भुक्तानी गर्न सक्ने तर सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ । पालिकाले यस बर्ष तपशिलमा उल्लेखित कार्यक्रम संचालन गर्दा प्रशिक्षकलाई निर्देशिकाको प्रावधान विपरित बढी रकम भुक्तानी गरेको छ । यसरी नियम विपरित भुक्तानी भएको कर कट्टि गरेको रकम घटाएपछिको बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु

गो. भौ . नं . / मिति	कार्यक्रम	भुक्तानी पाउने	सेसन संख्या	भुक्तानी गर्नुपर्ने	भुक्तानी भएको रकम	करकट्टि पछिको बढी भुक्तानी रकम रु	कैफियत
८६३-०८०।१०। २९	वडामा रहेका मेलमिलापकर्ताको लागि पुनर्ताजगि तथा आवश्यक सामग्री वितरण सम्बन्धी ३ दिने कार्यक्रम(२०८०।८।१६-१८) सेसन दर रु ३४००	राजन राई	९	१४४००	३०,६००	१६२००	नर्म्स भन्दा बढी भुक्तानी भएको (प्रति कक्षा ३४००)
८६३-०८०। १०।२९	वडामा रहेका मेलमिलापकर्ताको लागि पुनर्ताजगी तथा आवश्यक सामग्री वितरण सम्बन्धी ३ दिने कार्यक्रम (२०८०।८।१६-१८)	निमेस पोखरेल	३	४८००	६०००	१२००	नर्म्स भन्दा बढी भुक्तानी भएको (प्रति कक्षा २०००)
१८३३-२०८१। २।२८	जन प्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास सम्बन्धी एक दिने कार्यक्रम (२०८१।२।१८	योजराज थपलिया	३	४८००	१०३००	४६७५	नर्म्स भन्दा बढी भुक्तानी भएको(प्रति कक्षा ३४००)
१८३३-२०८१। २।२८	जन प्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास सम्बन्धी एक दिने कार्यक्रम (२०८१।२।१८	सुमित्रा अधिकारी	२	३२००	६८००	३०६०	
१९१३-२०८१। ३।७	कर्मचारीहरुलाई VERSP MIS system refreshment	डिल्लीराज निरौला	४	४०००	८०००	३४००	आन्तरिक प्रशिक्षकले कार्यपत्र बापतको रकम मात्र पाउने
	सम्बन्धी ५ दिने तालिम(२०८१।२।२८- २०८१।३।२)	अशोक कुमार मेहता	३	३०००	६०००	२५५०	
		निरज पोखरेल	५	५०००	१००००	४२५०	
		सुधिर सिंह	५	५०००	१००००	४२५०	
		उमेश थापा	३	३०००	६०००	२५५०	
जम्मा				४७२००	९३७००	४२,१३५	

असुल गर्नुपर्ने	४२,१३५

४५ **भ्रमण खर्च सम्बन्धमाः**

भ्रमण खर्च नियमावली २०६४ को नियम ६ र ७ मा सरकारी कामको सिलसिलामा मुलुक भित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमणमा वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले अनुसूची २ बमोजिमको दरमा दैनिक भ्रमण खर्च तथा भ्रमण भत्ता पाउने व्यवस्था छ । सोही नियमावलीको नियम ३ मा भ्रमण आदेश वा निर्णय बिना भ्रमण खर्च गर्ने गरी काजमा जान वा भ्रमण गर्न नहुने उल्लेख छ । यसैगरी

बस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाउँमा एकै दिन गई फर्कने गरी सरकारी काममा खटी जाने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ताको पच्चीस प्रतिशत खाजा खर्च पाउने ब्यवस्था छ । पालिकाले नियमावलीको प्रावधान विपरित देहायका पदाधिकारी तथा कर्मचारीलाई भ्रमण खर्च बापत रू.९९०० खर्च लेखेको छ । नियम विपरित भ्रमण खर्च तथा भत्ता बापत बढी भुक्तानी भएको रकम अशुल गर्नुपर्ने रू.

गो भ नं/	भ्रमण मिति	खर्च शीर्षक	भ्रमण गर्ने	भ्रमण स्थल		भुक्तानी भएको रकम	भुक्तानी हुनुपर्ने रकम	असुल गर्नुपर्ने रकम	कैफियत
मिति			पदाधिकारी	देखि	सम्म				
७१५/२०८० ।९।२३	२०८०।६।११	पालिका चालू	विनिता कुमारी मेहता	इनरुवा	इटहरी	१८००	४५०	१३५०	एकैदिन गइ फर्कने ठाउँको भ्रमण गरेको
	२०८०।६।२५	पालिका चालू	विनिता कुमारी मेहता	इनरुवा	झुम्का	१८००	४५०	१३५०	
	२०८०।८।२९-३०	पालिका चालू	विनिता कुमारी मेहता	इनरुवा	रामधुनी	२२५०	९००	१३५०	
	२०८०।८।१३-१५	पालिका चालू	विनिता कुमारी मेहता	इनरुवा	इटहरी	४०५०	१३५०	२७००	
						९९००	३१५०	६७५०	

असुल गर्नुपर्ने	६,७५०

४६ **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३५ र यो वर्ष थप भएको ९७ गरी कुल १३२ विवाद दर्ता भएकोमा ८० वटा मात्र फर्स्यौट भई ५२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

४७ **निजी सवारी साधन मर्मतः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई, कुनै बस्तुगत सहायत वा कुनै प्रकारले प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको बिवरण र मूल्य समेत खुलाई सम्पती तथा जिन्सी खातामा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक निकायको मूल जिन्सी खातामा अभिलेखीकरण गरिएका यस्ता सम्पत्तिको मात्र मर्मत, संभार, लिलाम तथा मिन्हा दिन सकिने व्यस्था छ । पालिकाले आफ्नो जिन्सी खातामा भएको सवारी साधनको मात्र मर्मत संभार गरी यसको अभिलेख राख्नुपर्दछ । तर पालिकाले यस्तो जिन्सी खातामा नभएको तथा व्यक्तिका निजी सावारी साधनको समेत मर्मत तथा नवीकरण बापत रू.१,३०,१४० खर्च लेखेको छ । आगामी दिनमा कानून विपरित खर्च लेख्ने कार्यमा सुधार तथा नियन्त्रण हुनुपर्दछ ।

४८ **यातायात खर्च भूक्तानीः** (१९१३/२०८०-३-१३):

नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी गरिएको कार्यसंचालन निर्देशिका, २०७७ मा कार्यालयबाट सञ्चालन गरिने जुनसुकै प्रकारको तालिम, गोष्ठी तथा सेमिनारका सहभागिहरुलाई यातायात खर्च भुक्तानी गर्नुपर्ने भएमा सार्वजिनिक यातायात (बस) चल्ने स्थानमा न्युनतम बस भाडा पाउने र नचल्ने स्थानमा रु.२००।- का दरले भुक्तानी गर्ने उल्लेख छ । पालिकाका विभिन्न कर्मचारीहरुलाई ५ दिने ब्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा (VERSP MIS system refreshment) तालिम मिति २०८१।२।२८ देखि २०८१।३।२ सम्म संचालन गरेकोमा उक्त तलिममा सहभागी भएका ३० जना सहभागीलाई दिनको रु १००० का दरले ५ दिनको रु १५०००० यातायात खर्च भुक्तानी गरेको छ । पालिकाले कर्मचारीलाई मासिक रुपमा इन्धनबापतको सुविधा उपलब्ध गराएको अवस्थामा पनि

पालिकाका कर्मचारीहरुका लागि पालिकाकै सभाहलमा संचालित कार्यक्रममा सहभागीहरुलाई यातायात खर्च भुक्तानी गर्नु नियमसम्मत देखिन्दैन । यसरी नियमबिपरित भुक्तानी भएको यातायात खर्च सम्बन्धितबाट असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्ने रु

क्र. सं .	सहभागीको नाम	भुक्तानी भएको रकम	करकट्टी पछि असुल गर्नु पर्ने रकम
१	प्रशन्नध्वज कार्की	५०००	४२५०
२	सूर्यकुमार नेपाल	५०००	४२५०
३	गोविन्द प्रसाद पोखरेल	५०००	४२५०
४	क्षितिज निरौला	५०००	४२५०
५	प्रेमचन्द्र ढुंगेल	५०००	४२५०
६	महेश खनाल	५०००	४२५०
७	गंगा पराजुली	५०००	४२५०
८	लोक ब राई	५०००	४२५०
९	चोलेम उराँव	५०००	४२५०
१०	गोपाल प्रसाद खतिवडा	५०००	४२५०
११	रोशन कुमार यादव	५०००	४२५०
१२	पवन कुमार खतिवडा	५०००	४२५०
१३	श्याम प्रसाद पोखरेल	५०००	४२५०
१४	पुष्पा निरौला	५०००	४२५०
१५	केशव नेपाल	५०००	४२५०
१६	राजेश मण्डल	५०००	४२५०
१७	राम प्रकाश यादव	५०००	४२५०
१८	गुपेन्द्र चौधरी	५०००	४२५०
१९	अजय कुमार देव	५०००	४२५०
२०	सभ्यता निरौला	५०००	४२५०
२१	राजेश मण्डल	५०००	४२५०
२२	प्रदिप मण्डल	५०००	४२५०
२३	मुना बराल	५०००	४२५०
२४	वीर जंग थापा	५०००	४२५०
२५	अनिता थापा	५०००	४२५०
२६	दिगम्बर यादव	५०००	४२५०
२७	कल्पना कार्की	५०००	४२५०
२८	कुमार निरौला	५०००	४२५०
२९	गणेश कुमार पोखरेल	५०००	४२५०
३०	कृष्ण बहादुर बर्मा	५०००	४२५०

जम्मा	१५००००	१२७५००

असुल गर्नुपर्ने	१,२७,५००

४९ **कानूनी सल्लाहकारः**

पालिकाले पालिकामा आवश्यक पर्ने कानूनी समस्या तथा मुद्दा मामिलाको निरुपण तथा सहजीकरण गर्नको लागि मिति २०८०।५।२५ र पुनः२०८१।१।१२ मा अधिबक्ता निमेष पोखरेललाई मासिक तलब भत्ता रू.२५०००, चाडपर्व सुविधा तथा मासिक १० लि. पेट्रोल भुक्तानी गर्नेगरी कानूनी सल्लाहकारका रुपमा करारमा नियुक्त गरेको छ । सो करार संझौता बार्षिक रुपमा नवीकरण गर्दै आएको देखिन्छ । संझौताको सर्त बमोजिम निज पोखरेल कानुनी सल्लाहकारका रुपमा निरन्तर कामकाज गर्नुपर्ने उल्लेख गरिएको छ । संझौता बमोजिम पालिकाले सो करार सेवा बापत बर्षभरिको रू.२,२४,६९०।- तलव भत्ताबापत खर्च लेखेको छ ।लेखापरीक्षणको क्रममा हाजिरी किताब परीक्षण गर्दा निजको हाजिरी पुस्तिकामा नाम नै नचढाएको तथा नियमित हाजिरी गरेको देखिएन । तर डोर हाजिरी राखेर निजलाई मासिक रुपमा नियमित भत्ता बापत बार्षिक रु २२४६९० खर्च लेखेको छ । निजको डोर हाजिरी परीक्षण गर्दा २०८० को भाद्र देखि २०८१ को असार मसान्तसम्म जम्मा २६ दिन मात्र डोर हाजिरी रहेको देखिन्छ । डोर हाजिरीको विवरण बमोजिम निजको पारीश्रमिक दिनको रु ८३४ दरले २६ दिनको जम्मा रू.२१६८४ हुन्छ । यसरी एकातर्फ मासिक रुपमा तलब भत्ता तथा अन्य सुविधा पाउने गरी करार संझौता गरेर कर्मचारी राख्नु अर्को तर्फ सोही कार्मचारीलाई डोर हाजिरी मार्फत ज्याला उपलब्ध गराउनु तथा त्यस्तो ज्याला रकम हाजिरी नगरेको दिनको पनि खर्च भुक्तानी लेख्नु कानून संमत देखिन्दैन । अतः सम्झौता बमोजिम कार्य गरेको प्रगति विवरण सहित उक्त खर्च रकम रु २,०३,००६/- नियमित हुनु पर्दछ ।

अनियमित भएको	२,०३,००६

५० **खर्च भन्दा बढी भुक्तानीः** (१०४६/२०८०-११-२१):

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१९** को निर्णयले रू **३६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५१ **विल भरपाइ वेगरको खर्चः** (१५५१/२०८१-१-१७):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाको वडा नं ५ का पुष्पा निरौला खरेललाई दशैं, तिहार, छठ, माघी आदी सम्बर्द्धन शीर्षकबाट भुक्तानी गरिएको खर्च रकम रु ३४२७८/- को कुनै विल भरपाई प्रमाण तथा कागजात एवं खर्चसंग सम्बन्धित कुनै पनि कार्यक्रम तथा पुष्ट्याईं गर्ने कागजात पेश भएन । उल्लेखित प्रमाण कागजात पेश हुनु पर्ने अन्यथा निज पुष्पा निरौला खरेलबाट अशुल हुनुपर्दछ ।

प्रमाण पेश नगरेको	३४,०००

५२ **सुशासन तथा संस्थागत विकासः** (१५५०/२०८१-१-१७):

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **५८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५३ **अग्रिम भूक्तानीः** (३१/१९८०-५-१०):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात

अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले ए वन सप्लायर्स (६०८५९५४८५) ले मिति २०८०।८।११ को विल नं. ८६ र १०० बाट मर्मत गरेबापतको रु.१,२०,०००।- बिल पेश गरेको आधारमा अन्य कार्यालय संचालन खर्च शीर्षकबाट मिति २०८०।५।१० मा भौचर नं ३१ बाट रु. ७५,०००।- र भौचर नं ४० बाट रू.२५,०००।- गरी जम्मा रू.१,००,०००।- भुक्तानी गरेको देखियो । यसरी कारोबारको विल मिति भन्दा भुक्तानी मिति अगाडी देखिनु कानुन सम्मत भएको देखिएन । अतः पालिकाले खर्च गर्दा कानुनमा भएको व्यवस्था बमोजिम भुक्तानी दिन मिल्ने प्रमाण कागजात परीक्षण गरेर मात्र भुक्तानी गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

५४ **आन्तरिक आय ढिलो दाखिलाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यलयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। वडा गतरुपमा संकलन भएको आन्तरिक आय समय मै दाखिला हुनुपर्दछ । नगरपालिकामा रहेका वडाहरुमा संकलन भएको राजस्व समय मै दाखिला गरेको देखिएन । जसका केही उदाहरण निम्नानुसार छन् ।

वडा नं.	उठाएको मिति	वैंक दाखिला मिति	रकम
१	२०८१।४। देखि २०८१।४।२१ सम्म	२०८१।४।२१	४५,०१०/-
४	२०८०।५।३१ देखि २०८०।७।१ सम्म	२०८०।७।१	१, ८६ ,०६४/-
६	२०८०।४।१ देखि २०८०।६।४ सम्म	२०८०।६।४	२,३४,४०२/५०
७	२०८०।६।४ देखि २०८०।७।१७ सम्म	२०८०।७।१७	२,४७,१५१/-
८	२०८०।८।५ देखि २०८०।९।२ सम्म	२०८०।९।२	१,०४,५४०/-
१०	२०८०।५।३१। देखि २०८०।७।१ सम्म	२०८०।७।१	७२,३५०/-

५५ **उन्नत विउ बितरणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष विभिन्न जातको उन्नत गहुँ र धानको बीउ मा खरिद गरेको देखियो । खरिद गरिएको उन्नत बीउ बितरण गर्दा किसानले माग गरेको माग पत्र, माग पत्रअनुसार जग्गाको क्षेत्रफल यकिन गरी वडा कार्यालयले गरेको सिफारिस पत्रको आधारमा बितरण गर्नुपर्नेमा कुनै पनि विवरण संलग्न गरेको देखिएन । माग फाराम र वडाको सिफारिस बेगर बीउ बितरण गर्दा बीउको सही सदुपयोग नहुन सक्ने, लाभान्वित हुने वर्गले नपाउन सक्ने जोखिम रहने हुँदा यस्ता कार्यमा पालिकाले ध्यान दिनु पर्दछ । पालिकाले देहायका गहुँको बीउ खरिद गरी ५० प्रतिशत रकम रू.४७७८९०।– भुक्तानी गरेको छ । खरिद गरिएको बीउ किसानहरुलाई बितरण गरेको भरपाई नभएकोले भरपाई पेश हुनुपर्दछ ।

क्र. सं.	भौ. नं./ मिति	सामान/बीउको नाम	परिमाण	प्रति इकाइ मुल्य	जम्मा मुल्य	पालिकाबाट भुक्तानी भएको रकम
१	२६९-०८०।९।१९	आदित्य गहुँ	१३०० कि.ग्रा.	७०	९१०००	४५५००
२	२६९-०८०।९।१९	विजय गहुँ	३५००कि.ग्रा.	७०	२४५०००	१२२५००
३	२६९-०८०।९।१९	गौतम गहुँ	२४०० कि.ग्रा.	७०	१६८०००	८४०००
४	२६९-०८०।९।१९	बीएल ४३४१ गहुँ	९०० कि.ग्रा.	७०	६३०००	३१५००
५	२६९-०८०।९।१९	वजय गहुँ	३६०० कि.ग्रा.	७०	२५२०००	१२६०००
६	२६९-०८०।९।१९	एनएल ९७१ गहुँ	१९५४ कि.ग्रा.	७०	१३६७८०	६८३९०
	जम्मा				९५५७८०	४७७८९०

प्रमाण पेश नगरेको	४,७७,८९०

५६ **शिक्षा तर्फः**

शिक्षा तर्फ देखिएका व्यहोराहरु देहाय बमोजिमा रहेका छन्

५६.१ **पालिकाको शैक्षिक अवस्थाः** पालिकाले उपलब्ध गराएको IEMIS को विवरण अनुसार पालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा कक्षा ८ मा ७२३ जना, कक्षा १० मा ७५६ र कक्षा १२ मा ३८२ जना विद्यार्थी अध्ययनरत रहेको देखिएकोमा अन्तिम परीक्षामा कक्षा ८ मा ६५६ जना, कक्षा १० मा ...विद्यार्थीमात्र सहभागी भएको देखिन्छ । पालिकाबाट संचालित कक्षा ८ र एस.ई.ई. परीक्षाको नतिजा हेर्दा ग्रेड A र A+ ल्याउनेको संख्या कम देखिन्छ । पालिकाको यस वर्ष कक्षा ८ मा ३८५ जना उतीर्ण भएको र एस.ई.ई.परीक्षामा २५८ जना उतीर्ण भएको देखिन्छ । कक्षा ८ मा परीक्षामा सहभागीमध्ये २७१ जना नन ग्रेड अर्थात ४१.३१ प्रतिशत विद्यार्थी फेल हुन निरासजनक देखिन्छ । पालिकाले शैक्षिक गुणस्तर अभिबृद्धि गर्नेतर्फ पनि विशेष ध्यान दिनुपर्ने देखिन्छ । पालिकाबाट उपलब्ध भएका कक्षा ८ र १० को अन्तिम परीक्षामा सहभागी विद्यार्थीहरुको नतिजा देहाय बमोजिम रहेको छः

क्र. सं.	GPA	GRADE	कक्षा ८	एस.ई.ई.	कक्षा १२
१	१. ६ भन्दा कम	Non-Grade	२७१		
२	१.६	D	०		
३	१. ६१-२	C	०		
४	२. ०१-२ . ४	C+	१	३	
५	२. ४१-२ . ८	B	७४	३७	
६	२.८१-३.२	B+	२०५	९९	
७	३. २१-३ . ६	A	९३	७७	
८	३. ६१-४	A+	१२	४२	
जम्मा			६५६	२५८	

५६.२ (✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **४१७,९५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५६.३ **विद्यार्थी र विद्यालयः** पालिकामा सञ्चालन रहेका ३० वटा सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्र २०८१ मा प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थी ७६०८ जना रहेको देखिन्छ । पालिकामा १०० जनाभन्दा कम विद्यार्थी भएका विद्यालय ५ वटा रहेको देखिन्छ । पालिकाले उपलब्ध गराएको तथ्यांक अनुसार विद्यार्थी संख्याको आधारमा विद्यालयको संख्याको अवस्था देहाय बमोजिम रहेका छन्

क्र. सं .	विद्यार्थी संख्या	सार्वजनिक विद्यालय संख्या	
		शैक्षिक सत्र २०८०	शैक्षिक सत्र २०८१
१	५० जना भन्दा कम विद्यार्थी भएको	१	०
२	५० देखि १०० जना	६	५
३	१०० देखि १५० जना	१०	९
४	१५० देखि २०० जना	१	४
५	२०० देखि २५० जना	०	१
६	२५० देखि ३०० जना	२	१
७	३०१ देखि ४०० जना	३	३
८	४०१ देखि ५०० जना	१	१
९	५०० देखि माथी	६	६
	जम्मा	३०	३०

५६.४ **कक्षा ८ को परीक्षा संञ्चालनः** १००४-०८१।३।११ (२४६८, २५०१-०८१।३।३१, ७९-०८१।७।२९ नपा चालु) कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.१५ क्रियाकलाप नं. २.७.१३.३०२ मा कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवं विद्यार्थी मूल्यांकन पालिकास्तरीय हुने भएकोले प्रश्न निर्माण, परीक्षा सञ्चालन, परीक्षण, ग्रेडिङ्ग, रिजल्ट तयारी लगायतका कार्यका लागि प्रति विद्यार्थी रू. २७५।- का दरले खर्च गर्ने व्यवस्था छ साथै परीक्षालाई थप व्यवस्थित गर्ने प्रयोजनका लागि स्थानीय तहले आन्तरिक स्रोतबाट समेत बजेट व्यवस्था गर्न सक्ने उल्लेख छ । पालिकाबाट उपलब्ध तथ्याङ्क अनुसार यस वर्ष पालिका अन्तर्गत ३७ वटा विद्यालयहरू(सामुदायिक ११, संस्थागत २६) मा कक्षा ८ मा अध्ययन गर्ने १५८० (सामुदायिक ८७५ र संस्थागत ७०५ जना) जनामध्ये परीक्षामा सहभागी १३४० विद्यार्थीको परीक्षा सञ्चालन गर्न संघीय सशर्तबाट रू. २,४०,६२५।- र न.पा चालुबाट रू.१०,५४,८२६।- गरी जम्मा रू.१२,९५,४५१।- खर्च गरेको देखिन्छ । तर पालिकाबाट उपलब्ध तथ्याङ्क र पालिकाको IEMIS को विवरणबीच भिडान हुन सकेन । पालिकाको IEMIS को विवरण अनुसार कक्षा ८ मा ७२३ जना विद्यार्थी अध्ययन गर्ने देखियो । IEMIS को विवरण अनुसार कक्षा ८ को परीक्षाको लागि संघीय शसर्त शीर्षकबाट नियमानुसार रु.१,९८,८२५।- खर्च हुनुपर्नेमा रु.४१,८००।-बढी खर्च भएको देखियो । पालिकाले खर्च गर्ने प्रक्रियामा मितव्ययिता अपनाउनु पर्दछ । पालिकाले पेश गरेको कक्षा ८ को अन्तिम नतिजा अनुसार सामुदायिक विद्यालयबाट ६५६ जना विद्यार्थी मात्र सहभागी भएको देखियो । यसबाट पालिकाले उपलब्ध गराएको तथ्याङ्कबीच विश्वस्त हुनसकिएन । पालिकाको IEMIS मा उल्लेखित विद्यार्थी संख्याको आधारमा संघीय सशर्त शीर्षकबाट खर्च गर्नुपर्ने भन्दा बढी खर्च गरिएको रकम संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

प्रमाण पेश नगरेको	४१,८००

५६.५ **कार्यक्रम बेगर खर्चः** ९८-०८०।६।२२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले

सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले विद्यालयमा शैक्षिक गुणस्तरण सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षकबाट स्पेसिफिकेशन तोकी १३ वटा विद्यालयहरुलाई कम्प्यूटर प्रिन्टर व्यवस्थापनको लागि रू.१४,००,०००।-उपलब्ध गराएको देखियो । संघीय सशर्त शीर्षकबाट विद्यालयलाई कम्प्यूटर प्रिन्टर व्यवस्थापनको लागि अनुदान रकम निकासा दिन मिल्ने देखिदैन । निकासा रकमबाट विद्यालयहरुले कम्प्यूटर प्रिन्टर खरिद गरेको बिल र जिन्सी दाखिला गरेको प्रमाण समेत लेखापरीक्षण समयसम्म उपलब्ध भएन । पालिकाले तोकी पठाएको स्पेशिफिकेशन बमोजिमको कम्प्यूटर प्रिन्टर खरिद गरेको बिल र जिन्सी दाखिला भएको प्रमाण सहित खर्च रकम नियमित हुनुपर्दछ ।

अनियमित भएको	१४,००,०००

५६.६ **पाठ्यपुस्तकः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१. मा सार्वजनिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । यसरी अनुदान उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाव गरी अनुदान उपलब्ध गराउने, विद्यार्थीहरुले शैक्षिक सत्रको सुरुवात मै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहको हुने, जिल्ला तथा स्थानीय तहले पाठ्यपुस्तक समयमा उपलब्धता, अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने लगायतका व्यवस्था छ । पालिकाले यस आ.व.मा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन नगराई IEMIS मा देखिएको शैत्रिक सत्र २०८१ अनुसासर सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययन गर्ने ७५७६ जना र परम्परागत विद्यालयमा अध्ययन गर्ने २९९ विद्यार्थीको लागि पालिकाले यस वर्ष रू. ५६,४९,१११।-अनुदान दिएको छ तर विद्यालयहरुले समयमा नै पूरा सेटमा नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीहरुलाई बितरण गरे नगरेको सम्बन्धमा अनुगमन गरेको देखिएन । IEMIS र विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन नहुँदा विद्यालयलाई दिइने अन्य बुक कर्नर व्यवस्थापन, सिकाइ सामग्री व्यवस्थापन लगायतका शीर्षकमा हुने अनुदान निकासा यथार्थ हो भनी भिडान गर्न नसकिने हुँदा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन गराई अनुदान दिनु पर्दछ र खर्चको सुनिश्चितताको लागि आवश्यक संयन्त्र बनाई अनुगमन गरिनु पर्दछ ।

उदाहरणको लागि शारदा मा.वि. इनरुवा नगरपालिका-५ मा अवलोकन गर्दा शैक्षिक सत्र २०८१ मा विद्यार्थीको रजिष्टरमा देखिएका विद्यार्थी संख्या र IEMIS अनुसार देखिएका विद्यार्थी संख्याबीच भिडान भएको देखिएन जुन विवरण देहयाबमोजिम उल्लिखित छनः

कक्षा	२०८१ को IEMIS अनुसार विद्यार्थी संख्या	विद्यालयको रजिस्टर अनुसार विद्यार्थी संख्या	पाठ्यपुस्तक खरिद सेट	पाठ्यपुस्तक बितरण सेट
बालविकास	२२१	१११		
१	९५	७२	७५	७१
२	१२०	७५	१२५	६५
३	८०	७३	८५	७१
४	११३	९१	१०९	९४
५	१०८	१०२	१२०	१००
६	१३१	१२९	१५०	१७८
७	१७६	१४९	१५०	९६
८	२०५	१६३	१७०	२०१
९	२२७	१९७	१८०	१९४
१०	२१६	२०८	२००	२०८
११	८१	१४०		
१२	१५५	१५६		
	१९२८	१६६६	१३६४	१२७८

५६.७ **शिक्षक, विद्यार्थी र तलब खर्चः**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिकाबाट उपलब्ध तथ्याङ्कअनुसार पालिका अन्तर्गत ८० वटा बाल विकास केन्द्र, १८ वटा प्राथमिक विद्यालय, ४ वटा निम्न माध्यमिक विद्यालय र ८ वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन । सञ्चालनमा रहेका ३० विद्यालयहरुमा शिक्षकको एकमुष्ठ दरबन्दी र पदपूर्तिको अवस्था एवं शैक्षिक शत्र २०८० को कक्षा १ देखि १२ सम्म अध्ययनरत तहगत विद्यार्थी संख्या निम्नानुसार रहेको देखिन्छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।

तह	दरबन्दी संख्या	पदपूर्ति					विद्यार्थी संख्या २०८०	विद्यार्थी शिक्षक अनुपात	शिक्षकको तलबभत्तामा भएको खर्च
		स्थायी	राहत	करार	शिक्षण अनुदान	जम्मा			
प्राथमिक शिक्षक	१६२	१०५	४३	१४	०	१६२	५७३९	३६:१	११९५१९९७२
निम्न माध्यमिक शिक्षक	५१	३७	१०	४	०	५१	२२३७	४४:१	
माध्यमिक शिक्षक	४६	३५	९	०	२	४६	१६०६	३५:१	३३९३१५८७
उच्च माध्यमिक शिक्षक	५	०	०	५	०	५	५९६	१२०:१	
प्राविधिक धार	०	०	०	०	०	०	०	०:००	
जम्मा	२६४	१७७	६२	२३	२	२६४	१०१७८	३९:१	१५३४५१५५९

पालिकाको कुल दरबन्दीमा ६८ प्रतिशत दरबन्दी स्थायीबाट पदपूर्ति भएको देखिन्छ । पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । पालिकाको विद्यार्थी शिक्षक अनुपात हेर्दा सबैभन्दा कम मा.वि. तहमा एक शिक्षकले ३५ जना र सबैभन्दा बढी उ.मा.वि. तहमा एक शिक्षकले १२० जना विद्यार्थीलाई अध्यापन गर्ने देखिन्छ । समग्रमा पलिकामा एक शिक्षकले ३९ जना विद्यार्थीलाई अध्यापन गर्ने देखियो जुनु अनुपात शिक्षा नियमावली, २०५९ ले तराईमा एक शिक्षकले औषतमा ५० जना विद्यार्थीलाई अध्यापन गराउनु पर्ने व्यवस्था भन्दा कम रहेको देखिन्छ ।

५६.८ **दिवा खाजाः** १९७,३९१,८५५, १०५१-०८१।३।१७ पालिकाले यस वर्ष दिवा खाजामा २०८० श्रावणदेखि चैत्रसम्म रू. ७१,३९,४८५।- र २०८१ बैशाखदेखि असारसम्म रू. १९,४१,१६०।- गरी जम्मा रू.९०,८०,६४५।- खर्च गरेको देखिन्छ । पालिकाले उपलब्ध गराएको IEMIS को तथ्याङ्क अनुसार सामुदायिक विद्यालयमा शैक्षिक सत्र २०८० को ECD देखि कक्षा ५ सम्म अध्ययन गर्ने विद्यार्थी संख्या ७४४७ जना रहेको देखिएकोले औषतमा एक विद्यार्थीको लागि ६३.९१ दिनको दिवा खाजा बापतको रकम उपलब्ध गराएको देखियो । त्यसैगरी शैक्षिक सत्र २०८१ मा सोही कक्षाहरुमा अध्ययन गर्ने विद्यार्थी संख्या ६५८० जना देखिएकोले औषतमा एक विद्यार्थीको लागि १९.६६ दिनको दिवा खाजा उपलब्ध गराएको देखियो । पालिकाले दिवा खाजामा गरेको खर्चको आधारमा विद्यार्थीलाई वार्षिक औषतमा ८३.५७ दिनको दिवा खाजा खुवाएको देखियो । पालिकाले विद्यालयहरुबाट पेश भएको विद्यार्थीको प्रमाणित हाजिरीको आधारमा दिवा खाजाबापतको रकम निकासा दिएको छ । निकासा रकमको सहि उपयोग सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ ।

५६.९ **विद्यालयको सामाजिक तथा आर्थिक लेखापरीक्षणः** ७८२-०८०।१२।१८ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयहरुलाई रू.१०,०००।- र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रू.१५,०००।- अनुदान दिने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित २९ वटा सामुदायिक विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि रू.३,३०,०००।- अनुदान रकम निकासा दिएको देखियो । उपलब्ध अनुदानबाट विद्यालयहरुले यस वर्षको आर्थिक लेखापरीक्षण गराई प्रतिवेदन पालिकामा पेश गरेको छैन । यस सम्बन्धमा पालिकासँग सोधपुछ गर्दा विद्यलयले लेखापरीक्षण गराउँदै गरेको भन्ने पालिकाको भनाइ रहेको छ । पालिकाले विद्यलयबाट प्रतिवेदन प्राप्त गरी लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका सुझाव विद्यालयले कार्यान्वयनमा ल्याए नल्याएको सम्बन्धमा लेखाजोखा हुनुपर्दछ ।

क्र.सं.	विद्यालयको नाम	निकासा रकम
१	शिशु निकेतन आ वि	१००००
२	वि पि मेमोरियल	१००००
३	जनहित आ. वि .	१००००
४	माहाविर आ वि	१००००
५	सर्वोदय आ वि	१००००
६	जनकल्याण आ वि	१००००
७	सरस्वति मा वि	१५०००
८	सहिद श्याम सुन्दर	१००००
९	शारदा प्रा वि	१००००
१०	ने रा हरि मा वि	१५०००
११	हरि आ वि	१००००
१२	सरस्वति आ वि	१००००
१३	वि पि आ वि	१००००
१४	गणेश आ वि	१००००
१५	त्रिभुवन मा वि	१५०००
१६	रेडक्रस आ वि	१००००
१७	ज्ञानोदय आ वि	१००००
१८	बाल मन्दिर मा वि	१५०००
१९	जनता प्रा वि	१००००
२०	सिद्धार्थ आ वि	१००००
२१	देवकोटा आ वि	१००००
२२	चाँदनी आ वि	१००००
२३	बुढा सुबबा आ वि	१००००
२४	राजाजि रामजी मा वि	१५०००
२५	शारदा मा वि	१५०००
२६	भगवती मा वि	१५०००
२७	श्री आधारभुत वि	१००००
२८	शिशु विकासिनि आ वि	१००००
२९	जनता मा वि	१५०००
	जम्मा	२३००००

प्रमाण पेश नगरेको	२,३०,०००

५६.१० **कक्षा ११ र १२ को खर्चः** २५३-०८०।९।२ पालिकाले कक्षा ११ र १२ को लागि ४ वटा विद्यालयलाई निःशुल्क पाठ्यपुस्तकका लागि रू.७,३१,८७६।– निकासा दिएको छ । पालिकाले पेश गरेको तथ्यांक अनुसार कक्षा ११ र १२ मा क्रमशः 262 र 155 गरी जम्मा ४१७ जना विद्यार्थी अध्ययन गरेको पाइयो । जस अनुसार अनिवार्य विषयको लागि तोकिएको दर कक्षा ११ को रू.269.28 र कक्षा १२ को रू.316.08 को आधारमा जम्मा रू.१,१९,५४४।– खर्च हुनुपर्ने देखिएकोमा पालिकाले ऐच्छिक विषयको पनि रकम उपलब्ध गराएको जनाएको छ । पालिकाले जनाए अनुसार ऐच्छिक विषयमा रू.६,१२,३३२।– खर्च भएको देखियो । विद्यालयमा अध्यापन हुने विभिन्न ऐच्छिक विषयको मुल्यको जानकारी नभएकोले खर्च रकम यथार्थ हो भनी भन्न सकिएन । यस सम्बन्धमा पाठ्यपुस्तकमा भएको खर्च रकम पालिकाबाट नै यकिन हुनुपर्दछ ।

५६.११ **बढी तलब निकासाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट यस वर्ष शिक्षकको तलब भत्ता भुक्तानी गर्दा अवकास/ सरूवा पश्चात पनि शिक्षकलाई निकासा दिएको देखिएकोले बढी निकासा दिएको रकम सम्बन्धित शिक्षकबाट असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्दछ ।

क्र. सं .	विद्यालय	शिक्षकको नाम	मासिक तलब	व्यहोरा	बढी निकासा
१	भगवती मा. वि	मा. शि . तृतीय मोहन खतिवडा (६ ग्रेड)	५२४२५	२०८० श्रावणको तलब खाई अन्यन्त्र सरुवा भएकोमा भाद्रदेखि कार्तिक महिना र चाडपर्व खर्च, महंगी भत्ता , बिमा सहित	२३०३०१
२	भगवती मा. वि	मा. शि . तृतीय शंकर चौधरी (७ ग्रेड)	५३८८१	२०७९ चैत्रको तलब खाई अन्यन्त्र सरुवा भएकोमा २०८० बैशाखदेखि असारसम्म	१८३१५७
		जम्मा			४१३४५८

असुल गर्नुपर्ने	४,१३,४५८

५७ शिक्षा तर्फका थप व्यहोराहरु

५७.१ **प्याड नस्ट गर्ने मेसिनः** १२४९-०८१।३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सेनिटरी प्याड व्यवस्थापन खर्च शीर्षकबाट मुल्य अभिबृद्धि कर सहित सेनिटरी प्याड नस्ट गर्ने मेसिन (Feel Mee Sanitary Pad Disposal Machine) रिप्पल ग्रुप अफ इण्डष्ट्री एण्ड ट्रेड प्रा.लि.(६०९८०००६७) बाट प्रति गोटा रू.४५,०००।– का दरले ११ वटा रू.४,९५,०००।– मा खरिद गरी भुक्तानी दिएको देखियो । खरिद गरिएकामध्ये २ वटा मेसिन बितरण गरेको भरपाई संलग्न नभएकोले विद्यालयलाई हस्तान्तरण गरी विद्यालयमा सही उपयोग हुनुपर्दछ ।

५७.२ **विज्ञान प्रयोगशालाः** ८३९-०८१।१।१० कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ मा शैक्षिक गुणस्तर सुदृढीकरण गर्न विद्यालयलाई अनुदान दिने व्यवस्था छ । पालिकाले यस वर्ष विज्ञान प्रयोगशाला निर्माणका लागि श्री भगवती माध्यमिक विद्यालय, इनरुवा-१, लाई रू.६,५०,०००।- उपलब्ध गराएकोमा २२९ प्रकारका सामग्री खरिद गरेको बिल भरपाई, जिन्सी

दाखिला भएको प्रमाण पेश गरेको आधारमा भुक्तानी भएको देखिन्छ । अनुदानबाट निर्माण भएको विज्ञान प्रयोगशाला प्रयोगमा आए नआएको अनुगमन गरी प्रयोगशालाको प्रभावकारी उपयोगको सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्ने देखिन्छ ।

५७.३ **सेनिटरी प्याड खरिदः** १०३७-०८१।३।१३ कार्यक्रम कार्यान्वियन पुस्तिकाको २.८.१० क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम गर्नुपर्ने र कार्यविधिमा विद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गर्ने, पालिकाले शैक्षिक व्यवस्थापन प्रणालीको तथ्याकंसँग भिडाई विद्यालयलाई आवश्यक संख्यामा उपलब्ध गराउने, विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा राख्ने र विद्यालयले छात्राहरूको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी स्थानीय तहले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सोकार्यमा भएका कार्यहरुको प्रतिवेदन तयार गरी स्थानीय तहमा पठाउने व्यवस्था छ । पालिकाले विद्यालयहरूबाट माग गरेको माग फाराम संकलन र विद्यार्थी संख्या यकिन नगरी बोलपत्रको माध्यमबाट ४०६०० प्याकेट सेनिटरी (Soft Love Ultra XL ३२० mm) प्याड प्रति प्याकेट रू.३३.९ (मु.अ.कर समेत) का दरले खरिद गरी कृष्ण सप्लायर्स (६१०९४८३९०) इनरुवालाई रू.१३,७६,३४०।- भुक्तानी गरेको छ । आर्थिक वर्षको सुरुमै खरिद गरी समयमै वितरणको व्यवस्था मिलाउनु पर्नेमा नगरेको, खरिद गरिएका सेनिटरी प्याड गुणस्तर भए नभएको परीक्षण गर्नु पर्नेमा नगरेको, खरिद गरिएको सेनिटरी प्याड विद्यालयबाट बितरण गरेको प्रतिवेदन प्राप्त गर्नु पर्नेमा लेखापरीक्षण समयवधिमा समेत पालिकाको भण्डारण शाखामा १५०४० प्याकेट मौज्दातमा राखेको पाइयो । आवश्यकता र मागको आधारमा खरिद नगरिनुले खरिद गरिएका सेनिटरी प्याड समयमा नै प्रयोगमा आएको देखिएन । पालिकाले ढिलो गरी खरिद गर्ने प्रकृयामा सुधार गर्नुपर्ने देखिन्छ । पालिकाले देहायका ७ वटा विद्यालयलाई वितरणको लागि बुझाएको पाइए पनि उक्त विद्यालयले बितरण गरेको प्रतवेदन पेश गरेको पाइएन । पालिकाबाट विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गरेको नपाइएको र विद्यालयले वितरण गरेको प्रतिवेदन तयार गरी पालिकामा पठाएको पनि पाइएन । अतः पालिकाबाट विद्यालयलाई बुझाएको र विद्यालयबाट विद्यार्थीहरुलाई वितरण गरेको प्रमाण सहितको प्रतिवेदन पेश हुनुपर्दछ ।

क्र.स.	विद्यालयको नाम	विद्यार्थी संख्या	पालिकाबाट वितरणको लागि विद्यालयलाई दिएको प्याड संख्या	बुझिलिने नाम/ मिति	प्रतिप्याड मुल्य	जम्मा मुल्य
१	शारद मा. वि . वडा नं . ५	७२३	८६४०	जगन्नाथ पोखरेल	३३.९	२९२८९६
२	बाल मन्दिर मा. वि . वडा नं . २	१८२	२५२०	नितु पोखरेल	३३.९	८५४२८
३	जनता मा. वि . वडा नं . ६	२६२	३७४४	नारद भट्टराई	३३.९	१२६९२२
४	भगवती मा. वि . वडा नं . १	१२८	१८००	अनित चौधरी	३३.९	६१०२०
५	सरस्वती मा. वि . वडा नं . ९	२७४	३६००	रमेश कुमार चौधरी	३३.९	१२२०४०
६	ज्ञानोदय आ. वि . वडा नं . ४	५०	९३६	राम विलाश मेहता	३३.९	३१७३०
७	त्रिभुवन मा. वि . वडा नं . ८	३०३	४३२०		३३.९	१४६४४८
८	पालिकाको भण्डारणमा मौज्दात		१५०४०		३३.९	५०९८५६
	जम्मा	१९२२	४०६००			१३७६३४०

प्रमाण पेश नगरेको	१३,७६,३४०

५७.४ **शीर्षक फरक पारी खर्चः** १२३४-०८१।३।२४ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान शीर्षकबाट विद्यालयको मसलन्द, सामाजिक लेखापरीक्षण तथा आर्थिक लेखापरीक्षण, विद्यालय सुधार योजना निर्माण, इन्टरनेट जडान तथा शुल्क भुक्तानी गर्न मिल्ने व्यवस्था उल्लेख छ । पालिकाले यस वर्ष विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान शीर्षकबाट Acer Nitro V-15 i7 13 Generation Laptop 16 GB/512GB/RTX 4050 मुल्य अभिबृद्धि करसहित रू.१,५७,०००।- मा र भौचर नं.१२१७ मिति ०८१।३।२४ बाट Acer Predator i9 14th generation with RTX 4070 Graphics, 16 Gb 1TB SSD ल्यापटप मुल्य अभिबृद्धि कर सहित रु.३,००,०००।-मा खरिद गरेको देखियो । खरिद गरिएका ल्यापटप जिन्सी आम्दानी बाँधी खर्च लेखेको देखिएकोले उक्त ल्यापटपहरु खरिद गरिनुको प्रयोजन समेत नखुलाएकोले खरिद गरिनुको उपयुक्त प्रयोजन खुलाई खर्च भएर नजाने जिन्सी खातामा पुनः आम्दानी बाँधेको प्रमाण संलग्न गरी फरक शीर्षक पारी गरिएको खर्च रकम नियमित हुनुपर्दछ ।

अनियमित भएको	४,५७,०००

५८ **स्वास्थ्यतर्फः**

५८.१ **लागत अनुमान तयारीः** ११०४-०८१।३।१९ पालिकालाई वार्षिक रुपमा आवश्यक पर्ने नि:शुल्क वितरण गर्ने औषधिको परिमाण सम्बन्धमा वार्षिक आवश्यकताको परिणाम विवरण तयार गर्नुपर्दछ । उक्त विवरणको आधारमा तालुक निकायबाट प्राप्त हुने औषधिको परिमाण घटाई बाँकी औषधि पालिकाबाट खरिद गरी पुल सिस्टमको आधारमा औषधिको आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । सार्वजनिक खरिद नियमावली, 2064 को नियम ११(१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने र मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय

वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट आदि विषयहरुलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद गर्नको लागि ५ वटा सप्लायर्सबाट इकाइदर माग गरी त्यसको औषत मुल्यमा २० प्रतिशत घटाइ कायम हुने दर स्वास्थ्य कार्यालय, इनरुवा, सुनसरीले आ.व.२०८०।८१ को लागि निर्धारण गरको MRP दरभन्दा बढी भएकोमा जिल्लाको दरलाई आधार मानी ५० प्रकारका औषधि तथा १३ प्रकारका औषधिजन्य सर्जिकल सामान मुल्य अभिबृद्धि करसहित रू.२१,५३,५७४।– लागत बनाई बोलपत्रको माध्यमबाट लाइफ लाइन ड्रप प्रा.लि.(६०९५३७८३३)सँग मुल्य अभिबृद्धि कर सहित रू.१०,२७,२६३.७० मा खरिद गरेको पाइयो ।

५८.२ (२५००-२०८१-३-३१):

बिलभरपाई पेश नभएकोः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले पेश्की फर्स्यौट गर्दा खर्च पुष्टि हुने बिल भरपाई नभएकोले खर्च पुष्टि हुने प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल हुनुपर्दछ ।

प्रमाण पेश नगरेको	१,२५,०००

५८.३ **निःशुल्क उपचार सहायताः** जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ । सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट १५१ जनाको लागि एकमुष्ठ रू. ८०,६५,०००।- खर्च भएको पालिकाबाट उपलब्ध तथ्याङ्कबाट देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनीकरण गर्नु पर्दछ ।

५८.४ **स्वास्थ्य जाँच शिविर सञ्चालनः** १९२-०८०।७।२३ पालिकाले अपाङ्गताको लागि विशेषज्ञ चिकित्सकहरुद्वारा प्रारम्भिक स्वास्थ्य जाँच शिविर पालिकाको १० वटै वडाहरुको विभिन्न ९ स्थानमा मिति २०८०।६।१९ देखि ३० गतेसम्म ९ दिन सञ्चालन गरिने सूचना वर्णमाला दैनिकमा मिति २०८० असोज १८, १९, २०, २२, २३ र २४ गते प्रकाशन गरेबापत रू.२०,०००।– भुक्तानी दिएको छ । त्यसैगरी सोही सन्देशमूलक सूचना उत्पादन गरी १० वटै वडाको १० वटा जिङ्गल प्रसारण गरेको भनी पपुलर एफ.एम.(९९.५ मेगाहर्ज)लाई रू.१५,०००।– भुक्तानी गरेको अवस्थामा पनि पालिकाले सिटिसफारी तथा माइक, ब्याट्रि भाडामा लिई वडा वडामा सूचना प्रसारण गरेको भनी भाडा बापत रू.५४,०००।– भुक्तानी गरेको छ । यसरी एउटै कार्य प्रयोजनका लागि विभिन्न माध्ययमबाट खर्च लेखिनुले पालिकाले खर्चमा मितव्ययिता अपनाएको देखिदैन । पालिकाले खर्च गर्दा मितव्ययिता अपनाउनु पर्दछ ।

५९ **सामाजिक सुरक्षा तर्फः**

सामाजिक सुरक्षा तर्फ देखिएका व्यहोराहरु देहाय अनुसार छन्

५९.१

सामाजिक सुरक्षा भत्ता वितरणः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २२ उपदफा २ अनुसार अनुसूची-१० बमोजिमको ढाँचामा पालिका र कृषी विकास बैंक, सिद्धार्थ बैंक, लक्ष्मी सनराइज बैंक, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक र सानिमा बैंक बीच विभिन्न मितिमा द्विपक्षीय सम्झौता भई पालिकाभित्र रहेका १० वटै वडाहरुको सामजिक सुरक्षा भत्ता बैंकबाट उपलब्ध गराउदै आएको छ । पालिकाले प्रथम त्रैमासिक बैंकिङ्ग प्रणालीबाट र दोस्रो, तेस्रो र चौथो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता विद्युतीय भुक्तानी प्रणाली (EFT) बाट बितरण गरेको छ । यस आर्थिक वर्षमा पालिकालाई रू.२५,४१,९७,०००।- बिनियोजन भएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालय, सुनसरीबाट बैंकलाई रू.२४,१८,९५,२१६।- निकासा दिएको छ । निकासामध्ये विभिन्न मितिमा मृत्यु भएका व्यक्तिहरुको लगत कट्टा भई फिर्ता भएको रकम रू.९,१२,४७४।७६ विभिन्न मितिमा कोष तथा लेखा नियन्त्रकको कार्यालय, सुनसरीको विविध खाता/संघीय संचित कोषमा दाखिला गरेको छ । नगरपालिकाले यस वर्ष भत्ता वितरण गरेको विवरण देहायबमोजिम उल्लेखित छन् ।

(विस्तृत विवरण बेरूजु दफा ५९.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५९.२ **खर्च भिडान नभएकोः** सामाजिक सुरक्षा भत्ता सम्बन्धमा कोष तथा लेखा नियन्त्रक कार्यालय, इनरुवा, सुनसरीले जम्मा खर्च रू.२४,०९,३३,६८३।२४ भएको आर्थिक विवरण प्रमाणित गरी पेश गरेको देखिएकोमा पालिकाको सरकारी लेखा प्रणाली (CGAS) मा रू.२४,०९,०९,४२५।२४ मात्रै खर्च भएको देखाएकोले खर्च भिडान नभएको रू.२४,२५८।- सम्बन्धमा पालिकाबाट यकिन गरी खर्च भिडान हुनुपर्दछ ।

५९.३ **तुलनात्मक विवरण:** पालिकाको गत विगत वर्षहरुमा सामाजिक सुरक्षा भत्ताबापत आर्थिक वर्ष २०७८।७९ मा ६५६४ लाभग्राहीहरुलाई रू.२१,०२,१९,४०८/- बितरण गरेकोमा आ.व.२०७९।८० मा ६९०७ लाभग्राहीहरुलाई रू.२४,०५,९१,४७०।८३ र यस वर्ष ६६५१ लाभ ग्राहीहरुलाई रू. २४,१८,९५,२१६।– बितरण गरेको देखिन्छ । आर्थिक वर्ष २०७८।७९ को तुलनामा आर्थिक वर्ष २०७९।८० मा ३४३ जना लाभग्राही थप भई रू. ३,०३,७२,०६२।- बढी खर्च भएको र आर्थिक वर्ष २०७९।८० को तुलनामा आर्थिक वर्ष २०८०।८१ मा २५६ जना लाभग्राही घटी भए पनि रू. १३,०३,७४६।- बढी खर्च भएको देखियो । पालिकाबाट तीन आर्थिक वर्षमा लाभान्वित भएका सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण देहायबमोजिम रहेको पाइयो (लाभग्राहीको संख्या प्रत्येक आर्थिक वर्षको चौथो त्रैमासिकमा भुक्तानी हुँदाको संख्यालाई आधारमानी तुलना गरिएको ।)

क्र. सं	लाभग्राही वर्ग	भत्ता दर	२०७८।७९ मा रहेको लाभग्राही संख्या	२०७९।८० मा रहेको लाभग्राही संख्या	२०८०।८१ मा रहेको लाभग्राही संख्या
१	जेष्ठ नागरिक भत्ता(६८ वर्ष उमेर पुगेको)	४०००	३०४४	३७०३	३५६३
२	जेष्ठ नागरिक भत्ता (दलित)	२६६०	४३५	३३६	३४९
३	जेष्ठ नागरिक एकल महिला	२६६०	७८२	५६०	४५६
४	विधवा	२६६०	१००१	१०५६	१०६८
५	पूर्ण अपाङ्गता भत्ता	३९९०	१२९	१२३	११२
६	अति अशक्त अपाङ्गता भत्ता	२१२८	२८७	२९६	३२२
७	बालबालिका	५३२	८८६	८३३	७८१
	जम्मा लाभग्राही संख्या		६५६४	६९०७	६६५१
	जम्मा खर्च		२१,०२,१९,४०८	२४,०५,९१,४७०	२४,१८,९५,२१६

६० **राष्ट्रपती महिला सशक्तीकरण परियोजनाः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६१ **बिशेष अनुदानः**

विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ मा विशेष अनुदान प्रदान गरिने क्षेत्र र आधार एवं दफा ४ मा विशेष अनुदान माग गर्ने सम्बन्धमा योजना आयोग समक्ष प्रस्ताव पेश गर्नुपर्ने विधि उल्लेख छ । यसै गरी उक्त कार्यविधिको दफा ५ बमोजिम छनौट भएको योजनालाई नेपाल सरकारले विशेष अनुदान प्रदान गर्ने र त्यस्तो अनुदान रकम प्राप्त गर्ने स्थानीय तहले दफा ८ बमोजिम प्रस्तावित आयोजना/कार्यक्रममा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । त्यस्तो अनुदान सोही कार्यविधिको दफा ७ बमोजिम तलब भत्ता, मसलन्द लगायतका शीर्षकमा खर्च गर्न नपाइने उल्लेख छ । नगरपालिकाले पेश गरेको बजेट प्रस्तावना अनुसार तलब भत्ता लगायतका विभिन्न ४१ वटा कार्यक्रममा रु.२,७२,९८,०००।- माग गरेको देखिएकोमा पालिकालाई यस वर्ष विशेष अनुदान बापत रु.१,५०,००,०००।- अनुदान प्राप्त भएको देखियो । पालिकाले प्राप्त अनुदानबाट देहायका शीर्षकमा रु.१,४१,४७,०३७।- खर्च गरेको छ । यसरी कार्यविधिमा उल्लेखित खर्च गर्न नमिल्ने तलब भत्ता, मसलन्द लगायतका साधारण खर्च शीर्षकमा पनि रु.१९,०१,०००।- खर्च गरेको पाइयो । पालिकाले विशेष अनुदानको लागि बनाएको योजना/कार्यक्रम बजेट निकासा गर्ने निकायबाट स्वीकृति भएको प्रमाण पेश गरी नियमित हुनुपर्दछ ।

क्र.सं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	विनियोजन	खर्च
१	कार्यालय प्रमुख, लेखा प्रमुख र कार्यक्रम संयोजक प्रोत्साहन पारिश्रमिक	१८००००	१८००००
२	कार्यक्रमको अनुगमन खर्च	३१५०००	३१५०००
३	CBRF सहजकर्ताहरुको पारिश्रमिक (हाल कार्यरतलाई निरन्तरता)	१२४८०००	१२४६०००
४	कार्यक्रम संयोजक प्रोत्साहन पारिश्रमीक	१८५०००	१६००००
कुल जम्मा		१९२८०००	१९०१०००

अनियमित भएको	१९,०१,०००

६२ **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमः**
गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फ देखिएका व्यहोराहरु देहाय अनुसार छन्

६२.१ **प्रविधि हस्तान्तरणः** ८४२- ०८१।१।१४ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिसको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ । निर्देशिका बमोजिम पालिकाले यस वर्ष प्रविधि हस्तान्तरण कार्यक्रमबाट २६ थान सिलाइ मेसिन प्रतिगोटा रू.१५,५६०।- का दरले रू.४,०४,५६२।-मा खरिद गरी पालिकाबाट ८० प्रतिशत रू.३,२३,६४९।- भुक्तानी दिएको छ । त्यसै गरी रू.१,४०,०००।– बाट ९ थान स्प्रे ट्याँकी,१८ थान हजारी, १ थान मोटर सहितको कम्बाइन मिल, १ थान ट्रली, कुखुराको चल्ला लगायतका समग्री खरिद गरी वडा नं.३, ६, ८, ९ र १० का उद्यमीहरुलाई बितरण गरेको देखिन्छ । चल्ला खरिद गरी बितरण गरेको देखिनु निर्देशिकाको मर्म अनुरुप भएको भन्न सकिन्न । पालिकाले खरिद गरिएका सिलाइ मेसिन/प्रविधि हस्तान्तरण गर्दा अनुसूची १३ बमोजिमको ढाँचामा सम्झौता गरी हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिम गरेको देखिएन । प्रविधि हस्तान्तरण गरिएका सामान ५ वर्षसम्म सम्बन्धित उद्यमकर्ताले प्रभावकारी ढंगबाट उपयोगमा ल्याउनु पर्ने व्यवस्थाका सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ ।

६२.२ **तालिमः** गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा १७ अनुसार पालिकाले यस आ.व.मा नयाँ उद्यमी सृजना गर्न र पुराना उद्यमीलाई स्तरोन्नति सम्बन्धी सीप विकास तालिम संञ्चालन गर्नको लागि रू.१४,०९,०००।– खर्च गरेको छ । उक्त बजेट खर्च गरी ९४ जना नयाँ उद्यमीलाई ५ दिने पशुपालन सम्बन्धी सिप तालिम, २ महिने ब्युटीपार्लर तालिम, ५ दिने दालमोठ भुजिया सम्बन्धी तालिम, ३ महिने सिलाइकटाइ तालिम, हाउस वाइरिङ्ग सम्बन्धी २ महिने तालिम दिएको र स्तरोन्नतितर्फ २६ जनालाई ५ दिने तरकारी खेती तालिम र १० जनालाई ५ दिने कुखुरापालन तालिम दिएको जनाएको छ । सञ्चालित तालिमबाट लाभान्वित भएका उद्यमीहरुले आर्जन गरेका ज्ञान, सीप, अनुभव र प्रदान गरिएको प्रविधिबमोजिमको व्यवसाय तथा रोजगार प्राप्त गर्ने नगर्ने सम्बन्धमा कार्यक्रमको प्रभावकारिताको लेखाजोखा पालिकाबाट हुनुपर्ने देखिन्छ ।

६२.३ **दृष्टि विहिनलाई तालिमः** ९०१-०८१।२।१४ पालिकाले अपङ्गता भएको व्यक्ति तथा परिवारको लागि सीपमूलक तालिम शीर्षकबाट नगर क्षेत्रका दृष्टि विहिन व्यक्तिहरुलाई हिडडुल गर्न सिकाउने शर्तमा पालिका र सगरमाथा अपाङ्ग संघ, इनरुवाबीच मिति २०८१।१।१३ मा सम्झौता भई सम्झौता बमोजिम रू.१,१९,०००।– भुक्तानी गरेको छ । सम्झौतामा कति जना दृष्टि विहिन व्यक्तिहरुलाई हिडडुल गर्न कति दिन सिकाउने भन्ने शर्त उल्लेख गरेको पाइएन । यसरी तालिम सञ्चालन गर्नुपर्ने दिन र तालिममा सहभागी हुने व्यक्ति निश्चित नगरी लागत अनुमान बेगर सम्झौता गरिनु र बिल भरपाईको आधारमा भुक्तानी हुनुले कार्यक्रमको प्रभावकारिताको मापनमा कठीनाई हुने हुँदा मापदण्ड नबनाई गरिएको सम्झौता नियमसम्मत देखिएन । यस्ता कार्यमा सुधार हुनुपर्दछ ।

६३ फरक शीर्षकमा खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१२) अनुसार कार्यालय प्रमुखले कुनै बजेट उपशीर्षकमा विनियोजित रकम अपर्याप्त छ र सो रकम खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा वाधा पर्ने देखेमा सोको स्पष्ट कारण खुलाई सोही उपशीर्षकको अर्को खर्च उपशीर्षकको मौज्दात रकमबाट खर्च गर्न सक्ने उल्लेख छ । त्यस्तो खर्च भएको रकम नियम ४३ बमोजिम नियमित गराउने दायित्व खर्च गर्ने अधिकारीको हुने व्यवस्था छ । पालिकाले देहायका शीर्षकमा फरक शीर्षकबाट खर्च गरेको देखिएको रकम नियमित हुनुपर्दछ । रू.

क्र.सं.	भौ.नं./मिति	खर्च लेख्नु पर्ने शीर्षक (विनियोजित शीर्षक)	खर्च लेखेको शीर्षक	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम
१	६३१।३।२०	सरसफाइ सेवा शुल्क	इन्धन	सुनसरी आयल सप्लायर्स	५,६७,४८१
२	६४३।९।२०	पानी तथा विजुली	घर भाडा	विकेश मेहता	१,०२,९८०
३	७२२।९।२३	धार्मिक सास्कृतिक सहायता		इनरुवा ब्याडमिन्टन क्लव	१९,९००
४	१०९६।११।२२	सरसफाइ सेवा शुल्क	इन्धन	सुनसरी आयल सप्लायर्स	३,४२,६७७
५	७८६।१०।२३	धार्मिक सास्कृतिक सहायता	फूलबारी क्रिकेट क्लब	फूलबारी क्रिकेट क्लब	४,००,००
६	२१८३/३।२०	५०% लागत सहभागितामा सिचाइको लागि वोरिङ, चापाकटर तथा स्प्रे मेशिन वतरण	मिल्किङ मेशिन खरिद	किसान ट्रेडर्स	२०२५०३
				अनियमित भएको	१२,७५,५४१

६४ प्रधानमन्त्री रोजगार कार्यक्रमः

प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ देखिएका व्यहोराहरु देहाय अनुसार छन्

६४.१ **श्रमिक ज्यालामा खर्चः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस वर्ष पालिकालाई ७४ जना श्रमिकलाई रोजगार सृजना गर्न नेपाल सरकारबाट रु २३२२००० र विश्व बैंकबाट रु २६७२००० गरी जम्मा रु ४९९४०००।- प्राप्त भएको छ । पालिका अन्तर्गत रहेका १० वडाहरुमा देहायका ८ योजना सञ्चालन गरी यस वर्ष ६१९ जना सूचीकृत बेरोजगार श्रमिकहरुमध्ये ७० जनालाई औसत ७५ दिनले कुल ५२८८ दिन रोजगारी उपलव्ध गराई प्रतिदिन रू. ६६८ का दरले रु ३५३२१६८ श्रमिक ज्यालामा खर्च गरेको छ ।

क्र स	योजनाको नाम	वडा	श्रमिक संख्या	जम्मा कार्य दिन	लागत अनुमान	कार्य सम्पन्न	भूक्तानी रकम
१	इनरुवा ३ को विभिन्न स्थानमा खानेपानीको लागि पाइपलाइन विस्तार तथा कुलो पैनी मर्मत र सरसफाई	३	११	१००६	८४१८०८.३१	६७२२७२.५४	६७२०००
२	इनरुवा ५ को विभिन्न स्थानमा खानेपानीको लागि पाइपलाइन विस्तार तथा कुलो पैनी सरसफाई	५	७	६२१	५१७९२३.९९८	४१५४८५.४६	४१४८२८
३	इनरुवा १ को विभिन्न स्थानमा कुलो पैनी मर्मत सम्भार कार्य	१	५	५२५	५०४१८५ .१५	३५०८१४ .७४	३५०७००
४	इनरुवा २ को विभिन्न स्थानमा कुलो पैनी मर्मत सम्भार कार्य	२	७	५४८	३९७८८८.५५	३६६३६६.९३	३६६०६४
५	इनरुवा ७ मा साना तथा ठुलो भी सी तथा नहर सरसफाई गर्ने कार्य	७	८	६७८	४९२४६५.५९	४५२६९६.२९	४५२६९६
६	इनरुवा ८ मा कृषि बाटो निर्माण गर्ने तथा अन्य बाटो मर्मत सम्भार गर्ने कार्य	८	१५	४६१	४०२३६५.३१	३०८९१८.३३	३०७९४८
७	इनरुवा ४ को विभिन्न स्थानमा कुलो पैनी मर्मत सम्भार तथा सरसफाई	४	७	५२९	४३५५८२.४६	३५३६०९.९	३५३३७२
८	इनरुवा १० को विभिन्न स्थानमा कुलो पैनी मर्मत सम्भार तथा नाला सरसफाई	१०	१०	९२०	६९६८५५.४२	६१४९०६.६३	६१४५६०
	जम्मा		७०	५२८८	३७८४८९०	३५३५०७०	३५३२१६८

(विस्तृत विवरण बेरूजु दफा ६४.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६४.२ **अनुगमन भत्ताः** १२२२-०८१।३।२४ पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमको अनुगमन गरेको भनी रू.३५,०००।– खर्च लेखेकोमा अनुगमन भत्ताबापतको रकम बितरण गरेको भरपाई संलग्न नभएकोले भुक्तानी पाउने कार्यक्रम संयोजक आशिष भट्टराईबाट असुल/ प्रमाण पेश हुनुपर्दछ ।

असुल गर्नुपर्ने	३५,०००

६५ **भिटामिन ए क्याप्सुल बितरणः** (३२३-२०८०-९-२३):

नगरपालिकाले ६ देखि ५९ महिनाका बालबालिकाहरुलाई भिटामिन ए र १२ देखि ५९ महिनासम्मका बालबालिकाहरुलाई जुकाको औषधि वर्षमा २ पटक (बैशाख ६ र ७ र कार्तिक २ र ३ गते) महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाले खुवाउने कार्यक्रमको अनुगमन स्थानीय तहका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाबाट गर्नुपर्ने र सो कार्य गरेबापत दुई दिनको प्रति दिन प्रति व्यक्ति रू.१,०००।– का दरले अनुगमन भत्ता पाउने व्यवस्था छ । पालिकाले २०८० कार्तिक १७ र १८ गते भिटामिन ए कार्यक्रम सञ्चालन

गरेको भनी अनुगमन गरेबापत २/२ दिनको अनुगमन भत्ता भुक्तानी हुनुपर्नेमा सो भन्दा बढी दिनको भुक्तानी भएको देखिएकोले बढी दिनको भुक्तानी भएको रकम असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्दछ ।

क्र.सं.	अनुगमन कर्ता	सञ्चालन मिति	अनुगमन भत्ता लिएको संख्या	लिनु पर्ने संख्या	दर	पारिश्रमिक कर कट्टापछि बढी भुक्तानी भएको रकम
१	स्वास्थ्य शाखा प्रमुख निखिल पोखरेल	२०८० कार्तिक १७ र १८	१३	२	१०००	९३००
२	अधिकृत मिश्रीलाल मेहता	"	१३	२	१०००	९३००
३	अधिकृत सन्तोष कुमार देव	"	१३	२	१०००	९३००
४	स्वास्थ्य शाखा प्रमुख निखिल पोखरेल	२०८१ बैशाख ६ र ७	१३	२	१०००	९३००
५	अधिकृत मिश्रीलाल मेहता	"	१३	२	१०००	९३००
६	अधिकृत सन्तोष कुमार देव	"	१३	२	१०००	९३००
	जम्मा					५५८००

असुल गर्नुपर्ने	५५,८००

६६ **भ्रमण भत्ताः**

भ्रमण खर्च नियमावली, २०६४ को नियम १० मा कार्यालयबाट २० किलोमिटर भन्दा बढी दूरीको स्थानमा कामकाज गर्नु पर्दा दैनिक भ्रमण भत्ता भुक्तानी गर्न सकिने तर नियम ७ को उपनियम ३ मा एकै दिन गई फर्कने गरी सरकारी काममा काज खटी जाने पदाधिकारी वा कर्मचारीले भ्रमण खर्च र दैनिक भत्ताको पच्चीस प्रतिशत खाजा खर्च मात्र पाउने व्यवस्था छ । नगरपालिकाले नियमावलीमा भएको व्यवस्था भन्दा कम दूरी रहेको देहायका स्थानहरुमा भ्रमण गर्ने कर्मचारीहरुलाई भुक्तानी गर्नुपर्ने भन्दा बढी रकम भ्रमण भत्ताबापत भुक्तानी गरेको देखिएकोले भुक्तानी गर्न निमिल्ने भ्रमण भत्ता सम्बन्धितबाट असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्दछ ।

क्र.सं.	भौ.नं./मिति	भ्रमण गर्ने कर्मचारी/ पदाधिकारी	भ्रमण गरेको स्थान	भ्रमण गर्नुको उद्देश्य	भ्रमण अविध	भुक्तानी हुनुपर्ने रकम	भुक्तानी भएको रकम	बढी भुक्तानी भएको रकम	कैफियत
१	१३५-०८०।६।२९	अधिकृत प्रमोद कुमार मेहता	इनरुवा नगरपालिका, भोक्राहा नरसिंह गाउँपालिका,इटहरी र धारान उपमहानगरपालिका	फिल्ड सुपरीवेक्षण गर्न	२०८० भाद्र ५ देखि ८ गतेसम्म	१६००	६४००	४८००	हाजिरी रजिष्टरमा हाजिरी जनाएको
२	"	"	"	फिल्ड सुपरीवेक्षण गर्न	२०८० असोज २१ देखि २४ गतेसम्म	१६००	६४००	४८००	हाजिरी रजिष्टरमा हाजिरी जनाएको
३	"	"	"	वर्षभरि गरिने क्रियाकलापको छलफल	२०८० श्रावण ९ देखि १२ गतेसम्म	१६००	६४००	४८००	हाजिरी रजिष्टरमा हाजिरी जनाएको
४	३३७-०८०।१०।२४	अधिकृत प्रमोद कुमार मेहता	भोक्राहा नरसिंह गाउँपालिका	अभिमुखीकरण कार्यक्रम गर्न	२०८० माघ ८ देखि १२ गतेसम्म	२०००	८०००	६०००	हाजिरी रजिष्टरमा हाजिरी जनाएको
५	"	"	भोक्राहा नरसिंह गाउँपालिका	अन्तरक्रिया कार्यक्रम गर्न	२०८० पुस १७ देखि १८ गतेसम्म	८००	३२००	२४००	हाजिरी रजिष्टरमा हाजिरी जनाएको
६	"	"	इनरुवा नगरपालिका भित्र	अभिमुखीकरण कार्यक्रम गर्न	२०८० माघ ३ देखि ५ गतेसम्म	१२००	४८००	३६००	हाजिरी रजिष्टरमा हाजिरी जनाएको
७	३३८-०८०।१०।२४	अधिकृत सातौँ धिरज भट्टराई	भोक्राहा नरसिंह गाउँपालिका	अभिमुखीकरण कार्यक्रम गर्न	२०८० माघ ८ देखि १२ गतेसम्म	२०००	८०००	६०००	हाजिरी रजिष्टरमा हाजिरी जनाएको
८	"	"	भोक्राहा नरसिंह गाउँपालिका	अन्तरक्रिया कार्यक्रम गर्न	२०८० पुस १७ देखि १८ गतेसम्म	८००	३२००	२४००	हाजिरी रजिष्टरमा हाजिरी जनाएको
९	"	"	इनरुवा नगरपालिका भित्र	अभिमुखीकरण कार्यक्रम गर्न	२०८० माघ ३ देखि ५ गतेसम्म	१२००	४८००	३६००	हाजिरी रजिष्टरमा हाजिरी जनाएको

१०	"	"	बिराटनगर	समक्षी कार्यक्रममा सहभागी	२०८० पुस २५ देखि २७ गतेसम्म	०	४८००	४८००	हाजिरी रजिष्टरमा हाजिरी जनाएको
११	७८५-०८०।१२।१९	अधिकृत सातौँ धिरज भट्टराई	धरान, इटहरी र भोक्राहा नरसिंह	जिल्ला स्तरीय कार्यक्रमको लागि समन्वय तथा अन्तर्क्रिया कार्यक्रम	२०८० चैत्र ५ देखि ९ गतेसम्म	०	८०००	८०००	हाजिरी रजिष्टरमा हाजिरी जनाएको
	जम्मा							५१२००	

असुल गर्नुपर्ने	५१,२००

६७ **श्रमको सम्मान कार्यक्रमः** (३८४-२०८०-११-८):

अर्थमन्त्रालयद्वारा जारी कार्य सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं.७.१.१५ मा कार्यक्रममा सहभागीलाई मसलन्दबापत प्रतिव्यक्ति रू.१००।– र खाजा खर्च बापत प्रति दिन प्रति व्यक्ति रू.२००।– का दरले खर्च गर्न पाउने व्यवस्था छ । पालिकाले श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी १ दिने कार्यक्रम पालिका अन्तर्गत रहेका वडाहरूमध्ये ६ वडाहरुमा (मिति २०८०।११।२ मा वडा नं.१० मा र मिति २०८०।११।३ मा वडा नं.२,४,७,८,९) सञ्चालन गरेको देखिन्छ । उक्त वडाहरुमा क्रमशः ६ जना,९ जना, ८ जना, ११ जना, ७ जना र ७ जना गरी ४८ जना उपस्थित भएको देखिन्छ । कार्यक्रममा उपस्थिति सहभागी बमोजिम खाजा, स्टेशनरी र कार्यक्रम व्यवस्थापन (खर्च गर्न पाउने रू.२,५००।– र व्यानरमा खर्च भएको रू.७००।- समेत) मा रू.१७,६००।– खर्च हुनुपर्नेमा खाजा र स्टेशनरीको बिल पेश गरी रू.६०,०००।– खर्च लेखेको छ । खर्च लेख्नु पर्ने भन्दा बढी खर्च लेखेको सम्बन्धमा पालिकाबाट यकिन गरी खर्च पुष्टि नहुने रू.४२,४००।- खर्च रकम कार्यक्रम संचालक आशिष भट्टराईबाट असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्दछ ।

असुल गर्नुपर्ने	४२,४००

६८ **नर्म्स भन्दा बढी खर्चः** (७६६-२०८०-१२-९):

अर्थमन्त्रालयद्वारा जारी कार्य सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं.७.१.१५ मा कार्यक्रममा सहभागीलाई मसलन्दबापत प्रतिव्यक्ति रू.१००।-, खाजा खर्च बापत प्रति दिन प्रति व्यक्ति रू.२००।– का दरले खर्च गर्न पाउने तथा तालिम, गोष्ठीको सहभागीहरुलाई सहभागी भत्ता उपलब्ध नगराउने भनी सूचना प्रकाशन गर्नुपर्ने र सहभागीता भत्ता उपलब्ध गराउनै परेमा कार्यक्रममा नै स्वीकृत गरेर २१ दिन भन्दा कम दिनको तालिम गोष्ठीको लागि रू.७००।- दरले सहभागी भत्ता दिन सकिने व्यवस्था छ । नमुना परीक्षणको रुपमा स्रेस्ता परीक्षण गर्दा पालिकाले सामी कार्यक्रम अन्तर्गत रोजगार केन्द्रसँग सूचना आदान प्रदान समन्वय बैठक तथा अन्तर्क्रिया कार्यक्रम, कार्यक्रमको अनुगमन, क्षमता विकास जस्ता कार्यक्रम सञ्चालन गर्दा निर्देशिकाको पालना गरेको देखिएन । सञ्चालित कार्यक्रममा सहभागी भएका सहभागीहरुको संख्याको आधारमा निर्देशिकामा उल्लेखित दरमा खाजा, सहभागी भत्ता, स्टेशनरी र विविध खर्चमा गरी खर्च लेखिनु पर्ने भन्दा बढी दरमा खर्च लेखिनु निर्देशिकामा भएको व्यवस्थाको पालना नगरिनु हो । निर्देशिकामा भएको व्यवस्था भन्दा बढी खर्च भएको रकम कार्यक्रम संयोजकबाट असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्दछ ।

क्र.सं.	भौ.नं./मिति	कार्यक्रम संयोजक	कार्यक्रमको नाम	सञ्चालित मिति	कार्यक्रममा सहभागी संख्या	खाजा र स्टेशनरीमा हुने खर्च	यातायातमा र सहजकर्तामा भएको खर्च	विविधमा खर्च गर्न पाउने रकम	जम्मा हुनुपर्ने खर्च	खर्च भएको रकम	नर्म्स भन्दा बढी खर्च भएको रकम
१	७६६-०८०।१२।९	प्रमोद कुमार मेहता	रोजगार केन्द्रसँग सूचना आदान प्रदान	२०८०।१२।८	२५	७५००	१७५००	२५००	२७५००	५००००	२२५००
२	७६७-०८०।१२।९	प्रमोद कुमार मेहता	सामी कार्यक्रमको अनुगमन तथा मूल्यांकन	२०८०।१२।७ र ८	२०	६०००		२५००	८५००	४००००	३१५००
३	७८०-०८०।१२।१८	प्रमोद कुमार मेहता	स्थानीय तह कार्यक्रम समन्वय समितिको बैठक	२०८०।१२।८	३०	९०००		३२५०० बैठक भतासमेत	४१५००	८००००	३८५००
	जम्मा								७७५००	१७००००	९२५००

असुल गर्नुपर्ने	९२,५००

६९ **शीर्षक फरक पारी खर्चः** (८३६-२०८०-११-२७):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावलीको नियम ३९ अनुसार सरकारी रकमको खर्च गर्दा बजेट र कार्यक्रमको सिमाभित्र रही गर्नुपर्ने र नियम ४१(क) अनुसार विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सिमा भित्र रही अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले पोषण मैत्री घरको लागि स्टिकर टाँस गर्ने कार्यक्रमबाट OPD टिकट ३०० ठेली प्रति ठेली रू.२५०।- का दरले श्री मनोज पेपर वर्क्स (३०१६८७००५)बाट छपाई मुल्य अभिबृद्धि कर सहित रू.८४,७५०।-भुक्तानी दिएको छ । यसरी पोषण मैत्री घरको लागि स्टिकर टाँस गर्ने कार्यक्रमबाट OPD टिकट छपाउन नियमसँगत नदेखिएकोले छपाई भएको OPD टिकट बुझिलिएको भरपाई सहितको प्रमाण संलग्न गरी शीर्षक बिपरित भएको खर्च नियमित हुनुपर्दछ ।

अनियमित भएको	८४,७५०

७० **संघ सस्थालाई अनुदानः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा बितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दिर्घकालीन पूँजि निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । जसबाट नाफा कमाउने उद्धेश्यले स्थापित लगायत निजी स्वामित्वका संस्थाहरुलाई अनुदान दिन तथा अन्य कार्यका लागि रकम खर्च गर्न मिल्दैन । कार्यालयले निम्न प्रहरी/सैनिकसँग सम्बन्धित संगठनहरु, छुट्टै बजेटरी व्यवस्था भएको नेपाल रेडक्रस सोसाईटी शाखा कार्यालय र अन्य प्रतिष्ठान विभिन्न संस्थालाई विभिन्न उद्धेश्यका लागि अनुदान उपलब्ध गराएको पाईयो । यसरी विभिन्न स्थापनाको उद्धेश्य तथा आफ्नै बजेट

व्यवस्थापना भएका निजी संस्थाहरुलाई भुक्तानी दिनु नियमसम्मत देखिएन । पालिकाबाट भुक्तानी भएको रकम रू. ३०,७९,५४०।-का सम्बन्धमा अनुदान दिनुको आवश्यकता र औचित्य पुष्टी हुनु पर्दछ ।

केहि उद्वाहरण:-

सि.. नं .	ब. उ . शि . नं .	गो. भौ . /मिति	संस्थाको नाम	खर्च/अनुदानको प्रकार	खर्च/अनुदान रकम
१	नगरपालिका पूँजिगत	२९६।०८१।२।९	भु.पु.प्रही संगठन, ईनरुवा	भवन निर्माण अनुदान	४९४१०२
२	नगरपालिका पूँजिगत	२७४।०८१।१।२७	शहिद सरोकार मञ्च नेपाल	तालिम केन्द्र भवन निर्माण	५८८०००
३	प्रदेश सरकार हस्तान्तरित कार्यक्रम		नेपाल रेडक्रस सोसाईटी, ईनरुवा	फर्निचर खरिद अनुदान	३५०८६५
४	,, ,,	५२।०८१।३।२०	नेपाल रेडक्रस सोसाईटी, ईनरुवा	ब्लड बैक फ्रिज २०० लिटर अनुदान	४२७०००
५	,, ,,	६३।०८१।३।२०	नेपाल रेडक्रस सोसाईटी, ईनरुवा	१५ के.भि.ए. टिएमटिएल साईलेन्ट जेनेरेटर अनुदान	७२००००
६	,, ,,	२३७।०८१।१।१२	नेपाल राष्ट्रिय भु.प. शैनिक संघ,	भवन निर्माण अनुदान	४९९५७३
				जम्मा	३०७९५४०

अनियमित भएको	३०,७९,५४०

७१ **गत वर्षको दायित्वः**

७१.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा नियम ३९ को उपनियम १३ र १५ मा उल्लिखित खर्च शीर्षकमा चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नु पर्ने र भुक्तानी दिन बाँकीको विवरण आर्थिक विवरणको साथमा संलग्न गरी तालुक कार्यालय, सम्बन्धित मन्त्रालय र महालेखा परीक्षकको कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले गत आर्थिक वर्षको भुक्तानी बाँकी पूँजीगततर्फ रू.३,३५,३०,३८०।१९ र चालुतर्फ रू.८३,८१,२४१।८१ गरी जम्मा रू.४,१९,११,६२२।-नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट २०८०।८१ मा समावेश गरी यस वर्ष भुक्तानी दिएको छ । तर नियमानुसार भुक्तानी दिन बाँकीको विवरण (म.ले.प.फा.नं. २२१) बमोजिम दायित्व सृजना भएको मिति,कारोबार संकेत नं.,कार्यक्रमको नाम,कारोबारको संक्षिप्त व्यहोरा, भुक्तानी पाउनेको नाम, भुक्तानी दिन बाँकी रकम र भुक्तानी बाँकी रहनुको कारण स्पष्ट खुलाई प्रमाणित गरी राख्नु पर्नेमा राखेको पाइएन । नियमावलीको नियम ३९ को उपनियम १५ मा उल्लिखित खर्च शीर्षक बाहेकको शीर्षकमा चालु शीर्षकबाट रू. ७९,११,७८९।-यस वर्ष भुक्तानी दिएको छ । नगरपालिकाले गत वर्षको भुक्तानी दिन दायित्व सृजना गरेको शीर्षकबाट चालु आर्थिक वर्षको बिल भरपाई पेश गरी भुक्तानी गरेको पाइयो । यसरी गत वर्षको भुक्तानी बाँकी शीर्षकमा यस वर्षको बिल भरपाई राखी रु.३९,५९,०२०।- भएको खर्च कारण पुष्ट्याई सहित नियमित हुनु पर्दछ ।

यस सम्बन्धी विवरणः

क्र.सं.	भौ.नं./मिति	व्यहोरा	भुक्तानी पाउनेको नाम	खुद भुक्तानी
१	२-०८०।५।१०	विजक नं.६ मिति २०८०।५।१	एन के स्टेशनरी एण्ड सप्लायर्स (६२०१७११५९)	४९२१२३
२	४-०८०।५।१०	विजक नं. ६-०८०।५।१	हाम्रो खाजा घर (१२४२७५०१६)	१२७८८६
३	७-०८०।५।१०	वडा नं.३का विभिन्न स्थानमा सडक मर्मत गर्न २०८०।४।१० मा कार्य आदेश दिएको	सतु मन्डल	९४४३२
४	१४-०८०।५।१०	विजक नं.२९७-०८०।५।१० लगायत ५ वटा प्यान बिल २०८० भदौमा जारी गरिएको	प्रभु ईनरुवा सपीङ्ग सेन्टर	८००००
५	१५-०८०।५।१०	विजक नं.३-०८०।५।३ मा जारी गरिएको	पशुपति इम्पोरियम	४८८८०
६	१८-०८०।५।१०	दशै, तिहार,छठ पर्वको शुभकामना लगायतका कार्ड छपाइ गरिएको, बिजक नं.३-०८०।५।१ मा जारी	चौलाली आर्ट एण्ड प्रिनटर्स (६००८८९८३६)	४८८८८०
७	२६-०८०।५।१०	२०८०।४।४ मा गाडी मर्मत गर्ने सम्झौता बमोजिम खर्च	विक्रम कुमार गुप्ता	२७०००
८	३५-०८०।६।२४	विजक नं. ११ र १२ जारी मिति २०८०।६।४ भएको	श्री मनोज पेपर वर्क्स(३०१६८७००५)	४७४०९८
९	३६-०८०।६।२४	को १ झ ५६४ गाडी मर्मत, मर्मत आदेश मिति २०८०।४।५ मा र बिजक नं. २९ , ३० , ३१ मिति २०८०।५।५	अदिश अटो पार्टस (३०५२२३७८०)	६१४६००
१०	४४-०८०।६।२४	फोटोकपी प्रिन्ट तथा फोटो फ्रेम बापत भुक्तानी, बिजक नं.५१७६-०८०।६।१६ मा जारी गरिएको,	देउराली फोटो स्टुडियो तथा फोटोकपी सेन्टर(३०५५४००२७)	१८६५४
११	४५-०८०।६।२४	विजक नं.३४८-०८०।१२।१० बाट करुवा र पानस खरिद, दाखिला र खर्च निकासा मिति ०८०।१२।१०, खर्च लेखिएको	कृष्ण भांडा पसल (३०११४३०३५)	१९७००
१२	४९-०८०।६।२४	बा.च.२९६ नम्बरको एम्बुलेन्स मर्मत, बिजक नं.३४,४५-०८०।५।२ मा जारी गरिएको	दिप ब्रदर्श अटो पार्टस (३०२५६९४३६)	४०९६५६
१३	५०-०८०।६।२४	स्थानीय पाठ्यक्रम छपाइ कार्यक्रममा खर्च, विजक नं. ७-०८०।५।५ को	जनक छापाखाना (३००१००३५६)	९४०००१
१४	५६-०८०।६।२९	बिजक नं.१६३,१६५,१६८-०८०।६।२२ बाट १२ वटा पानस खरिद, दाखिला नं.२९० मिति २०८०।६।२२ मा जिन्सी दाखिला	कृष्ण भांडा पसल (३०११४३०३५)	५४१६०
१५	९४-०८०।११।६	विजक नं.मिति ०८०।४।२	चौलाली आर्ट एण्ड प्रिनटर्स (६००८८९८३६)	६८९५०
	जम्मा			३९५९०२०

अनियमित भएको	३९,५९,०२०

७१.२ **बिल भरपाई नपुगः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात

अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भौचरबाट गत वर्षको बाँकी भनी भुक्तानी दिएकोमा बिल भरपाई परीक्षण गर्दा भुक्तानी दिएको भन्दा बिल भरपाई कम देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्दछ ।

क्र.सं.	भौ.नं./मिति	भुक्तानी रकम	बिल भरपाईको जोडजम्मा	असुल गर्नुपर्ने रकम
१	४७-०८०।६।२४	७३४५८	५४४८२	१८९७६
२	१०५-०८०।११।२१	१४४७९५	१२४७२५	२००७०
	जम्मा	२१८२५३	१७९२०७	३९०४६

असुल गर्नुपर्ने	३९,०४६

७२ **सार्वजनिक निर्माण व्यवस्थापन:-**

सार्वजनिक निर्माण व्यवस्थापन सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन:-

७२.१ **निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन।यस पालिकाले गत विगत वर्षदेखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

कार्य सम्पन्न प्रतिवेदन:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ। तर कार्यालयले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन।

गुणस्तर परिक्षण:- सार्वजनिक खरिद तथा निर्माण संझौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित विभिन्न ठेक्काहरुमा प्रयोग हुने निर्माण सामग्रीहरु रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण ठुला केहि ठेक्काहरुमा गरेको प्रमाण पेश भए पनि अधिकांश साना ठेक्काहरु र उपभोक्ता समितिहरुबाट भएका निर्माण कार्यको परिक्षण भएको पाईएन । जसबाट सार्वजनिक निर्माणमा प्रयोग भएका सामग्रीहरु तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।

डि.एल पि.अभिलेखः- सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी.मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन।यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको एकिन गर्ने सक्ने अवस्था रहेन।अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

AS BUILT DRAWING: सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित ठुला योजनाको समेत AS BUILT DRAWING पेश भएको पाईएन । यस्तो प्रतिवेदन पेश गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

च्यानेज (CHAINAGE) नखुलेको: कार्यालय अन्तर्गतका निम्न सडकहरुको विभिन्न स्थानमा फरक निर्माण व्यवसायीहरुबाट कार्य गराएको पाईयो । उक्त सडकको विभिन्न स्थानमा बोलपत्र, शिलबन्दी दरभाउ पत्र र सोझै खरिद बिभिबाट सडक निर्माण तथा मर्मत सम्बन्धी कार्य गराएको पाईयो । यसरी एकै सडकको फरक फरक स्थानमा निर्माण तथा मर्मत कार्य गराउँदा चेनेज खुलाई लागत अनुमान तयार गर्नु पर्नेमा गरेको पाईएन । यसरी चेनेज तथा कार्य स्थल नखुलाएको कारण निर्माण कार्यको OVER LAPPING भई दोहोरो नापी हुन सक्ने, एउटा निर्माण व्यवसायीको दायित्व भित्रको कार्य अर्को निर्माण व्यवसायीबाट भई भुक्तानी हुने सम्भावना रहन्छ । उल्लेखित योजनाहरुको कार्यस्थलको DEMARCATION तथा चेनेज नखुलेको कारण सडकको फरक फरक खण्डमा कार्य भए नभएको एकिन गर्न सकिएन । यसमा कार्यालयले ध्यान दिएको पाईएन ।

उपभोक्ता समितिबाट कार्य:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी स्थानीय सीप, स्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वियन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची १ मा तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिबाट कार्यहरु गराउँदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्नेमा गरेको पाईएन ।

प्राकृतिक स्रोतको रोयल्टी :- कोशी प्रदेश आर्थिक ऐन-२०८० को दफा ७(१), अनुसुचि-५ बमोजिम पालिकाले प्रदेश सरकारले तोकेको ढुङ्गा, गिट्टीको लागि रू.७ प्रति घन फिट र बालुवा लगायतका निर्माण समाग्रीमा रू.६ प्रति घन फिटको का दरले रोयल्टी असुल गर्नु पर्नेमा गरेको पाईएन।कार्यालयले ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट लागयतका स्थानीय निर्माण सामग्रीहरुको रोयल्टी संकलनका लागि सबै स्रोतहरुमा ठेक्का लगाएको छैन । विभिन्न योजनाहरुमा स्थानीय खोलानाला र खानीहरुबाट संकलन गरिएको निर्माण सामग्री प्रयोग गरेको पाईएको हुँदा सो बापतको रोयल्टी रकम गणना गरी असुल गर्नु पर्नेमा गरेको पाईएन।पालिकाबाट विभिन्न योजनामा प्रयोग भएको निर्माण सामग्री बापतको रोयल्टी रकम आगामी बर्ष देखि एकिन गरी असुल गर्नु पर्दछ ।

७२.२ **कार्यालयको काम उपभोक्ता समितिमार्फत गराएकोः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहाय अनुसार रू. १८,७१,२४७।- खर्च गरेको छ।उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत सरकारी भवनहरु निर्माण तथा मर्मत कार्य गराउनु अनियमित देखिएको रू..

क्र.स.	ब. उ . शि . नं .	गो. भौ./मिति	उपभोक्ता समितिको नाम	कामको बिवरण	खुद भएको काम	भुक्तानी रकम
गत बर्षको भुक्तानी						
१	नगरपालिका पूँजिगत	५२।०८०।७।२२	जेष्ठ नागरिक बिश्रामस्थल भवन निर्माण, उ.स.	जेष्ठ नागरिक बिश्रामस्थल भवन निर्माण, वडा नं.-५	९९८३१८	७९८६५५
२	नगरपालिका पूँजिगत	४९।०८०।७।२१	जेष्ठ नागरिक बिश्रामस्थल भवन निर्माण, उ.स.	जेष्ठ नागरिक बिश्रामस्थल भवन निर्माण, वडा नं.-२	१३७०७४०	१०७२५९२
					जम्मा	१८७१२४७

अनियमित भएको	१८,७१,२४७

७२.३ **निर्माणतर्फ सोझै खरिदः-** सार्वजनिक खरिद ऐन २०६३, को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नु हुदैन भनी उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक नियमावलीले तोकेको सिमा भन्दा बढी रकमको वा एउटै ब्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन । त्यस्तै सोही नियमावलीको नियम ८४(१) अनुसार सार्वजनिक निकायले बीस लाखसम्म लागत अनुमान भएको सार्वजनिक खरिद वा मालसामान शिलबन्पदी दरभाउ पत्रको माध्यमबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सार्वजनिक खरिद कार्यको प्रकृति अनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सिमा अनुसार दरभाउ पत्र मार्फत कार्य गराउनु पर्नेमा निम्नानुसारको रू. ७२,५३,६१७।- बराबरको सार्वजनिक खरिद कार्य प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी सोझै गराएको पाईयो । पालिकाले सोझै कार्य गराएका निम्नानुसारका योजनामध्ये अधिकांश योजनाहरु बाटोमा माटो पुर्ने तथा ग्राभेल गर्ने प्रकृतिको पाईएको हुँदा दिगो विकासमा पालिकाले ध्यान दिएको पाईएन । पालिकाले सालिन्दा सडकमा माटो तथा ग्राभेल पुर्ने कार्यमा ठुलो रकम खर्च गर्दै जानु, सो कार्यको अस्तित्व अर्को आर्थिक बर्षसम्म नरहनु र सोही स्थलमा दोहोर्‍याएर कार्य गराए नगराएको एकिन गर्न नसकिने अवस्था रहेको छ । पालिकाले बजेटको ठुलो अंश सोझै खरिद गर्ने उद्धेश्यबाट बाँडफाँड गरि कार्य गराएको सम्बन्धमा सम्बन्धित निकायले ध्यान दिनुपर्दछ । पालिकाले यसरी खर्च गर्नुको कारण र औचित्य पुष्टी गरी खर्च नियमित गर्नु पर्दछ ।

क्र.स.	ब.उ.शि.नं.	गो. भौ. नं./ मिति	भुक्तानी पाउने फर्मको नाम	बिवरण	बिजक नं./ मिति	मू.अ.कर सहित भुक्तानी रू.
१	नगरपालिका पूँजिगत	३०।०८०। ६।२४	बि. एण्ड बि. कन्ष्ट्रक्सन, ईनरुवा	वडा कार्यालयको घेराबार तथा मोटरसाईकल स्टेण्ड निर्माण	०१।०८०। ६।३०	९९३५४१
२	नगरपालिका पूँजिगत	२९।०८०। ६।२४	सेलेष्टी कन्ष्ट्रक्सन, ईनरुवा	जेष्ट नागरिक भवन निर्माण	०२।०८०। ६।२६	९९७७१६
३	नगरपालिका पूँजिगत	१५।०८०। ६।२३	शसी निर्माण सेवा, बराहक्षेत्र	जनजागृति टोलमा ईन्टरब्लक टायल बिछ्याउने कार्य	०१।०८०। ६।२८	८५४०६५
४	नगरपालिका पूँजिगत	१४।०८०। ६।२३	त्रिबेणी निर्माण सेवा, बराहक्षेत्र-४,	वडा नं.-३, जनजागृति टोल आधारभुत स्वास्थ्य केन्द्र जाने बाटो	०२।०८०। ६।२३	९७३९०५
५	नगरपालिका पूँजिगत	१२।०८०। ६।२१	माँ जल्पा निर्माण सेवा	बाबु चौधरीको घरदेखि वडा कार्यालय जाने बाटोमा ग्राभेल गर्ने कार्य, ईनरुवा	–	९८९२५६
५	नगरपालिका पूँजिगत	१०।०८०। ५।१०	बि.एन.एस. कन्ष्ट्रक्सन, ईनरुवा-१	ध्रुब रेग्मीको घरदेखि राम अवतार साहको घरसम्मको बाटोमा टायल लगाउने कार्य	०१।०८०। ५।१०	९९७७५३
६	नगरपालिका पूँजिगत	९६।०८०। ११।८	सुबेक्षा कन्ष्ट्रक्सन, सुनसरी	बाटोमा माटो पुरी ग्राभेल गर्ने कार्य	०१।०८०। ११।६	४५३४६०
७	नगरपालिका पूँजिगत	७४।०८०। ८।२६	शिव कन्ष्ट्रक्सन, सुनसरी	जेष्ठ नागरिक भवन निर्माण	२।०८०। ८।२५	९९३९२१
					जम्मा	७२५३६१७

(विस्तृत विवरण बेरूजु दफा ७२.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	७२,५३,६१७

७२.४ **पेश्की जमानतः-** ३६।०८०।७।२१ पालिकाले निम्नानुसारका योजनाका निर्माण व्यवसायी फर्महरुलाई रू.२८००००।- मोबिलाईजेशन पेश्की उपलब्ध गराएकोमा पेश्की जमानतको म्याद मिति- १५ जुलाई, २०२४ मा समाप्त भएको पाईयो । उक्त पेश्की रकममध्ये रू.२००००० हालसम्म फर्स्यौट भएको नपाईएको साथै जमानतको म्याद समाप्त भएको कारण पेश्की जोखिममा पर्न सक्ने देखिएको हुँदा जमानतको म्याद थप गर्नका लागि पालिकाले पहल गर्नुपर्नेमा गरेको पाईएन।पालिकाबाट पेश्की जमानतको म्याद थप गरेको प्रमाण पेश लेखापरीक्षण अवधिसम्म पेश भएन । पालिकाबाट पेश्की जमानतको म्याद थप गरेको प्रमाण पेश हुनुपर्दछ, अन्यथा जमानत बापतको रकम रू. ।- असुल हुनु पर्दछ ।

क्र.स.	ठेक्का नं.	योजनाको नाम	निर्माण व्यवसायीको नाम	ग्यारेन्टी नं.	ग्यारेन्टीको कायम म्याद	ग्यारेन्टी रकम
१	INRROAD-11/080/81	राजाजी थान जाने सडक निर्माण	जल्पापुर मुस्लिम निर्माण सेवा	APG/023/006/5523/23	१५ जुलाई २०२४	२८००००
					जम्मा	२८००००

प्रमाण पेश नगरेको	२,८०,०००

७२.५ **मधेसा खानेपानी योजनाः** ५५०।०८१।३।२४ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, ईटहरी र मधेसा खानेपानी तथा सरसफाई उपभोक्ता समितिबीच मिति २०८०।११।२० मा भएको सम्झौता अनुसार निर्माण सामग्री बाहेकको कुल लागत अनुमान रू. ५८,२५,६३१।७८ मध्ये रू. २५,८६,३०५।०६ पालिकाले र बाँकी रू.३२,३९,३२६।७२ उपभोक्ताले ब्यहोर्ने उल्लेख भएको पाईयो ।

यसरी एउटा सरकारी निकायसँग भएको सम्झौता अनुसारको जनश्रमदानको दायित्व अर्को सरकारी निकायमा स्थानान्तरण (Lability Transfer) गर्न मिल्ने देखिदैन । आफुले ब्यहोर्नु पर्ने कार्य दायित्व पालिकाबाट ब्यहोर्न लाउने उद्धेश्यका साथ ईनरुवा नगरपालिका र मधेसा खानेपानी तथा सरसफाई उपभोक्ता समितिबीच सोही योजनाका लागि सम्झौता भएको पाईयो । सम्झौता अनुसार उक्त योजनाको जनश्रमदानको अंश बापतको रू.१९,५५,४६१।९८ बराबरको बाँकी कार्यको ७६.७१% ले हुन आउने रू.१५,००,०००।- पालिकाले ब्यहोरेको पाईयो । उक्त योजनाको स्वामित्व तथा सोबाट प्राप्त हुने आम्दानी पूर्ण रुपमा मधेशा खानेपानी उपभोक्ता समितिले प्राप्त गर्ने हुँदा एक सरकारी निकायसँग भएको सम्झौता बमोजिम उपभोक्ता समितिले ब्यहोर्नु पर्ने श्रमदानको अंश पालिकाले ब्यहोर्न मिल्ने देखिदैन । यसरी अन्तर सरकारी निकायका बीच समन्वय नगरी पालिकाबाट मधेसा खानेपानी उपभोक्ता समितिलाई भुक्तानी भएको रू.१५,००,०००।- समितिबाट असुल हुनुपर्दछ ।

असुल गर्नुपर्ने	१५,००,०००

७२.६ **ईट्टा तथा कंक्रिटको दर बिश्लेषण (उपभोक्ता):-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सिमेन्ट, फलामे डण्डी, इंटा, माटो, बालुवा, क्रकंट पाता, पोलिथिन पाईप, जि.आई.तार लगायतका निर्माण सामग्रीको दरभाऊ, मेशिन र उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्न योजनाको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको प्रयोग नगरेको कारणबाट निम्न आईटमवाईज कार्यको लागत अनुमान बढेको पाईयो । जसबाट कार्यालयलाई रू. ५,६५,५०४।- बढी ब्ययभार परेको पाईयो । उक्त रकममा उपभोक्ताको अंश कट्टी गर्दा हुन आउने रू. ४,५२,९४१।-नियमित हुनुपर्दछ ।

क्र.स.	ब.उ.शि.नं.	गो.भौ./ मिति	योजनाको नाम	उपभोक्ता समितिको नाम	आईटमवाईज कार्यको बिवरण	खुद भएको कार्य परिमाण (घ.मी.)	लागत अनुमानको दर	तयार हुनुपर्ने ल.ई. को दर	बढी भुक्तानी भएको	उपभोक्ताको अंश	खुद भुक्तानी
१.	नगरपालिका पूँजिगत	४९। ०८०। ८।१७	फोहरमैला व्यवस्थापन केन्द्र ईनरुवा-८ मा कम्पाण्ड वाल निर्माण	फोहरमैला व्यवस्थापन केन्द्र ईनरुवा-८ मा कम्पाण्ड वाल निर्माण उ.स.	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:6 C/S	१७२.५३	१५१०३। ४९	१३४४२। ३९	२८६५९०	५७३१८	२२९२
२.	नगरपालिका पूँजिगत	३९५। ०८१। ३।५	मस्जिदमा सेफ्टी ट्याङ्की निर्माण	मस्जिदमा सेफ्टी ट्याङ्की निर्माण उ.स.	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:6 C/S	५.०३	१५४९४। ३८	१३८३३। २८	८३५५	१६५३	६७०२
३.	नगरपालिका पूँजिगत	३७३। ०८१। २।२९	जामे मस्जिद बाटो निर्माण	जामे मस्जिद बाटो निर्माण उ.स.	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:6 C/S	८.५७	१५४९४। ३८	१३८३३। २८	१४२३६	२८४७	११३८
४.	नगरपालिका पूँजिगत	३७१। ०८१। २।२९	ग्रामथान निर्माण	ग्रामथान निर्माण उपभोक्ता समिति	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:6 C/S	६.२२	१५४९४। ३८	१३८३३। २८	१०३३२	२०६६	८२६६
५.	नगरपालिका पूँजिगत	३३७। ०८१। २।२२	साबिक जल्पापुर-४, मा कल्भर्ट निर्माण	साबिक जल्पापुर-४, मा कल्भर्ट निर्माण उ.स.	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:4 C/S	९.२७	१६०३५। ३४	१४३७४। २४	१५३९८	३०८०	१२३१
६.	नगरपालिका पूँजिगत	३२७। ०८१। २।१८	डोमीदेखि उरावको घरदेखि	डोमीदेखि उरावको घरदेखि	FIRST CLASS CHIMNEY (BHATTA)	६.८३	१६०३५। ३४	१४३७४। २४	११३४५	१९२९	९४१६

			पश्चिम सुनसरी खोलामा समसान घाट निर्माण	पश्चिम सुनसरी खोलामा समसान घाट निर्माण उ.स.	BRICK MASONRY WORK 1:4 C/S						
६.	नगरपालिका पूँजिगत	३०९।०८१।२।१४	अजिजा जामे मस्जिद पर्खाल निर्माण	अजिजा जामे मस्जिद पर्खाल निर्माण उ.स.	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:4 C/S	१०.४१	१६०३५।३४	१४३७४।२४	१७२९२	५८७९	११४१
७.	नगरपालिका पूँजिगत	२३७।०८१।१।१२	नेपाल राष्ट्रिय भु.प.शैनिक संघ	नेपाल राष्ट्रिय भु.प.शैनिक संघ संघ	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:6 C/S	२५.६७	१४४९३।७०	१२९५०।९०	३९६०४	७९२१	३१६८
८.	नगरपालिका पूँजिगत	२७४।०८१।१।२७	शहिद सरोकार मञ्च नेपालको तालिम केन्द्र भवन निर्माण	शहिद सरोकार मञ्च नेपालको तालिम केन्द्र भवन निर्माण उ.स.	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:4 C/S	१८.१६	१४७४३।८८	१३२०१।०८	२८०१७	२८०२	२५२१ (१५४: ८०)
९.	नगरपालिका पूँजिगत	३९५।०८१।३।५	मस्जिदमा सेफ्टी ट्याङ्की निर्माण	मस्जिदमा सेफ्टी ट्याङ्की निर्माण उ.स.	DRY BRICK LAYING (SOLING) IN SAND	११३.८५	१११४।८५	८८३।८५	२६२९९	५२६०	२१०३

गत बर्षको भुक्तानी १५४२।८०

१०.	नगरपालिका पूँजिगत	५२। ०८०। ७।२२	जेष्ठ नागरिक बिश्रामस्थल भवन निर्माण, वडा नं.-५	जेष्ठ नागरिक बिश्रामस्थल भवन निर्माण, उ.स.	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:4 C/S	२३.६९	१४७४३। ८८	१३२०१। ००	३५५४९	७३१०	२९२३
११.	नगरपालिका पूँजिगत	४९। ०८०। ७।२१	जेष्ठ नागरिक बिश्रामस्थल भवन निर्माण, उ.स.	जेष्ठ नागरिक बिश्रामस्थल भवन निर्माण, वडा नं.-२	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:4 C/S	१४।६६	१४७४३। ८८	१३२०१। ००	२२६१९	४५२४	१८०९
१२.	नगरपालिका पूँजिगत	५२। ०८०। ७।२२	जेष्ठ नागरिक बिश्रामस्थल भवन निर्माण, वडा नं.-५	जेष्ठ नागरिक बिश्रामस्थल भवन निर्माण, उ.स.	Concreting of Foundation Vertical faces in Drain wall RCC 1:2:4	१६.८२	१४७५८। २१	११७९३। ४१	४९८६८	९९७४	३९८९
								जम्मा	**५६५५०४**	**११२५६३**	**४५२९**

(विस्तृत विवरण बेरूजु दफा ७२.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	४,५३,९४१

७२.७ **ट्याक कोटको खपत:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । सडक विभागबाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 -BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औषत ०.४ देखि ०.६ सम्म हुने उल्लेख छ। पालिकाले देहाय सडक कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण बढीमा ०.६० लिटर प्रति बर्गमिटर भन्दा देहाय बमोजिम बढी हुने

गरी लागत अनुमान तयार गरेको पाइयो । यसरी बढी लागत अनुमान तयार हुन गएको कारण योजना समापन हुँदा बढी देखियो । यसरी स्वीकृत नर्म्सको पालना नभएको कारण रू. ५,१३,७६३।- बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ । रू.

क्र.स.	ब.उ.शि.नं.	गो. भौ. नं./ मिति	योजनाको नाम	निर्माण व्यवसायी	आईटमवाईज कार्य	ट्र्याक कोट प्रयोग भएको क्षेत्रफल (बर्ग मिटर)	ट्र्याक कोट प्रयोग भएको परिमाण (लि.)	खपत हुनुपर्ने परिमाण (लि.) १ बर्ग मिटर=०.६ लि. का दरले	वढी खपत परीमाण लि	दर (मू.अ.कर सहित)	असुल गर्नुपर्ने
१.	संघिय सरकार हस्तान्तरित कार्यक्रम पूँजिगत	१००। ०८१। ३।२२	हुलाक देखि अमिरलाल यादबको घरसम्म को सडक कालोपत्र गर्ने कार्य	अली बिल्डर्स प्रा.लि., ईनरुवा-५	Providing & applying track coat MC 30/70	३४१४.६५	३४१४.६५	२०४८.७९	१३६५। ८६	१४६। ९०	२००६[illegible]
गत बर्षको भुक्तानी बाँकी											
२.	नगरपालिका पूँजिगत	७८। ०८०। ९।२	टेम्पो स्टेण्डदेखि जिल्ला अस्पताल पश्चिम गेटसम्म पक्की नाला निर्माण	निकिता एण्ड राज कन्ष्ट्रक्सन प्रा.लि., सुनसरी	Providing & applying track coat MC 30/70	३४६३.७०	३४६३.७०	२०७८.२२	१३८५.४८	२२६	३१३१[illegible]
										जम्मा	**५१३७[illegible]**

(विस्तृत विवरण बेरूजु दफा ७२.७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	५,१३,७६३

७२.८ **उपभोक्ता समिति :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को ३८(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई, प्रमाण र कागजात पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम, ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधिको बारेमा उल्लेख छ । उपभोक्ता समितिबाट सार्वजनिक निर्माण कार्य गराउँदा, मेशिनरीको प्रयोग, फलामे डण्डी, सिमेन्ट, ईट्टा, कर्कटपाता रङ्ग, पाईप जस्ता मूल्य अभिबृद्धि कर लाग्ने निर्माण सामग्रीहरु खरिद गरी कर बिजक पेश गरेको अवस्थामा मात्र उपभोक्ताले तिरेको मूल्य अभिबृद्धि कर थप गरी भुक्तानी दिनुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले निम्न योजनामा उपभोक्ता समितिबाट पेश भएको बिल भरपाई भन्दा बढी भुक्तानी दिएको पाईयो । यसरी बिल भरपाई भन्दा बढी भुक्तानी भएको रकममा उपभोक्ता समितिको अंश कट्टी गरी बाँकी रकम बैंक दाखिला भएको प्रमाण पेश हुनुपर्दछ ।

क्र.स.	ब.उ.शि.नं.	गो.भौ./ मिति	आयोजनाको नाम	आईटमवाईज कामको नाम	कार्य परिमाण	भुक्तानी भएको रकम			पेश भएको बिल बमोजिम भुक्तानी हुनुपर्ने रकम रू.	बढी भुक्तानी भएको रकम	उ.स.को अंश	खुद भुक्ता भएक रू.
						फर्मको नाम	बिजक नं./ मिति	रकम रू.				
१.	नगरपालिका पूँजिगत	५५०। ०८१। ३।२४	मधेशा खानेपानी योजना	All time of soil excavation & back filling in soft clay & silty soil by machine	१९०९.१२	सन्दिप निर्माण सेवा	६। ०८१। ३।२	१८१३६६। ४०	१५१४२०	२९९४६	६९७४	२२९
									जम्मा	**२९९४६**	**६९७४**	**२२९**

(विस्तृत विवरण बेरूजु दफा ७२.८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	२२,९७२

७२.९ **ईट्टा तथा कंक्रिटको दर बिश्लेषण (ठेक्का):-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सिमेन्ट, फलामे डण्डी, इंटा, माटो, बालुवा, क्रकंट पाता, पोलिथिन पाईप, जि.आई.तार लगायतका निर्माण सामग्रीको दरभाऊ, मेशिन र उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्न योजनाको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको प्रयोग नगरेको कारणबाट निम्न आईटमवाईज कार्यको लागत अनुमान बढेको पाईपो । जसबाट पालिकालाई रू. ४१,४२,६६४।- बढी ब्ययभार परेकोले नियमित हुनुपर्दछ ।

क्र.स.	ब.उ.शि.नं.	गो.भौ./ मिति	योजनाको नाम	निर्माण व्यवसायी फर्मको नाम	आईटमवाईज कार्यको बिवरण	लागत अनुमानको कार्य परिमाण (घ.मी.)	लागत अनुमानको दर	तयार हुनुपर्ने ल.ई. को दर	बढी हुन गएको ल.ई.	कैफि
१.	प्रदेश सरकार हस्तान्तरित कार्यक्रम	१०। ०८१। ३।२३	रामजानकी गुठी बजारमा ट्रस निर्माण	जल्पा निर्माण सेवा, ईनरुवा	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1: 6 C/S	६७.४६	१७९४८	१६०३८	१२८८४९	तरा साइ २५ mm औष थान हुनु ईट्टा मिट भए जिह रू.
२.	संघिय सरकार हस्तान्तरित कार्यक्रम पूँजिगत	९१। ०८१। ३।२१	सन्सारी आर्किटेक एण्ड बिल्डर्स प्रा.लि.,	नगरपालिका परिसरमा अपांग मैत्री शौचालय निर्माण	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:4 C/S	१६.२३	१७२२२	१५५३१। ५०	२७४३७	,, ,,
३.	संघिय सरकार हस्तान्तरित कार्यक्रम पूँजिगत	३६। ०८०। १२।६	अधुरो सभाहल निर्माण	बि.एन.एस. कन्ष्ट्रक्सन, ईनरुवा	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:6 C/S	२५.५९	१७९४८	१६०३८	४९६४१	,, ,,
४.	संघिय सरकार हस्तान्तरित कार्यक्रम पूँजिगत	१००। ०८१। ३।२२	हुलाक देखि अमिरलाल यादबको घरसम्म को सडक कालोपत्र गर्ने कार्य	अली बिल्डर्स प्रा.लि., ईनरुवा	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:4 C/S	३९.११	१८५६९। ६६	१६६५९। ४०	७४७१०	,, ,,
५.	संघिय सरकार हस्तान्तरित कार्यक्रम पूँजिगत	१००। ०८१। ३।२२	हुलाक देखि अमिरलाल यादबको घरसम्म को सडक कालोपत्र गर्ने कार्य	अली बिल्डर्स प्रा.लि., ईनरुवा	DRY BRICK LAYING (SOLING) IN SAND	७८.०८	१२८२। ०८	१०२७। ९२	१९८४५	,, ,,
६.	,,	१२७। ०८१। ३।२४	बलाहा बहुमुखी क्याम्पस जाने बाटोमा RCC Drain तथा बाटो निर्माण	जल्पापुर मुस्लिम निर्माण सेवा, ईनरुवा-१० सुनसरी	Concreting of Foundation Vertical faces in Drain wall RCC 1:2:4	३५०.६३	१६४७३। ९७	१४४२०। ००	७२०१८३	सड नम्र 1:2 नभ बिभ

										1:2 अनु कार स्वी उल्ले भन्द Co गरेव दरले भएव
७.	नगरपालिका पूँजिगत	८४। ०८०। ९।२३	RCC Drain Construction Work	आर.एस.कन्ष्ट्रक्सन, जनकपुर	Concreting of Foundation Vertical faces in Drain wall RCC 1:2:4	२०६.२५	१६४७३। ९७	१४४२०। ००	६७८४८६	,, ,,
८.	संघिय सरकार हस्तान्तरित कार्यक्रम पूँजिगत	३६। ०८०। १२।६	अधुरो सभाहल निर्माण	बि.एन.एस. कन्ष्ट्रक्सन, ईनरुवा	Concreting of Foundation Vertical faces in Drain wall RCC 1:2:4	१७.५१	१६४७३। ९७	१४४२०। ००	३३९६५	,, ,,
९.	नगरपालिका पूँजिगत	४९७। ०८१। ३।२२	पालिका परिसरको भवनमा तला थप गर्ने कार्य	संसरी आर्किटेक्टस एण्ड बिल्डर्स प्रा.लि., ईनरुवा, सुनसरी	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:6 C/S	६५.१४	१७९४८	१६०३८	१२४४१७	तरा साई २५ mm औष थान हुनु ईट्टा मिट भएव जिह रू.
१०.	नगरपालिका पूँजिगत	३६३। ०८१। २।२९	पालिका परिसरको भवनमा तला थप गर्ने कार्य	खुस्बु कन्ष्ट्रक्सन, भोक्राहा नरसिंह-६, सुनसरी	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:6 C/S	२०.६०	१७२२२	१५५३१। ५०	३४८२४	,, ,,
११.	नगरपालिका पूँजिगत	४७६। ०८१। ३।१९	पालिका परिसरको भवनमा तला थप गर्ने कार्य	न्यु मन्सुरी निर्माण सेवा., ईनरुवा, सुनसरी	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:6 C/S	११.२७	१७९४८	१६०३८	२१५२६	,, ,,
१२.	नगरपालिका	४६६।	वडा नं. ७ स्थित	माँ बिन्ध्यबासिनी	FIRST CLASS	१५.४१	१७९४८	१६०३८	२९४३३	,, ,,

	पूँजिगत	०८१।३।२८	जमुवा चोकदेखि मुसहरी खवास टोलहुँदै वडा कार्यालय सम्मको सडक कालोपत्र	कन्ष्ट्रक्सन प्रा.लि.	CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:6 C/S					
१३.	नगरपालिका पूँजिगत	४६६।०८१।३।२८	वडा नं. ७ स्थित जमुवा चोकदेखि मुसहरी खवास टोलहुँदै वडा कार्यालय सम्मको सडक कालोपत्र	माँ बिन्ध्यबासिनी कन्ष्ट्रक्सन प्रा.लि.	DRY BRICK LAYING (SOLING) IN SAND	१९.०६	१२८२।०८	१०२७।९२	४८४४	तरा साई २५ mm औष थान मिट प्रयो ४२ १० प्रयो ईट्टा दररे ईट्टा आध
१४.	नगरपालिका पूँजिगत	३९७।०८१।३।६	बाल विकास भवन निर्माण कार्य	कौशिक बन्धु कन्ष्ट्रक्सन प्रा.लि., ईनरुवा	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:4 C/S	७.५०	१८५६९।६६	१६६५९।४०	१४३२७	तरा साई २५ mm औष थान हुनु ईट्टा मिट भए जिह आ. को ईट्टा
१५.	नगरपालिका पूँजिगत	३३९।०८१।२।२३	पशु सेवा केन्द्रभित्र कम्पाउण्ड वाल तथा टेबिज घर बनाई माटो पुर्ने कार्य	मन्सुरी निर्माण सेवा, बबिया-१, सुनसरी	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:4 C/S	१७.९७	१८५६९।६६	१६६५९।४०	३४३२७	,, ,,
१६.	नगरपालिका पूँजिगत	३३८।०८१।२।२२	२ नं. वडा कार्यालय भवन निर्माण	एस.के. कन्ष्ट्रक्सन, ईनरुवा	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:4 C/S	६८.७३	१८५६९।६६	१६६५९।४०	१३१२९२	,, ,,

१७.	नगरपालिका पूँजिगत	२९६। ०८१। २।९	भु.पु.प्रहरी भवन निर्माण	बिवस कन्ष्ट्रक्सन, सुनसरी	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:6 C/S	१५.४३	१७९४८	१६०३८	२९४७१	,, ,,
१८.	नगरपालिका पूँजिगत	२५०। ०८१। १।१७	सुनसरी बहुमुखी क्याम्पस कम्पाण्ड वाल तथा गेट निर्माण	जल्पापुर मुस्लिम निर्माण सेवा, ईनरुवा	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:4 C/S	४७.१२	१७२२२	१५५३१। ५०	७९६५६	,, ,,
१९.	नगरपालिका पूँजिगत	२२५। ०८१। १।९	अम्बिका कन्ष्ट्रक्सन, ईनरुवा	पक्की नाला निर्माण, ईनरुवा-६	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:4 C/S	१७.६४	१८५६९। ६६	१६६५९। ४०	३३६९७	,, ,,
२०.	नगरपालिका पूँजिगत	१७८। ०८०। १२।९	न्यु मन्सुरी निर्माण सेवा, सुनसरी	टि.एन.के बलाहा बहुमुखी क्याम्पसमा निर्माण ,	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:4 C/S	१७.३१	१८५६९। ६६	१६६५९। ४०	३३०६७	,, ,,
२१.	नगरपालिका पूँजिगत	८९। ०८०। ९।२३	आर.एस.कन्ष्ट्रक्सन, जनकपुर-१३	गुन्द्री बजारमा टिनको छाना लगाउने कार्य	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:4 C/S	१०.४६	१८५६९। ६६	१६६५९। ४०	१९९८१	,, ,,
<u>गत बर्षको भुक्तानी</u>										
२२.	नगरपालिका पूँजिगत	३२। ०८०। ६।२४	ए.के. कन्ष्ट्रक्सन, भोक्राहा	ड्रेन कन्ष्ट्रक्सन कार्य वडा नं.२,५,६ र ८	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:4 C/S	४१०.६४	१५४७६। ९१	१३९०७। १६	६४४६०२	तरा साई २५ mm औष थान हुनु ईट्टा मिट भए जिह २० लाि प्रति
२३.	नगरपालिका	८९।	बराहा निर्माण सेवा,	वडा कार्यालय भवन	FIRST CLASS	६८.२९	१५४७६।	१३९०७।	१०७१९८	,, ,,

	पूँजिगत	०८०।९।२३	सुनसरी	निर्माण गर्ने कार्य	CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:4 C/S		९१	१६		
२४.	नगरपालिका पूँजिगत	७८।०८०।९।२	टेम्पो स्टेण्डदेखि जिल्ला अस्पताल पश्चिम गेटसम्म पक्की नाला निर्माण	निकिता एण्ड राज कन्ष्ट्रक्सन प्रा.लि., सुनसरी	FIRST CLASS CHIMNEY (BHATTA) BRICK MASONRY WORK 1:4 C/S	२८६.६६	१५४७६।९१	१३९०७।१६	४४२२५९	,, ,,
२५.	नगरपालिका पूँजिगत	८९।०८०।९।२३	बराहा निर्माण सेवा, सुनसरी	वडा कार्यालय भवन निर्माण गर्ने कार्य	Concreting of Foundation Vertical faces in Drain wall RCC 1:2:4	६४.११	१६०८९।२०	१२६९८।६६	२१७३६८	सड नम्र 1:2 नभ बिभ 1:2 अनु कार स्वी उल्ले भन्द Co गरेव दरले भए
२६.	नगरपालिका पूँजिगत	७८।०८०।९।२	टेम्पो स्टेण्डदेखि जिल्ला अस्पताल पश्चिम गेटसम्म पक्की नाला निर्माण	निकिता एण्ड राज कन्ष्ट्रक्सन प्रा.लि., सुनसरी	Concreting of Foundation Vertical faces in Drain wall RCC 1:2:4	८४.०१	१६०८९।२०	१२६९८।६६	२८४८३९	,, ,,
२७.	नगरपालिका पूँजिगत	७८।०८०।९।२	टेम्पो स्टेण्डदेखि जिल्ला अस्पताल पश्चिम गेटसम्म पक्की नाला निर्माण	निकिता एण्ड राज कन्ष्ट्रक्सन प्रा.लि., सुनसरी	DRY BRICK LAYING (SOLING) IN SAND	५२०.९८	११८९।५६	९५४।५८	१२२४२०	तरा साई २५ mm औष थान मिट प्रयो ४२ १० प्रयो ईट्टा दररे आ. मा

										प्रति आध
								जम्मा	४१४२६६४	

(विस्तृत विवरण बेरूजु दफा ७२.९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	४१,४२,६६४

७२.१० **ट्याक कोटमा नर्म्सको पालनाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । सडक विभागबाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 -BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औषत ०.४ देखि ०.६ सम्म हुने उल्लेख छ। पालिकाले देहाय सडक कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण बढीमा ०.६० लिटर प्रति बर्गमिटर भन्दा देहाय बमोजिम बढी हुने गरी लागत अनुमान तयार गरेको पाईयो । यसरी बढी लागत अनुमान तयार हुन गएको कारण योजना समापन हुँदा बढी देखियो । यसरी स्वीकृत नर्म्सको पालना नभएको कारण रू. ४,४७,६६४।- बढी ब्ययभार परेको पाईयो । उक्त रकम नियमित हुनुपर्दछ ।

क्र.स.	ब.उ.शि.नं.	गो. भौ. नं./ मिति	योजनाको नाम	निर्माण व्यवसायी	आईटमवाईज कार्य	शुरु ल.ई. अनुसार ट्र्याक कोट प्रयोग हुने क्षेत्रफल (बर्ग मिटर)	शुरु ल.ई. अनुसार ट्र्याक कोट प्रयोग भएको परिमाण (लि.)	ल.ई. अनुसार खपत हुनुपर्ने परिमाण (लि.) १ बर्ग मिटर=०.६ लि. का दरले	वढी खपत परीमाण लि	दर (मू.अ.कर सहित)	बढी ब्यभार परेको
१.	नगरपालिका पूँजिगत	४६६। ०८१। ३।२८	वडा नं. ७ स्थित जमुवा चोकदेखि मुसहरी खवास टोलहुँदै वडा कार्यालय सम्मको सडक कालोपत्र	माँ बिन्ध्यबासिनी कन्ष्ट्रक्सन प्रा.लि.	Providing & applying track coat MC 30/70	६१२५	६१२५	३६७५	२४५०	१८२.७२	४४७६६४
										जम्मा	४४७६६४

(विस्तृत विवरण बेरूजु दफा ७२.१० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	४,४७,६६४

७३ **सार्वजनिक निर्माण व्यवस्थामा देखिएका अन्य व्यहोराहरु**

७३.१ **अमानतबाट कार्य:-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा सार्वजनिक निकायले १ लाख रुपैयामा नबढाई अमानतबाट काम गराउन सक्ने उल्लेख छ । पालिका अन्तर्गत विभिन्न वडामा विभिन्न निर्माण कार्यको लागि विभिन्न भौचरबाट अमानतबाट काम गराई भुक्तानी भएको छ । उक्त योजनाहरुको अनुगमन प्रतिवेदन समावेश नभएको, कामसँग सम्बन्धित फोटो

नराखेको हुँदा मूल्याङ्कन अनुसारको काम भएको सम्बन्धमा विश्वस्त हुने आधार रहेन । नियमावलीको प्रावधान विपरित योजनाहरु टुक्र्याई अमानतबाट काम गराई भुक्तानी गरेको नियमसम्मत नदेखिएको रू.

क्र.स.	ब.उ.शि.नं.	गो.भौ./ मिति	योजनाको नाम	भुक्तानी पाउने कर्मचारी/फर्मको नाम	बिजक नं./मिति	भुक्तानी रकम रू.	
१.	नगरपालिका पूँजिगत	५४८। ०८१। ३।२४	सरकारी वकिल कार्यालको कम्पाण्ड वाल निर्माण	तोया प्रसाद खतिवडा (कार्यालय सहयोगी वडा नं.-५)	विभिन्न	८८६२८	
२.	नगरपालिका पूँजिगत	५२७। ०८१। ३।२३	अति आवश्यक सानातिना सडक मर्मत तथा फुटकर योजना	रोशन कुमार यादब (वडा नं.-१० सचिव)	विभिन्न	८२९४०	
३.	नगरपालिका पूँजिगत	५१८। ०८१। ३।२३	शिव मन्दिर अधुरो निर्माण	नितेश कुमार सिंह (कार्यालय सहयोगी वडा नं.-७) मार्फत ॐ सत्यसाई ट्रेडर्स, ईनरुवा-५	३५११।०८०।८। ५	३९९९३	
४.	नगरपालिका पूँजिगत	५१४। ०८१। ३।२३	वडा नं. ४ स्थित बस पार्कदेखि महानन्द पार्कसम्म पक्की नाला सफाई	सतु मण्डल (सरसफाई सुपरभाईजर)	-	९४८७५	
५.	नगरपालिका पूँजिगत	४९९। ०८१। ३।२२	ईनरुवा-५, हुँदै ईनरुवा-६ को नयाँबाटोमा ट्र्याक खोल्ने	तोया प्रसाद खतिवडा (कार्यालय सहयोगी)	३१०, ३१५-३१८	९४५३८	
६.	नगरपालिका पूँजिगत	४७८। ०८१। ३।१९	सुन्दरम गृल स्टील आल्मुनियम, ईनरुवा	अजय कुमार देव (सहायक कम्पुटर अपरेटर वडा नं.-१०)	०७।०८१।३। १३	९९५००	
७.	नगरपालिका पूँजिगत	४१८। ०८१। ३।१२	साबिक बबिया-१, वडा कार्यालयको छेउको अधुरो आर.सि.सी. ढलान गर्ने कार्य	मन्जु पोखरेल (कार्यालय सहयोगी वडा नं.-९)	विभिन्न	८८९४२	
८.	नगरपालिका पूँजिगत	४१७। ०८१। ३।१२	अति आवश्यक सानातिना सडक तथा फुटकर योजना मर्मत	उमेश मरिक (सरसफाई कर्मचारी वडा नं.-९)	विभिन्न	९११४७	
९.	नगरपालिका पूँजिगत	४१६। ०८१। ३।१२	अति आवश्यक सानातिना सडक तथा फुटकर योजना मर्मत	ओसिम आलम (कार्यालय सहयोगी वडा नं.-९)	विभिन्न	९६१४७	
१०.	नगरपालिका पूँजिगत	४१४। ०८१। ३।१२	भुक्षय नियन्त्रण कार्य	राजेश मण्डल (सहायक कम्पुटर अपरेटर वडा नं.-८)	विभिन्न	९८६८२	
११.	नगरपालिका पूँजिगत	२०१। ०८०। १२।२१	अति आवश्यक सानातिना सडक तथा फुटकर योजना मर्मत	जय नारायण उराव (का.स. वडा नं.४)	विभिन्न	९०१६५	
१२.	नगरपालिका पूँजिगत	१६५। ०८०। १२।६	फुटकर योजना	पुष्पा खरेल निरौला (कम्पुटर अपरेटर वडा नं.-५)	विभिन्न	४६९५४	
१३.	नगरपालिका पूँजिगत	१२३। ०८०।	फुटकर योजना	उमेश थापा (कम्पुटर अपरेटर)	विभिन्न	८४०४२	

		११।६					
१४	नगरपालिका पूँजिगत	९०। ०८०। ९।२३	सानातिना फुटकर योजनाहरु	क्षितिज निरौला (खरिदार-वडा नं.१)	विभिन्न	७०७९०	
१५.	नगरपालिका पूँजिगत	५८। ०८०। ८।२६	अति सानातिना सडक मर्मत तथा फुटकर योजना (धर्मराज कन्ष्ट्रक्सन, ईनरुवा-२, सुनसरी)	सभ्यता निरौला (सहायक कम्पुटर अपरेटर. वडा-२)	५।०८०।८।१९	९६६१५	
१६.	नगरपालिका पूँजिगत	३९। ०८०। ७।२३	अति सानातिना सडक मर्मत तथा फुटकर योजना	नितेश कुमार सिंह (कार्यालय सहयोगी वडा नं.-७) मार्फत ॐ सत्यसाई ट्रेडर्स, ईनरुवा-५	विभिन्न	९९८१३	
१७.	नगरपालिका पूँजिगत	५। ०८०। ५।१०	सानातिना फुटकर योजनाहरु	सतु मण्डल (सरसफाई सुपरभाईजर)	विभिन्न	९६१८६	
गत आ.व.को भुक्तानी बाँकी							
१८.	नगरपालिका पूँजिगत	३८। ०८०। ६।२९	साबिक बबिया ६ खत्वे टोल शुक्र हाटदेखि पूर्ब यादब टोलको बाटो ग्राभेल	मन्जु पोखरेल (कार्यालय सहयोगी वडा नं.-९)	विभिन्न	९८९४६	
१९	नगरपालिका पूँजिगत	४०। ०८०। ६।३०	सानातिना सडक मर्मत	उमेश मरिक (सरसफाई कर्मचारी वडा नं.-९)	विभिन्न	९८९४६	
२०.	नगरपालिका पूँजिगत	७०। ०८०। ८।१७	अन्य सार्वजनिक निर्माण कार्य (बराह कन्क्रिट उधोग	तोया प्रसाद खतिवडा (कार्यालय सहयोगी वडा नं.-५)	२४।०८०।८। १२	९९५०९	
२१.	नगरपालिका पूँजिगत	६९। ०८०। ८।१७	अन्य सार्वजनिक निर्माण कार्य (बराह कन्क्रिट उधोग	छितिज निरौला (सहायक चौथो वडा नं.-१)	२३,२२/२०८०। ८।१२	७१३५४	
					जम्मा	**१८२८७१२**	

(विस्तृत विवरण बेरूजु दफा ७३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	१८,२८,७१२

७३.२ **परामर्श सेवा खरिदः-** पालिकाबाट बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र डिपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस्तो अध्ययन कार्य गराउँदा स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डि.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयकै प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्नेतर्फ ध्यान दिनु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । कार्यालयमा प्राप्त प्रतिवेदनहरु म.ले.प.फा.नं. ४०८ मा दाखिला समेत नभएको हुँदा दाखिला भएको प्रमाण पेश हुनु पर्दछ । कार्यालयले आवश्यकताको पहिचानको आधारमामात्र डि.पी.आर. तथा अन्य बिषयगत प्रतिवेदन र सफ्टवेयर तयार गर्ने साथै आवश्यकता बेगर डि.पी.आर, अन्य सामाजिक प्रभाव अध्ययन प्रतिवेदन तथा सफ्टवेयर बनाउने कार्यमा नियन्त्रण हुनु पर्दछ।

क्र.स.	ब.उ.बि.नं.	गो.भौ./ मिति	परामर्शदाताको नाम	अध्ययनको बिषय	आयोजनाको लागत (मू.अ.कर सहित)	लागत अनुमान (मू.अ.कर सहित)	भुक्तानी रकम (मू.अ.कर सहित)	कार्यान्वियनको अवस्था	कैफियत
१.	नगरपालिका पूँजिगत (गत बर्षको बक्यौता)	७। ०८०। ५।१०	शान्ता एण्ड सन्स कन्सल्टेन्टस् प्र.लि., मिलनचोक, काठमाण्डौ	DPR of Different Road	५५९८९८०१५	१००००००	९६९१५५	लेखापरीक्षण अवधिसम्म ठेक्का पट्टा नभएको	दाखिला नभएको
						जम्मा	**९६९१५५**		

(विस्तृत विवरण बेरूजु दफा ७३.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	९,६९,१५५

७३.३ **पूर्व निर्धारित क्षतिपूर्तिः** सार्वजनिक-खरिद-नियमावली-२०६४ को नियम १२१ (क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ । पालिकाले निम्न फर्महरुबाट परामर्श सेवा खरिद गर्ने गरी सम्झौता भएकोमा तोकिएको अवधिमा कार्य सम्पन्न भएको पाईएन ।उक्त ठेक्काका निर्माण व्यवसायीले समयमा काम सम्पन्न गर्न नसक्ने अवस्था सृजना भएमा कारण सहित म्याद थपका लागि निबेदन नदिएको साथै पालिकाले पनि म्याद थपको जानकारी गराएको पाईएन । यसरी तोकिएको अवधिभित्र कार्य सम्पन्न नगर्ने फर्महरुबाट नियमावलीमा भएको व्यवस्था अनुसार पूर्ब निर्धारित क्षतिपूर्ति असुल गरेको नपाईएको हुँदा गणना गरी रू. २४,७७९।- असुल हुनुपर्दछ ।

क्र.स.	गो.भौ./ मिति	परामर्श फर्मको नाम	कामको बिवरण	सम्झौता रकम (मू.अ.कर बाहेक)	कार्य सम्पन्न हुनुपर्ने मिति	कार्य सम्पन्न भएको मिति	पूर्ब निर्धारित क्षतिपूर्ति लाग्ने दिन संख्या	पूर्ब निर्धारित क्षतिपूर्ति रकम रु.
१.	७। ०८०। ५।१०	शान्ता एण्ड सन्स कन्सल्टेन्टस् प्र.लि., मिलनचोक, काठमाण्डौ	DPR of Different Road	८८४९५६	२०८०।३। १५	२०८०।५। ८	५६	२४७७९
							जम्मा	**२४७७९**

(विस्तृत विवरण बेरूजु दफा ७३.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	२४,७७९

७३.४ **कर नलाग्ने बस्तुमा मू.अ.करः** मू.अ.कर ऐन,२०५२ को अनूसुचि-१ समूह-४ कृषि सामग्रीमा मूल्य अभिबृद्धि कर नलाग्ने ब्यहोरा उल्लेख छ । पालिकाले निम्नानुसारका कृषि सामग्री खरिद बापत मू.अ.कर समेत भुक्तानी गरेको पाईयो । यसरी ऐनले दिएको छुटबाट कर नलाग्ने बस्तुमा भुक्तानी भएको मू.अ.कर रू. १६,०२७।- दाखिला गरेको वा समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा सम्बन्धित फर्मबाट असुल गर्नुपर्दछ ।

क्र.स.	ब.उ.शि.नं.	गो.भौ./ मिति	फर्मको नाम	मालसामानको नाम	परिमाण	भुक्तानी दर (मू.अ.कर सहित)	कुल भुक्तानी रकम (मू.अ.कर सहित) रू.	असुल भएको मू.अ.कर रकम रू.
१.	पालिका पूँजिगत	५३६। ०८१।३। २३	मन्सुरी एण्ड सप्लायर्स, वविया-१, सुनसरी (३०००१८६५९)	डेण्ड स्प्रेयर	१९	४७००। ८०	८९३१५	१०२७५
२.	संघिय शसर्त	१९। ०८०।६। २४	न्यु कुशवाह कृषि औजार एण्ड ईलेक्ट्रिक सप्लायर्स, ईनरुवा (६१८७७५१५०)	स्प्रे टेङ्की	१०	५०००। ००	५००००	५७५२
							जम्मा	**१६०२७**

(विस्तृत विवरण बेरूजु दफा ७३.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	१६,०२७

७३.५ **बेस कोर्सको भुक्तानी:** ६१।०८०।८।११ पालिकाले टेम्पो स्टेण्डदेखि जिल्ला अस्पताल पश्चिम गेटसम्म पक्की नाला तथा कालोपत्र गर्ने कार्यका लागि निकिता एण्ड राज कन्ष्ट्रक्सन प्रा.लि. बाट कार्य गराई आ.व. २०७९।८० मा नै ठेक्का सम्पन्न भएको देखियो ।तोकिएको निर्माण स्थलको सम्पूर्ण चेनेजमा गत बर्षसम्म कालोपत्र गर्ने कार्य पूर्ण रुपमा सम्पन्न भएकोमा सोही च्यानेजमा निर्माण व्यवसायी हरिना निर्माण सेवाबाट आईटमवाईज कार्य Providing & laying crusher run macadam on prepared surface, spreading, mixing, watering & compacting of base course गराएकोसंम्लग्न प्रमाणबाट देखियो । साधारणतया Asphalt/Premix Carpeting सम्बन्धी खर्च गर्नुभन्दा पहिला नै Base Course सम्बन्धी कार्य सम्पन्न गरिन्छ । पहिलानै कालोपत्र गरिसकेको सडकमा बेस कोर्श गर्नुपर्ने अवस्था कसरी श्रृजना भएको हो सोको आवश्यकता र औचित्य पुष्टी हुन सक्दैन । पालिकाले योजनाको ठेक्का फाईलमा बेस कोर्श गर्नुपर्नाको कारण खुलाएको समेत पाईएन । यसरी पहिला नै भई सकेको कार्यका लागि एकै प्रकृतिको कार्य दोहोर्‍याएर गर्नु नियमसम्मत र औचित्यपूर्ण देखिएन । यसरी योजनासँग असम्बन्धित कार्य (Unrelated Works) बापत भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

क्र.सं.	ब.उ.शि.नं.	योजनाको नाम	निर्माण व्यवसायीको नाम	आईटमवाईज कार्यको नाम	खुद भएको कार्य	भुक्तानी दर (मू.अ.कर सहित)	कुल भुक्तानी रू.
१.	नगरपालिका पूँजिगत (गत बर्ष)	टेम्पो स्टेण्डदेखि जिल्ला अस्पताल पश्चिम गेटसम्म पक्की नाला तथा कालोपत्र गर्ने कार्य	हरिना निर्माण सेवा	Providing & laying crusher run macadam	२८०.२५	३५४८।२०	९९४३८३
						जम्मा	**९९४३८३**

(विस्तृत विवरण बेरूजु दफा ७३.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	९,९४,३८३

७३.६ **योजनाको कार्य खण्डिकरण:-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(१) खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिसो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नु पर्ने भएमा यस नियमावली बमोजिमको प्रक्रिया पूरा गरी जारी गर्नु पर्ने व्यवस्था छ । पालिकाले अधुरो सभाहल निर्माण कार्य, वडा नं.-८ (ठेक्का नं.INRBUILDING/06/080/81) को साईट निर्माण व्यवसायी बि.एन.एस. कन्ष्ट्रक्सन, ईनरुवालाई सडक निर्माण कार्यको साईट उपलब्ध गराएपछि तोकिएको निर्माण कार्य सम्पन्न नहुँदै सोही निर्माण स्थल भित्र विभिन्न निर्माण कार्य थप २ वटा निर्माण व्यवसायीबाट सोझै कोटेशनमा गराएको पाईयो । यसरी शुरुको निर्माण व्यवसायीलाई साईट उपलब्ध गराई सेकेपछि सो साईटमा कार्य थपघट हुने अवस्था सृजना भएमा भेरिएशन आदेश जारी गर्ने, भेरिएशन आदेशबाट परिमाण थपघट गर्न नसकिने अवस्था श्रृजना भएमा उपलब्ध गराएको आयोजना स्थलमा आईपर्ने सामान्य दायित्व निर्माण व्यवसायीले ब्यहोर्ने असल अभ्यास रहेको पाईन्छ । यसरी एकै योजनाको फरक फरक कार्य अलग अलग गराएको कारण निर्माण कार्यको OVER LAPPING भई दोहोरो नापी हुन

सक्ने, एउटा निर्माण व्यवसायीको दायित्व भित्रको कार्य अर्को निर्माण व्यवसायीबाट भई भुक्तानी हुने सम्भावना रहन्छ।उल्लेखित योजनाहरुको कार्यस्थलमा गर्नुपर्ने कार्यको DEMARCATION नगरेको, केहि आईटमवाईज कार्य अलग अलग ठेक्कामा रहेको कारण काममा दोहोरोपन भए नभएको एकिन गर्न सक्ने अवस्था छैन । यसरी ठेक्कापट्टा व्यवस्थापन भएको एउटै निर्माण स्थलमा कोटेशनबाट थप कार्य गराउनुको कारण पालिकाबाट स्पष्ट नहुदा उक्त कार्य नियमसम्मत देखिएन ।

क्र.स.	ब.उ.शि.नं.	गो.भौ./मिति	योजनाको नाम	निर्माण व्यवसायीको नाम	बिजक नं./ मिति	भुक्तानी रकम
१	संघिय शसर्त पूँजिगत	३६।०८०।१२।६	अधुरो सभाहल निर्माण, वडा नं.-८	बि.एन.एस. कन्ष्ट्रक्सन, ईनरुवा	०५।०८०।११।२४	१६३७८९४।००
२	संघिय शसर्त पूँजिगत	३४।०८०।१२।६	अधुरो सभाहल निर्माण, वडा नं.-८	श्रेष्ठ निर्माण सेवा, ईनरुवा-१, सुनसरी	०१।०८०।११।३०	४९३९२१।९०
३	नगरपालिका पूँजिगत	११८।०८१।३।२३	वडा नं.-८ स्थित सभा हलमा बाँकी ठाँउमा जस्ता पाता घेराबार गर्ने कार्य	साईबावा कन्ष्ट्रक्सन, छिटाहा-४, सुनसरी	१५।०८१।३।२३	४९६४२०।००
					जम्मा	२६२८२३६।००

अनियमित भएको	२६,२८,२३६

७४ **मसलन्द तथा कार्यालय सामग्री सोझै खरिद:**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नु नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक नियमावलीले तोकेको सिमा भन्दा बढी रकमको वा एउटै ब्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद नसकिने व्यवस्था छ । त्यस्तै सोही नियमावलीको नियम ८४(१) अनुसार सार्वजनिक निकायले बीस लाखसम्म लागत अनुमान भएको सार्वजनिक खरिद वा मालसामान शिलबन्दी दरभाउ पत्रको माध्यमबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकालाई वर्ष भरिमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा वडा कार्यालयहरुको समेत गरी मसलन्द तथा कार्यालय सामानमा रु ५०,२६,३०३।-खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्याकेज बनाई प्रतिस्पर्धात्मक रुपले खरिद प्रकृया अवलम्बन गरी खर्चमा मितव्ययी अपनाउनु पर्दछ ।

७५ **पूजिंगत खर्च शिर्षक तर्फ देखिएका व्यहोराहरुः**

७५.१ **स्वीकृत कार्यक्रम बिपरित खर्च:-** आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन, २०७६ दफा १९ मा स्वीकृत बजेट र कार्यक्रमको कार्यान्वियन र नियमावली २०७७ को नियम २३ र ३८ मा कार्यक्रम संशोधन र खर्चको व्यवस्था गरेको छ । ऐन तथा नियमावलीको व्यवस्था अनुसार एक खर्च शिर्षकमा बिनियोजित रकम रकमान्तर तथा श्रोतान्तर नगरी अन्य शिर्षकमा खर्च गर्न हुदैन । पालिकाले सार्वजनिक निर्माणका लागि बिनियोजित बजेटबाट निम्नानुसार अन्य कार्यक्रममा खर्च गरेको पाईयो । यसरी स्वीकृत कार्यक्रम बिपरित भएको खर्च आवश्यक प्रकृया पुरा गरी नियमित हुनु पर्दछ ।

सि.न.	ब.उ.शि.नं.	गो.भौ./ मिति	स्वीकृत कार्यक्रमको नाम	बजेट रकम	खर्च भएको कार्यक्रमको नाम	बजेट खर्च रकम रू.
१.	नगरपालिका पूँजिगत	४२७। ०८१। ३।१४	सरस्वती आधारभुत बिद्यालयमा चिप्लेटी, पिङ्ग तथा रंगरोगन र अन्य आवश्यक कार्य	३०००००	८ नं. स्थित सरस्वती स्कुलदेखि दक्षिण जाने बाटो र सतखोलिया सडक निर्माण	३०००००
२.	नगरपालिका पूँजिगत	४१२। ०८१। ३।११	सरस्वती स्कुलदेखि पश्चिम दक्षिण जाने बाटो सत्खोलियाको मुल सडकसम्म माटो पुरी बाटो जोडने कार्य	४९०१८२	चिप्लेटी, पिङ्ग निर्माण, प्लाष्टर गरी रंग लगाउने कार्य	४९०१८२
					जम्मा	**७९०१८२**

(विस्तृत विवरण बेरूजु दफा ७५.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

अनियमित भएको	७,९०,१८२

७५.२ **प्रारम्भिक बातावरणिय प्रभाव मूल्याङ्कन (IEE):-** ८३९।०८०।१०।१८ पालिकाले आफ्नो मातहतको Dumping Site को प्रारम्भिक बातावरणिय प्रभाव मूल्याङ्कन (IEE) बापत भुक्तानी गरेको पाईयो । कार्यालयहरुले प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कनको कार्य सकेर प्रतिवेदन संघ/प्रदेश वन मन्त्रालयबाट स्वीकृत भएपछि मात्र कार्यान्यिन गर्ने प्रचलन रहेको छ। ईनरुवा नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८० को दफा १४ को उपदफा-१ बमोजिम गठित प्राबिधिक समितिमा पठाउनु पर्ने व्यवस्था रहेको पाईयो । उक्त समितिमा पूर्बाधार विकास तथा वातावरण शाखा प्रमुख-संयोजक, आयोजना तथा कार्यक्रमसँग सम्बन्धित क्षेत्रको बिषयको बिज्ञ-सदस्य र वातावरण तथा बिपत व्यवस्थापन बिषय हेर्ने महाशाखा/शाखा/इकाई प्रमुख-सदस्य सचिव समेत ३ सदस्य रहने व्यवस्था गरेको छ। समितिले आवश्यकता अनुसार वन कार्यालय, सम्बन्धित बिषयगत निकायका प्रमुख तथा प्रातिनिधि वा बिषय बिज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।पालिकाले कार्यविधिमा उल्लेख भए बमोजिम प्रतिवेदन पारित गर्नका लागि सम्बन्धित क्षेत्रको बिज्ञता भएको सदस्य सहितको समिति गठन गरी Dumping Site को IEE प्रतिवेदन स्वीकृत गरेको पाईएन । यसरी आमन्त्रित वन तथा वातावरण बिज्ञ सहितको टोलीले प्रतिवेदन अध्ययन गरी सोमा भएका कमी कमजोरीहरु सच्याएरमात्र पारित गर्नुपर्नेमा समिति समेत गठन नगरी कार्यपालिकाबाट स्वीकृत गरिएको हुँदा प्रतिवेदनको गुणस्तर र बिश्वासनियतामा आश्वस्थ हुन सक्ने अवस्था छैन IEE & SIA of Dumping Site सम्बन्धी ठेक्काको RFP फाईल लेखापरीक्षणका लागि पेश समेत नभएको हुँदा छनौट भएको फर्म तथा जनशक्तिको योग्यता र कार्य अनुभवको बारेमा एकिन गर्न सकिएन । साथै प्रतिवेदनहरु म.ले.प.फा.नं. ४०८ मा दाखिला समेत नभएको हुँदा दाखिला भएको प्रमाण पेश हुनु पर्दछ । परामर्श सेवा खरिद प्रकृया सम्बन्धमा आवश्यक छानबिन तथा प्रतिवेदनको गुणस्तरियताको परीक्षण गर्नु पर्दछ ।

क्र.स.	ब.उ.शि.नं.	गो.भौ./ मिति	परामर्शदाताको नाम	अध्ययनको बिषय	आयोजनाको लागत (मू.अ.कर सहित)	IEE & SIAप्रतिवेदन तयारी खर्च	IEE& SIA प्रतिवेदन तयारीमा भएको खर्च (मू.अ.कर सहित)	कैफियत
१.	नगरपालिका चालु	८३९। ०८०। १०। १८	शान्ता एण्ड सन्स कन्सल्टेन्टस् प्र.लि., मिलनचोक, काठमाण्डौ	IEE & SIA of Dumping Site	आयोजनाको लागत आवश्यक नपर्ने	**४८३५२७**	**४८३४९९**	दाखिला नभएको हुँदा दाखिला हुनुपर्ने
						जम्मा	**४८३४९९**	

(विस्तृत विवरण बेरूजु दफा ७५.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	४,८३,४९९

७५.३ **जिन्सी हस्तान्तरण:-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई, कुनै बस्तुगत सहायत वा कुनै प्रकारले प्राप्त हुन आएको

सम्पती तथा जिन्सी मालसामानको बिवरण र मूल्य समेत खुलाई सम्पती तथा जिन्सी खातामा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गरी राख्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।पालिकाले विभिन्न वडा कार्यालय ताथ स्वास्थ्य चौकीहरुलागि खरिद गरेका निम्नानुसारका खप्ने प्रकृतिका मालसमानहरु कार्यालयको केन्द्रिय जिन्सीमा आम्दानी जनाई विभिन्न वडा कार्यालय र स्वास्थ्य केन्द्रहरुका लागि हस्त्रान्तरण गरी खर्च जनाएको पाईयो ।साथै केहि मालसामानहरु कार्यालयमा समेत दाखिला समेत गरेको पाईएन। पालिका मातहतका वडा कार्यालयहरु Cost Centre को रुपमा नरहने हुँदा छुट्टै खर्च भएर नजाने जिन्सी खाता राख्न मिल्ने देखिदैन । यसरी कार्यालय मातहतका इकाईहरुलाई स्थायी प्रकृतिका मालसामानहरु उपलब्ध गराउँदा छुट्टा छुट्टै सहायक जिन्सी खाता प्रयोगमा ल्याउनु पर्ने देखिन्छ । कार्यालयले वडा कार्यालयहरुको नाममा खर्च जनाईएका तथा मातहत कार्यालयमा सोझै दाखिला भएका मालसमानहरु कार्यालयको मुल जिन्सीमा पुन आम्दानी जनाएको प्रमाण पेश हुनु पर्दछ ।

क्र.स.	**ब.उ.शि.नं.**	**गो.भौ./ मिति**	**मालसामान सप्लाईकर्ता फर्मको नाम**	**बिजक नं./मिति**	**मालसामानहरुको बिवरण**	**संख्या**	**कुल भुक्तानी रू.**	**कैफियत**
१,	नगरपालिका पूँजिगत	१९२। ०८०। १२।२५	श्री हरि ट्रेडर्स	१९। ०८०। ९।२३	Weber BL Fridge	१	३००००	स्यास्थ्य चौकी, वडा नं.-८
२.	नगरपालिका पूँजिगत	२९। ०८०। ६।२९	ग्यालेक्सी कम्पुटर पोईन्ट, ईनरुवा	१९। ०८०। ६।३०	Dell Vostro I5 16 GB,256/1 TB HDD, 2GB Graphics	१	९७०००	वडा नं.-८ का लगि खर्च जनाईएको
३.	संघिय सरकार हस्तान्तरित कार्यक्रम पूँजिगत	५५। ०८१। २।२५	लुम्बिनी लाईफ केयर सेन्टर प्रा.लि., काठमाण्डौ	०७६। ०८१। १।३०	Patient N4 Thermal Bed	१	३०००००	आधारभुत फिजियोथेरापी केन्द्र ईनरुवा-५, का लगि खर्च जनाईएको
					Therapy Machine (MM 250 Mat)	१	११६०००	
४.	संघिय सरकार हस्तान्तरित कार्यक्रम पूँजिगत	४१। ०८०। १२।२८	फिजियोथेरापी ट्रेडर्स, नवलपुर	१२। ०८०। १२। १५	Tens Machine for Phusiotherapy	१	२०३४०	आधारभुत फिजियोथेरापी केन्द्र ईनरुवा-५, का लगि खर्च जनाईएको
					Muscle Stimulator Machine	१	२२६००	
					Ultrasound Physiotherapy Machine	१	२२६००	
					BP Set	१	४५२०	
					Ankle E	१	५०८५	
गत बर्षको भुक्तानी बाँकी								
५	नगरपालिका पूँजिगत	६५। ०८०। ८।१७	लक्ष्मी नारायण ट्रेडर्स, ईनरुवा	६२९। ०८०। ३।२१	२३० ए.एच. ट्युबलर ब्याट्री	१	३६०००	नगर उप-प्रमुखको निजी प्रयोगका लागि खर्च जनाईएको
					१७२४ भि.ए. जेनस ईन्भटर	१	१९०००	
						जम्मा	**६७३१४५**	

(विस्तृत विवरण बेरूजु दफा ७५.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	६,७३,१४५

७५.४ **अन्य कार्यालयको खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा बजेटको सिमा भित्र रही तोकिएको प्रकृया पुरा गरी तोकिएको प्रयोजनामा मात्र खर्च गर्नु पर्दछ । स्थानीय निकायका लागि वित्तीय सामानिकरण अनुदान बापत केन्द्र सरकारबाट प्राप्त रकम छुट्टै बजेट बिनियोजन हुने सरकारी कार्यालयका लागि खर्च गर्न मिल्ने देखिदैन । कार्यालयले विभिन्न सरकारी कार्यालयको भवन निर्माण,मर्मत संभार, बस्तुगत अनुदान तथा अन्य चालु प्रकृतिका खर्चहरु बापत भुक्तानी दिने गरेको

पाईयो । यसरी सार्वजनिक निर्माण,अनुदान, सहायता उपलब्ध गराउनु पर्ने अवस्था श्रृजना भएमा आफ्नो आन्तरिक स्रोतबाट प्राप्त रकमको उपभोग गर्नुपर्नेमा सो समेत गरेको पाईएन । यस्ता प्रकृतिका खर्च गर्दा सम्बन्धित मन्त्रालयको स्वीकृती लिनुपर्नेमा त्यस्तो स्वीकृति पनि लिएको देखिएन । यसरी हुने सार्वजनिक खर्चबाट काममा दोहोरोपना हुन सक्ने, बजेट तथा जिन्सी मालसामानको हिनामिना समेत हुन सक्ने हुँदा यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ । यसरी अनुदान माग्ने कतिपय सरकारी संस्थाले मालासामान जिन्सीमा दाखिला गरेको समेत पाईएन ।पालिकाबाट अनुदानमा प्रदान गरेका मालसामानहरु जिन्सीमा दाखिला भएको प्रमाण समेत सम्लग्न राखी यसता किसिमका खर्च नियमित तथा नियन्त्रण भएको प्रमाण पेश हुनुपर्दछ । केहि उद्दाहरणहरु:-

क्र.स.	ब. उ . शि . नं .	गो. भौ./मिति	सप्लाईकर्ता फर्मको नाम	भुक्तानी पाउने कार्यालय/ संस्था/कामको को नाम	प्रयोजन/कामको बिवरण	भुक्तानी रकम
१	नगरपालिका पूँजिगत	२४३। ०८१।१। १४	BRT INFORMATIC PVT. LTD., Biratnagar	भुमी सुधार तथा मालपोत कार्यालय, सुनसरी	कार्यालय परिसर भित्र ईन्टरब्लक र टायल लगाउने कार्य	४९३१११
२	नगरपालिका पूँजिगत	२३४। ०८१।१। १०	जय ट्रेडर्स, ईटहरी	कोशी प्रदेश प्रहरी कार्यालय, बिराटनगर	Washing Machine 19 KG/12 KG Dry (F2719RVTU)	१९८९९३
३	नगरपालिका पूँजिगत	१९६। ०८०।१२। २०	जय बजरंगवली निर्माण सेवा, सुनसरी	जिल्ला प्रहरी कार्यालय, सुनसरी	प्रहरी बिट निर्माण तथा मर्मत, ईनरुवा-१	२२५०००
					जम्मा	९१७१०४

प्रमाण पेश नगरेको	९,१७,१०४

७५.५ **उपभोक्ता समितिः** सार्वजनिक खरिद नियमावली-२०६४ को नियम, ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधिको बारेमा उल्लेख छ।उपभोक्ता समितिबाट सार्वजनिक निर्माण कार्य गराउँदा फलामे डण्डी, सिमेन्ट, ईट्टा, कर्कटपाता रङ्ग, पाईप जस्ता मूल्य अभिबृद्धि कर लाग्ने निर्माण सामग्रीहरु खरिद गरी कर बिजक पेश गरेको अवस्थामा मात्र उपभोक्ताले तिरेको मूल्य अभिबृद्धि कर थप गरी भुक्तानी दिनुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले निम्न योजनामा उपभोक्ता समितिले पेश गरेको कर बिजकमा उल्लेखित परिमाण र रकमभन्दा बढी भुक्तानी दिएको पाईयो।यसरी उपभोक्ताबाट पेश गरेको कर बिजकमा उल्लेखित रकमभन्दा नापी किताब र कार्यसम्पन्न प्रतिवेदनमा बढी मुल्याङ्कन गरी भुक्तानी भएको रकम असुल गरी राजस्व दाखिला हुनु पर्दछ ।

क्र.स.	उपभोक्ता समितिको नाम	निर्माण सामग्री	इकाई	संख्या	भुक्तानी दर (मू.अ.कर सहित)	पेश भएको बिल अनुसार भुक्तानी हुनुपर्ने दर मू.अ.कर सहित) रू.	बढी भुक्तानी
१	थलाह खोला झोलुङ्गे ट्रस ब्रिज निर्माण	सिमेन्ट	ब्याग	१७३.२८	९०४	६५०	४४०१३
		ईट्टा	वटा	१४८१०	२३.७३	१७.३८	९४०४४
						जम्मा	१३८०५७

असुल गर्नुपर्ने	१,३८,०५७

७६ **स्थलगत निरीक्षणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ (२) मा त्रुटीपूर्ण कार्य अस्वीकार गरी त्यस्ता त्रुटीपूर्ण कार्य गर्ने सेवा प्रदायकबाट प्रतिस्थापन गर्न लगाउनु पर्ने व्यवस्था छ । पालिकाबाट सन्चालित योजना मध्ये संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (पूँजिगत) बाट बलाहा बहुमुखी क्याम्पस जाने बाटोमा आर.सि.सी. ड्रेन सहितको बाटो निर्माण गर्ने कार्यका लागि पालिका र निर्माण

व्यवसायी श्री जल्पापुर मुस्लिम निर्माण सेवा, ईनरुवा-१०, सुनसरीसँग रु.७२,२१,०५९।३४ (मू.अ.कर सहित) मा सम्झौता भएको छ । सम्झौताबमोजिम पालिकाले तेश्रो रनिङ्ग बिलसम्म रु. ५२,६८,६२५।- (मू.अ.कर सहित) भुक्तानी भई सकेको छ । उक्त योजनाको स्थलगत निरीक्षण गर्दा आर.सि.सी. ड्रेनको लाईनिङ्ग नमिली बाङ्गो टिङ्गो भएको, ड्रेनको भित्री भागको प्लाष्टर विभिन्न ठाउँमा उक्किएर झरेको, नाला छोप्ने क्रक्रिट स्ल्याब विभिन्न स्थानमा फुटेको, स्ल्याब फुटेको स्थानमा कंक्रिट भित्र फलामे डण्डी नदेखिएको, नालाको वाल विभिन्न स्थानमा फुटेको, स्लाबको साईज एकै नासको हुनुपर्नेमा लम्बाई, चौडाई नमिली सानो, ठुलो, विभिन्न आकार प्रकारको रहेको, गुणस्तरहिन निर्माण सामग्रीको प्रयोग भएको, सिमेन्टको परिमाण PCC M15 का लगि नर्म्समा तोकिएभन्दा घटी परिमाण प्रयोग भएको, CONCRETE CURING राम्ररी नभएको पाईयो । यस सम्बन्धमा स्थानीय जनताहरुसँग सोधपुछ गर्दा बर्षादको समयमा पानी निकास नभई नालाको बेडबाट सम्पूर्ण पानी घर तथा बस्तीमा छिर्ने गरेको भनाइ रहेको पाइयो । यसरी तोकिएको स्पेशिफिकेसन अनुसारको गुणस्तरीय काम नगर्ने निर्माण व्यवसायीलाई सम्झौता अनुसारको कार्य नगरेको अवस्थामा समेत सम्झौता रकमको करिब ७३% भुक्तानी भएको छ । पालिकाले ठेक्का बिल अनुसारको रकम, धरौटी र कार्यसम्पादन जमानत रोक्का राखी गुणस्तरीय कार्यको सुनिश्चितता भएपछि मात्र बाँकी भुक्तानीको प्रकृया अगाडी बढाउनु पर्ने देखिन्छ ।

आर.सि.सी. नालाको केहि तस्बिरहरु

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : इनरुवा नगरपालिका, सुनसरी , इनरुवा नगरपालिका , सुनसरी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	दशरथ राई	२०७९-५-१६	२०८०-५-१०
कार्यालय प्रमुख	अग्नि प्रसाद अधिकारी	२०८०-५-११	२०८०-११-२७
कार्यालय प्रमुख	दिल्ली राज निरौला	२०८०-११-२७	हाल सम्म कार्यरत
लेखा प्रमुख	अशोक कुमार मेहता	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४,१७४,८२१	४४,८५७,६७४	७,०३०,५०३.८	०	०	२,२५९,४५४
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	५८,३२२,४५२.८
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१,६५०,६१९
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	५६,६७१,८३३.८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		११६९५६९१४.८१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४८४१४८८००	चालु खर्च	४९८४३१५११०.४८
प्रदेश सरकारबाट अनुदान	३२९४००००	पूँजीगत खर्च	१९१३८६७९०.४६
राजश्व बाँडफाँट	११२७५८८६३.३	वित्तीय/अन्य व्यवस्था	२७६१७६०६८.९३
आन्तरिक आय	१३५१८४९७६.२६		
अन्य आय	२८५४९५५५६.५		
कुल आय	१०५०५२८१९६.०६	कुल खर्च	९६५९९४३६९.८७
बाँकी मौज्दात		२०१४९०७४१	

बेरूजु दफा ५९.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

लाभग्राहीको प्रकार	पहिलो त्रैमासिक		दोस्रो त्रैमासिक		तेस्रो त्रैमासिक		चौँथो त्रैमासिक		जम्मा खर्च
	संख्या	खर्च रकम	संख्या	खर्च रकम	संख्या	खर्च रकम	संख्या	खर्च रकम	
अन्य जेष्ठ नागरिक भत्ता	३३७८	४००८९७४६	३४४८	४०९९२०९८	३४८५	४१४५२१५७	३५६३	४२२५६१२७	१६४७९०१२८
जेष्ठ नागरिक भत्ता (दलित)	३४५	२६६७९८०	३४८	२७५५७६०	३४८	२७५३९८७	३४९	२७४७७८०	१०९२५५०७
जेष्ठ नागरिक एकल महिला	५०६	४०२१९२०	५०३	३९९७९८०	४९६	३९३८७२६	४५६	३६२८१५४	१५५८६७८०
विधवा	९९३	७८५२३२०	१०२८	८०८६४००	१०५०	८३००५७६	१०६८	८४४८१६०	३२६८७४५६
पूर्ण अपाङ्गता भत्ता	११०	१२५२८६०	११२	१३१४१७३	११३	१३४०७७८	११२	१३४०६४०	५२४८४५१
अति अशक्त अपाङ्गता भत्ता	२९९	१८४७१०४	३१३	१९८३२९६	३२१	२०३९२६२	३२२	२०५३५२०	७९२३१८२
दलित बालबालिका	७६७	११८५५८५	७७८	११७७२४२	७७१	११७७१९५	७८१	११९३६९०	४७३३७१२
जम्मा	**६३९८**	**५८९१७५१५**	**६५३०**	**६०३०६९४९**	**६५८४**	**६१००२६८१**	**६६५१**	**६१६६८०७१**	**२४१८९५२१६**

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।